वर्ष : १४, अंक : २८, काठमाडौं, २०७५ कार्तिक १६ गते शुक्रबार 2 November 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## सुरक्षा सल्लाहकारमा कायस्थ नियुक्त



काठमाडौं । प्रदेश २ सरकारको सुरक्षा सल्लाहकारमा नेपाल प्रहरीका अवकाशप्राप्त प्रहरी अतिरिक्त महानिरीक्षक एआइजी विजयलाल कायस्थ नियुक्त भएका छन् । आन्तरिक मामिला तथा कानुनमन्त्री ज्ञानेन्द्रकुमार यादवको प्रस्तावमा मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले कायस्थलाई प्रदेश सरकारको सुरक्षा सल्लाहकारमा नियुक्त गरेका हुन् । सेवा निवृत्त हुनुअघि कायस्थ प्रदेश २ मै कार्यरत थिए ।

## राउतको म्याद १५ दिन थप



रौतहट । स्वतन्त्र मधेश गठबन्धनका संयोजक डा. सीके राउतलाई थप १५ दिन थुनामा राख्न जिल्ला अदालत रौतहटले आदेश दिएको छ । बिहीबार जिल्ला अदालत रौतहटले राज्यविरूद्धको संगठित अपराधको मुद्दामा अनुसन्धान गर्न १५ दिनको म्याद थप गरेको हो । गत असोज २१ गते सामान्य तारेख लिन अदालतमा उपस्थिति हुँदा अदालतको परिसरबाटै डा.राउतलाई प्रहरीले पक्राउ गरी राज्यविरूद्धको अपराध मुद्दा चलाएको थियो तर बिहीबार प्रहरीले संगठित अपराध मुद्दामा अनुसन्धान गर्न म्याद मागेको हो । गौरबाट डा.राउतसँगै जिल्ला संयोजक अशोक सिंह, वीरेन्द्र दास, जयप्रकाशकुमार साह, दिनेशलाल यादव जिल्ला प्रहरी कार्यालय रौतहटको हिरासतमा रहेका छन् ।

### छठ पछि के होला ?

# मधेशलाई आन्दोलन चाहियो कि विकास ?

**मधेशवाणी डेस्क**

काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपाल, जो अहिले वर्तमान सरकारलाई परोक्ष रूपमा समर्थन गरिरहेको छ, संविधान संशोधनमा सरकार अनुदार भएको भन्दै आन्दोलनको चेतावनी पनि दिएको छ । सरकारलाई दिएको समर्थन फिर्ता लिएर छठपछि आन्दोलन गर्ने तयारीका साथ राजपा लागेको छ । निर्वाचनमार्फत बनेको दुई तिहाइसहितको शक्तिशाली सरकारबाट संशोधनको मुद्दा हल हुन सक्ने भएकाले उसलाई समर्थन दिएर बसेको राजपा करिब सात महिनासम्म कुर्दा पनि मागप्रति सरकारी पहल नभएको महसुस गर्दै आन्दोलन गर्ने सोच बनाएको हो । वस्तुत: सरकारलाई समर्थन दिँदा नै राजपाभित्र एक प्रकारको द्वन्द्व सिर्जना भएको थियो । बिना आधार र आश्वासन सरकारलाई समर्थन किन दिने विषयमा पार्टी भित्र धेरै बहस चल्यो तर उसले समर्थन दिएर आफू सरकारप्रति भरोसा रहेको देखायो ।

यद्यपी समर्थन गरेर राजपाले सरकारमा जान पनि इच्छा प्रकट गरेका थिए तर प्रधानमन्त्रीको अनिच्छा र नेकपाको एकता प्रक्रिया नटुंगिएका सहित कारणले उसको इच्छा पूरा हुन सकेन । जसरी समर्थनको विषयमा पार्टीभित्र द्वन्द्व थियो त्यसैगरी सरकारमा सहभागिताको विषयमा पनि शीर्ष नेतृत्वबीच विवाद रह्यो । अध्यक्षमण्डलका केही सदस्यहरू नै सरकारमा जानुपर्ने जोड गरेका थिए । अन्तत: प्रधानमन्त्रीले राजपालाई भाउ नदिएपछि



प्रधानमन्त्री केपी शर्मा ओली



राजपा संयोजक महन्थ ठाकुर



फोरम अध्यक्ष उपेन्द्र यादव

उसको सरकारमा जाने यात्रामा ब्रेक लाग्यो । तर उसकै सहयात्री संघीय समाजवादी फोरम दुई बुँदे सहमति गरेर सत्तायात्राको स्वाद चाखिरहेको छ । संविधान संशोधनको नाममा सरकारमा गएको फोरमले अहिलेसम्म त्यस विषयमा चर्चा गर्न पनि छोडेको छ । उसले न त मन्त्रिपरिषद् बैठकमा यो विषय उठान गरेको छ न त पार्टीभित्र नै छलफल थालेको छ । सरकारमा फोरमको सहभागिता सशंकित छ, किनभने उसले सरकारमा सहभागिताको औचित्य अहिलेसम्म पुष्टि गर्न सकेको छैन ।

यद्यपी राजपा सरकारमा नगए पनि उसले विभिन्न मञ्चहरूमा संविधान संशोधनको विषय उठान गर्दै आएको छ । तर पनि सरकारले उसको आवाज नसुनेझैं गरिरहेको छ । राजपाका नेताहरूले संशोधनका लागि माग गर्दै ज्ञापनपत्र पनि प्रधानमन्त्रीलाई बुझाएका छन् । अन्तिम पटक बुझाइएको ज्ञापनपत्रमा चेतावनीयुक्त भाषामार्फत उसले आन्दोलन गर्ने धम्की दिएको छ ।

छठपछि मधेशको राजनीति एक पटक फेरि तात्ने अवश्य छ । राजपाको यो धम्कीले उसको प्राथमिकता र मुद्दा के हो भन्ने सवाल खडा गरेको छ । उसले उठाएका प्रतिनिधित्व, पहिचान जस्ता मुद्दाको वास्तविकता उजागर भइसकेको छ । अर्कोतर्फ, पछिल्लो आन्दोलनमा आम मधेशीको मुद्दा प्रवेश नै भएन ।

मधेशी दलले राजनीतिक मुद्दा बाहेक सामाजिक, आर्थिक विषय उठाउँदै उठाउँदैनन् । मधेशमा जनजीविकासँग जोडिएका कैयौं मुद्दा जस्तो चरम गरिबी, बेरोजगारी, युवा पलायन, अशिक्षा, निरक्षरता, डुबान र शीतलहरको पीडा मधेशको आम समस्या हो । तर यस्ता दर्जनौं प्रश्न छन् जसमा मधेशका दलले मुखसम्म खोल्दैनन् । विकासका नाममा मौलाएको बेथितिका बारेमा किन आवाज उठ्दैन । तर अनौठो के छ भने काठमाडौंको राजनीतिको दृष्टि नपरेका यी विषयमा मधेशी दल पनि मौन बस्छन् । राजनीतिक मुद्दा समाधान भए अरू समस्या आफैं समाधान भइहाल्छन् भन्ने संकीर्ण मानसिकता मधेशी दलहरूमा छ । उनीहरू जहिले पनि राजनीतिक मुद्दालाई नै पहिलो प्राथमिकतामा राख्दा मधेशको विकासको गति सुस्त भएको हो । हिजो माओवादीले युद्ध चर्काउन प्रतिपादन गरेको यही सिद्धान्तलाई हुबहु अँगाल्नु मधेश राजनीतिको गल्ती हो । सामाजिक र आर्थिक मुद्दालाई राजनीतिसँगै लिएर जानुको विकल्प छैन ।

संविधान निर्माणको क्रममा राजनीतिक मुद्दा प्रधान बनेर आउनु स्वाभाविक भए पनि त्यसपछि समाजमा रहेका सामाजिक-आर्थिक मुद्दामा ध्यान नपुग्नु मधेशी दलको अदुरदर्शिताको परिणाम हो ।

मधेशी दलका नेताहरूले उठाउने सदाबहार विषय छ-मधेशको राजनीतिमा मुख्य हिस्सा ओगट्दै आएका विगतका काँग्रेस, एमाले र माओवादीले मधेशका समस्या नै बुझेनन् । यो कटु सत्य पनि हो किनभने संघीयता लागू हुनु पूर्व ती दलहरूले सरकार सञ्चालन गर्दै आइरहेका थिए । तर यसबाट मधेशी दल पनि अछुतो छैन किनभने संविधानसभाको पहिलो निर्वाचनदेखि नै उनीहरू कुनै न कुनै सरकारमा मुख्य घटक बनेर बसेका थिए । सरकारमा हुँदा किन मधेशको विकासमा ध्यान दिन नसकेको हो ?

## चुरे जोगाउन गम्भीर बनौं : पूर्वराष्ट्रपति

जनकपुरधाम । पूर्वराष्ट्रपति डा. रामवरण यादवले चुरे विनाश राष्ट्रिय समस्या भएको हुँदा स्थानीय, प्रदेश र सङ्घीय तीनै सरकारले गम्भीरतापूर्वक लिनुपर्ने धारणा व्यक्त गरेका छन् ।

मंगलबार जनकपुरधामस्थित सिद्धार्थ शिशु सदनमा आयोजित 'सफा जनकपुर हरित जनकपुर तथा चुरे संरक्षण' अन्तर्क्रिया कार्यक्रममा सम्बोधन गर्दै नेपालको प्रथम तथा पूर्वराष्ट्रपति डा. यादवले भने, 'चुरे विनाश गर्नुमा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार जवाफदेही रहेको छ ।'

डा. यादवले भने, 'बाटो निर्माण गरिनु विकास गर्नु हो तर अर्कोतर्फ तीव्र गतिमा चुरे विनाश हुँदैछ ।' चुरे संरक्षणका लागि नदीको दोहन, वनजङ्गल फँडानी, जङ्गल क्षेत्रमा अवैध वस्ती निर्माणजस्ता कार्यलाई रोक्ने, नयाँ वन लगाउने, चुरेको पहाडी भू-भागको संरक्षण गर्नुपर्ने मुख्य कार्य सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार रहेको बताउँदै उनले चुरे क्षेत्रमा बसोवास गर्नेलाई चुरे जोगाउन प्रेरित गर्नुपर्ने बताए ।

डा. यादवले तीनै तहको सरकारले वन क्षेत्रमा व्यापक वृक्षरोपण अभियान, नदी नियन्त्रण, नदीमा रहेका क्रसर हटाइनु पर्ने लगायतका काम प्राथमिकतामा राखेर गर्नुपर्ने स्थिति रहेको छ ।

चुरे विनाशकै कारण तराईमा पानीको गम्भीर सङ्कट उत्पन्न भइरहेको र खेतभन्दा नदीको सतहमाथि हुँदै गएकाले बाढी र सुख्खाको मारमा तराई-मधेश परेको डा. यादवले उल्लेख गरे । कार्यक्रममा 'सफा जनकपुर हरित जनकपुर' अभियानलाई सफल बनाउन डा यादवले कपडाको झोलासमेत वितरण गरे ।

## संशोधनका लागि कांग्रेसले किन आवाज उठाउने ?

: डा.अमरेश कुमार सिंह



विशेष अन्तर्वार्ता पृष्ठ ३ मा




समय–सन्दर्भ

रोशन जनकपुरी



# प्रदेश २ मा भाषिक अन्तर्विरोध

**हामी नेपाली समाजको राजनीतिक र सामाजिक परिवर्तनको जटिल र संवेदनशील चरणमा छौं र यतिबेला गरिएका निर्णयहरूका दूरगामी परिणाम हुने निश्चित नै छ ।**

नेपालमा मगही भ्रम बाहेक केही होइन । यो मुख्यत: गंगा नदी पारी अर्थात् दक्षिणपट्टी र केही गंगाको उत्तरपट्टीको भाषा हो । उताबाट आएका केही मानिसहरू नेपालमा आएको भने बोलेको हुनसक्छन । त्यसबारे केही भन्नु छैन । वस्तुत: नेपालमा र प्रदेश २ मा विशेष गरी मैथिली भाषी क्षेत्रमा सांस्कृतिक र भाषिकरूपमा ब्राम्हणवादी भेदभाव र वर्चस्वको कारण समाजमा विद्यमान कटु अन्तरविरोधको फाइदा उठाउँदै केही तत्वहरू मगहीको तर्क गरिरहेका छन् । नागर अभिजात्य वर्ग र जातिबाट अशुद्ध भनेर हेपिंदै आएको र विशाल श्रमजीवी समुदायले बोल्दै आएको ठेठी मैथिलीकै विशिष्ट रूप हो । सामान्य अर्थमा ठेठ भनेको धुर देहात ( रिमोट भिलेज) हो र त्यहाँ बोलिने मैथिलीलाई ठेठी भनिएको हो । तर जसरी नगरको सभ्यताले सदादेखि ग्रामीण चेतना र संस्कृतिलाई पछौटे, गँवार र अशुद्ध बुझ्यो, ठेठीसँग पनि यहि व्यवहार भयो । ग्रियर्सन होस् वा सुनीतिकुमार चटर्जी वा राहुल सांकृत्यायन वा आधुनिक भाषिक विद्वानहरू, सबैका अनुसार मगही पटना, सोनपुरदेखि अधिकतम मुजफ्फरपुरसम्म उल्लेखनीय रूपमा बोलिन्छ ।

नेपालमा मगहीको वकालत भाषिकरूपमा आफ्नै खुट्टामा बन्चरो हाने सरह हो । एउटा प्रश्न त सहजै उठ्छ-यी मगहीका अगुवाहरू पहिले कहाँ थिए ? तिनीहरू देशमा गणतन्त्र आएपछि मात्रै किन देखिए ? यो मगहीको बहस सप्तरीदेखि सर्लाहीसम्म मात्र छ । जहाँ मैथिलीको पहिचान र आन्दोलन धेरै पुरानो छ । वस्तुत: मैथिलीभाषी क्षेत्रमा मगहीको वकालतले आफ्नै भाषिक परिचय र अस्तित्वमा प्रहार हो । मैथिलीका विविध स्वरूप बारे डा. रामावतार यादवको अनुसन्धानात्मक लेखहरूको अध्ययन उचित हुनेछ । यहाँ मगही मातृभाषीहरूको अधिकारसँग कसैको विमति हुन सक्दैन तर जसरी विकृत तर्क र तथ्यको आधारमा मगहीको वकालत गरिएको छ, त्यो हास्यास्पद छ ।

यहाँ मगहीको लोककथाबाट केही पंक्तिहरू उद्धृत गरिएको छ, जुन पक्कै यस क्षेत्रमा कसैको मातृभाषा छैन:

*'एगो हलन महतो जी । उनका दूगो औरत हल । एगो हल ब्याही आउ एगो हल अर्घी, दूनों से एकेक गो लइका हले । महतो जी एगो गाय पोसले हलन । उन्कर दूनो औरत पिंगल पढके पीर होयल हल ।*

*उकरा सोच के महतो जी एगो आउ गाय खरिद लेलन । एक दिन देखलन अर्घीके बछिया खोला के सब सब दुधवा पीले हे । महतो जी सोचलन कि अर्घी के लइकवा हमरे हे ।*

(श्रोत: मगध की लोक कथाएँ : संचयन, संकलक : नारायण प्रसाद )

यो कथा लामो छ । यहाँ भाषाको स्वरूपसँग परिचित गराउन मात्र खोजिएको छ । निश्चय नै सप्तरीदेखि सर्लाही र केही रौतहटसम्म बोलिने ठेठीको स्वरूप यो होइन । फेरी मगहीको वकालत अधिकांश ठेठी भाषी समुदायमा नै बढी देखिएको छ । यो आत्मघाती हो, यसले उनीहरूकै भाषिक अस्तित्व प्रभावित हुने देखिन्छ । यो खतरनाक किन छ भने यो एउटा सुनियोजित अभियान झैं विकसित हुँदै गएको देखिन्छ । निश्चय नै यसको पछाडी राजनीतिक उद्देश्य छ, जो समयसँगै खुल्दै जानेछ ।

हामी नेपाली समाजको राजनीतिक र सामाजिक परिवर्तनको जटिल र संवेदनशील चरणमा छौं र यतिबेला गरिएका निर्णयहरूका दूरगामी परिणाम हुने निश्चित नै छ । एउटा उर्दुको पंक्ति छ-*लम्हों ने खता की और सदियों ने सजा पाई ।* त्यसैले सबै मिलेर गम्भीर भएर सोंचौं र एउटा हार्दिकतापूर्ण समाजको निर्माण गर्ने सोचौं ।

जहाँसम्म नामको प्रश्न छ, नामको राजनीतिक उद्देश्य अन्तरविरोधहरूको हल गर्न सहयोग पुऱ्याउनु र हार्दिकता उत्पन्न गर्नु हो । नाम ठूलो-सानो हुनुको कुनै अर्थ छैन । हार्दिकता, मेल र सामाजिक सहचार्य र अपनत्व मुख्य हो । यस अर्थमा प्रदेश २ मा मधेश, मैथिली र भोजपुरी मुख्य क्षेत्रीय र भाषिक अन्तरविरोधहरू हुन्, जसलाई सम्बोधन गर्नु आवश्यक छ । यस अर्थमा मेरो विचारमा प्रदेशको नाम मिथिला-भोजपुरा-मधेश प्रदेश राख्नु उचित हुने देखिन्छ । यसले एक हदसम्म सांस्कृतिक, राजनीतिक अन्तरविरोध हल गर्न सक्दछ ।

तात्कालीक राजनीतिक स्वार्थभन्दा माथि उठेर सबैले सबैको अस्तित्व स्वीकार्नुमा नै सबैको हित देखिन्छ ।



## सम्पादकीय



# झिलिमिली होस् मधेश

दशैंको पन्ध्रौं दिनमा आउने ठूला पर्वहरूमा मध्ये तिहार अर्थात् दिपावली पनि एक हो । यो पर्व कात्तिक कृष्ण पक्ष त्रयोदशीका दिन काग तिहारको नामले शुरू भएर कात्तिक शुक्ल पक्षको द्वितीया तिथिको भाइटीकासम्म अर्थात् पाँच दिन मनाइन्छ । हिन्दु धर्मावलम्वीले दीपावलीको रूपमा यस पर्वलाई धूमधामका साथ मनाउने पनि गर्दछन् । पाँच दिनसम्म मनाईने तिहारको सम्बन्धमा हिन्दु धर्मशास्त्रका पौराणिक कथाहरूमा पनि तिहारलाई वर्णन गरिएको छ । सूर्यका छोरा यमराजले आफ्नी बहिनी यमुनाको निम्तो स्वीकार गरी बहिनीका घरमा गई रमाइलो मनाएको हुँदा यी पाँच दिनलाई यमपञ्चक मानिएको कुरा हिन्दु शास्त्रमा उल्लेख गरिएको छ । तिहारले एकातिर मानव तथा पशुबीचको प्रगाढ सम्बन्धको चित्र प्रस्तुत गर्छ भने अर्कोतिर दाजुभाइ तथा दिदीबहिनी बीचको आत्मीय र पवित्र स्नेह एवं सम्बन्धलाई पनि यसले छर्लङ्ग पार्दछ ।

पहिले दशैं अनि त्यसको पन्ध्र दिनपछि आउने तिहार दुवै पर्वमा देवी दुर्गाका विभिन्न रूपहरूको पूजा आराधना गरिन्छ । सम्पत्तिकी देवी लक्ष्मीको पूजा घरमा अन्न धेरै आओस् भन्ने उद्देश्यमा गरिएको पनि विश्वास रहेको छन् । दक्षिण एशियाका धेरै देशमा विशेष गरि भारत, नेपाल, भूटान र बर्मा म्यानमारमा यो पर्व विभिन्न प्रकारले मनाइन्छ । तिहार हिन्दुहरूको सबैभन्दा ठूला पर्वहरू मध्ये एउटा हो । तिहार अर्थात दिपावली मधेशमा पनि निकै उत्साहका साथ मनाइन्छ । जीवनका अज्ञान रूपी अन्धकारलाई हटाएर प्रकाशको दिब्य आलोकमा प्रवेश गर्न सकौं भन्ने सन्देश यस पर्वले दिएको हुन्छ । अभाव ग्रस्त जीवनलै परिपूर्ण बनाएर आत्म ज्योतिको दिव्य प्रकाशको अनुभूति गर्न सकौं भन्ने सन्देश दिपावलीले दिएको छ भन्दा फरक नपर्ला । प्रकृति भोग्य होइनन यी त सहगामिनी हुन् भन्ने कुरा यो पर्वबाट थाहा हुन्छ ।

दिपावलीले सबैमा सुख, समृद्धि तथा श्रीसम्पति छाओस् भन्ने सबैको कामना छ । मधेश अहिले पनि संक्रमणमा छ । मधेशका दलहरू राजनीतिक मुद्दा बनाएर आन्लोलनको तयारीमा छन् । प्रधानमन्त्री बने पति केपी ओलीले पटक पटक संविधान संशोधन गर्ने र मधेशको माग पूरा गरिदिने कसम पनि खाएका छन् । दुई तिहाइभन्दा बढी समर्थन प्राप्त ओलीले संविधान संशोधन गर्न प्रतिवद्धता जनाएका छन् । तर मधेशी विरोधी र संविधान संशोधनमा उनले विगतमा दिएको अभिव्यक्ति र निर्वाह गरेको भूमिकाले उनी सहजै संविधान संशोधन गर्लान त ? प्रश्न उठनु स्वभाविक हो तर पनि फोरम र राजपाले ओलीलाई विश्वासको मत दिएर झन शक्तिशाली बनाइ दिएका छन् ।

**मधेशलाई आन्दोलनको मैदान मात्र बनाउनु हुँदैन । अब आन्दोलन होइन, विकासको यात्रामा बै सहभागी हुनुपर्छ। मधेशलाई झिलिमिली बनाएर विकासको रथलाई अगाडि बढाउने समय आएको छ।**

यद्यपी फोरम र राजपाले दुई तिहाइको मत भएको सरकारले नै संविधान संशोधन गर्न सक्छ भनेर आफूहरूले विश्वासको मत दिएको तर्क गरिरहे पनि भित्री आशय भनेको उनीहरूको सत्ता यात्रा नै हो । उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरम नेपाल तीन बुँदे सम्झौता गरेर सत्ता यात्रा गरेका छन् । राजपाले पनि सरकारलाई समर्थन गरेको छ र अहिले उ समर्थन फिर्ता लिएर छठ पछि आन्दोलन गर्ने चेतावनी दिएको छ । मधेशी दलले यसरी नै १० वर्षदेखि विभिन्न प्रधानमन्त्रीसँग सहमति गर्दै माग पूरा गराउन संघर्ष गर्दै आएका छन् । उनीहरूको सबै माग यथावत छ र सम्बोधन भइरहेको छैन ।

२०६३ माघ १ गतेदेखि पहिलो मधेश आन्दोलन शुरू हुँदा स्व.गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री थिए । मधेश आन्दोलन चर्केपछि उनले दुई-दुई पटक मधेशलाई सम्बोधन गरे । मधेशको आन्दोलनलाई शान्त पार्नका लागि २२ बुँदे सम्झौता पनि गरेका थिए तर त्यो सम्झौता कार्यान्वयन नभएपछि पुनः आन्दोलन भएको थियो । त्यसपछि २०६४ फागुन १६ गते ८ बुँदे सम्झौता भएपछि मात्र आन्दोलन रोकिएको थियो । आठ बुँदे सम्झौतामध्ये कति कार्यान्वयन भयो, कति भएन केही पत्तो छैन । तर आठ बुँदे सम्झौतापछि मधेशी दल विगतमा थुप्रै पटक सरकारमा सहभागिता भए तर आफूले उठाएको माग पूरा गराउन सकेन ।

सरकारले कुनै प्रतिकूल काम गरे राजपा र फोरमले विश्वासको मत फिर्ता दिने चेतावनी दिएका छन् । यद्यपी सरकारले भने मधेसी दलको आन्तरिक कारणले वार्ता निष्कर्षमा पुग्न नसेकको पनि टिप्पणी गरिन्छ । आन्दोलनको चेतावनी दिएको राजपा भित्रको आन्तरिक कलह र खिचातानीले आन्दोलनलाई कमजोर त पार्ने होइन भन्ने आशंका पनि छ । मधेशलाई आन्दोलनको मैदान मात्र बनाउनु हुँदैन । संघीयता लागू भएपछि मधेशले विकास र समृद्धि खोजेको छ । अब आन्दोलन होइन, विकासको यात्रामा सबै सहभागी हुनुपर्छ । मधेशलाई मिलिमिली बनाएर विकासको रथलाई अगाडि बढाउने समय आएको छ ।

## सताको सात बात



राष्ट्रिय एकता, अखण्डताका रक्षा गर्दै प्रकृतिको संरक्षणमा सबै क्षेत्रका जनताको समान भूमिका हुनुपर्छ । प्रकृतिको विनाश भएको खण्डमा मानव जगत्लाई निक्कै ठूलो पित्ति आउनसक्छ भने चुरेको संरक्षण भएन भने नेपाल ठूलो खाद्य संकटमा पर्न सक्छ । **डा. रामवरण यादव, पूर्वराष्ट्रपति**



सत्तारूढ नेकपा, कांग्रेस लगायतका दलहरूमा राजनीतिक बिचार र सिद्धान्त पुरातन हुँदा नेपाली जनताले नयाँ खालको बिचार र सिद्धान्त पाउन सकिरहेका छैनन् । **डा.बाबुराम भट्टराई, संयोजक, नयाँ शक्ति पार्टी**



सरकारका कारण जनता निराश हुन थालेका छन् । देशमा शान्ति, स्थायित्व कायम हुने आशाले जनताले कम्युनिष्ठलाई दुई तिहाइकै हाराहारीमा मत दिएपनि सरकार गठन भएको केहि महिनामै जनतामा निराशा छाएको छ । **कमल थापा, अध्यक्ष, राष्ट्रिय प्रजातन्त्र पार्टी**



मधेशको समस्या देशको समस्या हो । आन्दोलनले जुन क्षति बेहोर्‍यो, उपलब्धि कम भयो क्षतिको अनुपातमा । जबसम्म मधेशको मुद्दालाई राष्ट्रिय मुद्दाका रूपमा स्थापित गर्न सकिँदैन, मूलधारका दलहरूले सहयोग गर्दैनन्, त्यसको समाधान हुँदैन । यो मेरो ३० वर्षको राजनीतिक अनुभवले बताउँछ । **हृदयेश त्रिपाठी, स्वतन्त्र सांसद**



लोकसेवा आयोगको विज्ञापनलाई कुनै पनि हालतमा रोक्न मिल्दैन । 'लोकसेवाको तयारीमा बसेका १० लाख बढि युवाहरूको भविष्यलाई ध्यानमा राखेर काम गर्नुपर्छ, उमेरको कुरा हुन्छ, समयको कुरा हुन्छ, पारिवारिक अवस्थाको कुरा हुन्छ, यस्ता संवेदनशीलतामा सरकार गम्भिर बन्नुपर्छ' । **उमेश मैनाली, अध्यक्ष, लोकसेवा आयोग**



सिके राउतसँग हामी वार्ता गर्ने पक्षमा छैनौं । किनकि ऊ राजनीतिक रूपमा राज्यसँग आफ्ना माग लिएर आएको देखिँदैन । हामी भनेको राजनीतिक वार्ता टोली २०७५ हो । त्यसकारण हामी राजनीतिक र संविधान बाहिर रहेका असन्तुष्ट समूहसँग मात्र वार्ता गर्छौं । **सोमप्रसाद पाण्डे, उच्चस्तरीय राजनीतिक वार्ता टोलीका संयोजक**



नेपालको संविधान २०७२ प्रति हाम्रो विमती अहिले पनि जारी छ । जसको निर्माणको पक्षमा हामी रहेनौं । संविधानमा लेखिएका ती उपादेयता जुन प्रदेशका पक्षमा छन् जसले संघीयतालाइ अलिकति भएपनि बलियो बनाउँछ त्यही बुँदाहरूलाई टेकेर हामीले काम गरिरहेका छौं । **मनिष सुमन, महासचिव, राष्ट्रिय जनता पार्टी**

# संघीयता, स्रोतसाधन र विवाद समाधान



**लक्ष्मी विलास कोइराला**

नेपालको संविधानले संघ र प्रदेश तथा प्रदेश प्रदेशबीच सहयोगात्मक सहकारिता संघबादलाई स्वीकार गरेकोछ । प्रदेश प्रदेशबीच पाइने सहयोगात्मक व्यवहार अन्तरनिर्भरता, अन्तरसम्बन्ध एवम् परिपूरक सम्बन्ध रहने संघीय विधिलाई सहयोगात्मक संघीयता भनिन्छ । संघ, प्रदेश र स्थानीय गरि तीन तहका सरकारले संविधान अनुरूप बनेका कानूनको अधिनमा रहि राज्यशक्तिको प्रयोग गर्नेछन् । संघ प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारीता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित छ । संविधानले संघीय इकाईबीच जिम्मेवारी, स्रोतसाधन, प्रशासनको साझेदरी गर्दै सुमधुर र सहयोगात्मक सम्बन्धको विकास र विस्तार गर्ने राजनीतिक नीति लिएकोछ । सहयोगात्मक सहकारितामूलक संघीयताको सुमधुर अभ्यास नै आजका आवश्यकता हो ।

नेपालको संविधान अनुसार रहेका सात प्रदेश र स्थानीय तहहरू भौगोलिक तथा जनसंख्याको आधारमा साना र ठूला भए पनि जिम्मेवारी, अधिकार र प्रतिनिधित्वका दृष्टिमा समान रहेकाछन् । भूगोल र जनसंख्याको आधारमा भूगोल र प्रादेशिक सन्तुलन हुने गरि संघीय संसदमा सबै प्रदेशको प्रतिनिधि उपस्थित रहने व्यवस्था गरेको छ भने राष्ट्रिय सभामा सबै प्रदेशबाट समान प्रतिनिधि हुने व्यवस्था समेत संविधानमा रहेकोछ । प्रदेशहरूबीच समानरूपमा जिम्मेवारी र अधिकार वितरण हुने तथा एकै प्रकारको राजनीतिक हैसियत रहने खालको संघीयतालाई समान संघीयता भनिन्छ । समान संघीयताले प्रदेश र स्थानीय तहहरूबीच अन्तरसम्बन्ध, सहकार्य र सहयोगलाई प्रवर्द्धन र उपयोग गर्दछ ।

संविधानले सरकारका तीन संघ, प्रदेश र स्थानीय तहबीच जिम्मेवारी र राज्यशक्तिको स्पष्टरूपमा बाँडफाँड गरेकोछ । संघले सम्पादन गर्ने कार्य जिम्मेवारी र अधिकार, प्रदेशले प्रदेशभित्र सम्पादन गर्ने कार्य जिम्मेवारी र अधिकार, स्थानीय निकायहरूले स्थानीय तहमा सम्पादन गर्ने कार्य जिम्मेवारी र अधिकार सहित संघ र प्रदेश तथा संघ, प्रदेश र स्थानीय तहले मिलेर सम्पादन गर्नुपर्ने कार्यहरू समेत स्पष्ट छन् । संघ, प्रदेश स्थानीय तहको कार्य जिम्मेवारी संघीय कानून, प्रदेश कानून तथा गाउँपालिका र नगरपालिकाको कानून बमोजिम कार्यान्वयन हुने व्यवस्था समेत संविधानमा रहेकोछ ।

संघ, प्रदेश स्थानीय तहको कार्य जिम्मेवारी सम्पादन गर्न स्रोतसाधनको आवश्यकता पर्दछ । परंपरागत अर्थशास्त्रमा उत्पादनका साधनहरू अर्थात पूँजी, श्रम, भूमि र उद्यमलाई मात्र उत्पादनका स्रोतसाधनहरू मानिन्थ्यो । विकास तथा विश्व नेटवर्कको संवन्धले उत्पादनका स्रोतसाधनहरूको थप पहिचान भएकोछ । पूँजी, श्रम, भूमि र उद्यमका अलावा ज्ञान, समय, नेटवर्क, सूचना, रेडियो फ्रिक्वेन्सी र वित्तलाई नवीन स्रोतसाधनमा समेटिएकोछ । उपलब्ध स्रोतसाधनहरूको प्रयोग उपयोगबाट मात्रै विकास हुनेहुनाले संघीय शासन प्रणालीमा राज्यका तहहरू स्रोतसाधन प्राप्त गर्न तछाडमछाड गर्ने प्रवृति विश्वभर नै गरिएको अनुभव हो । संघीय शासन प्रणालीमा स्रोतसाधन माथिको अधिकार तीनको प्रयोग र उपयोगका केही स्थापित सिद्धान्तहरू छन् । प्रथम, रणनीतिक स्रोतसाधन जस्तोकी नदीको पानी र रेडियो फ्रिक्वेन्सी केन्द्रीय अर्थात संघको हुने व्यवस्था गरिएको हुन्छ । दोस्रो, गतिशिल प्रवृतिका कर तथा शुल्कहरू जस्तोकी आय माथि लाग्ने व्यक्तिगत र संस्थागत आयकर, आयात वा उत्पादन भई देशभर किनबेच हुने सेवा र वस्तुमा लाग्ने भ्याटकर, तथा एक ठाँउमा उत्पादन भएर देशभर नै बिक्रिवितरण हुने वस्तुमा लाग्ने विक्रि तथा अन्तःशुल्क पनि संघको जिम्मामा रहने गर्दछन् । तेस्रो, जमिनमुनी रहेको खानी तथा दुई प्रदेशमा फैलिएको वन जस्ता प्राकृतिक स्रोत पनि संघको जिम्मामा राखिएको हुन्छ । चौथो, संघको कार्य जिम्मेवारीमा परेको विषयसँग संबद्ध कर शुल्क जस्तोकी राहदानी शुल्क, भिसा शुल्क संघको हुने व्यवस्था मिलाईएको हुन्छ । संघसँग आर्थिक स्रोत संकलनको दायरा फराकिलो हुन्छ । बढी आम्दानी हुने वित्तीय तथा प्राकृतिक स्रोतहरू माथि संघको बढी अधिकार हुने कारण संघको संचित कोषमा धेरै रकम जम्मा भएको हुन्छ ।

प्रदेश सरकार र स्थानीय तहले उठाउन पाउने कर तथा शुल्कहरूमा खासै फरक छैन । प्रदेश स्थानीय तहले घरजग्गा रजिष्ट्रेसन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर, भूमिकर, स्थानीय कर, जमिन माथि रहेका ढुङ्गा वालुवा माटो उपयोग शुल्क तथा व्यवसाय कर उठाउने गर्दछन् । प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी तथा सेवा शुल्क संघ, प्रदेश र स्थानीय तहहरूले संकलन गर्न सक्ने व्यवस्था संविधानमा रहेकोछ । साथै, नेपालको अर्थतन्त्र अझै पनि पूर्णरूपमा मौद्रीकरण भएको छैन । ग्रामिण र शहरी अर्थतन्त्र समानरूपमा सञ्चालित छन् । यसकारण ग्रामिण क्षेत्रमा कर संकलन कठिन कार्य वन्ने गरेको पनि छ । यसकारण प्रदेश र स्थानीय तहको संचित कोषमा ठुलो रकम जम्मा हुन सक्दैन । यसप्रकार सरकारका तहहरूबीच भर्टिकल अर्थात ठाडो वित्तीय असन्तुलन रहेको हुन्छ । साथै प्रदेश प्रदेश र स्थानीय तह स्थानीय तहबीच पनि करको आधार, कर संकलनको क्षमता र खर्चको आवश्यकताको कारणले होरिजेन्टल अर्थात समतल वित्तीय असन्तुलन पनि पाईने गर्दछ ।

संघीय शासन प्रणालीमा सरकारका तहहरूबीच शासन सञ्चालन प्रक्रिया र विधि, विकास नीति, विकासका प्राथमिकता, कराधान, सर्वसञ्चित कोषबाट राजस्वको बाँडफाँड, प्राकृतिक स्रोतको प्रतिफल बाँडफाँड र सार्वजनिक सेवा सुविधा वितरण जस्ता विविध विषयमा भिन्नता र विवाद आउनु स्वाभाविक मानिन्छ । सरकारका तहहरूबीच पाईने वित्तीय असन्तुलन, राजस्वको बाँडफाँड र कार्यक्षेत्र विवादका प्रमुख कारणहरू हुन् । यसकारण संविधानमा नै विवाद समाधानका लागि विभिन्न संयन्त्र, विधि र सूत्र निर्माण गरिएको हुन्छ । नेपालको संविधानले पनि संघ र प्रदेशबीच, प्रदेश प्रदेशबीच तथा संघ, प्रदेश र स्थानीय तहबीच विवाद हुन सक्ने संभावना अनुमान गर्दै केहि संयन्त्रहरूको व्यवस्था गरेकोछ ।

वित्तीय संघीयता देशको आर्थिक विकास तल्लोतहदेखि गर्न तल्ला निकायहरूलाई वित्तीयरूपमा सक्षम बनाउने एक प्रक्रिया हो । वित्तीय संघीयता संघीय शासन प्रणाली कार्यान्वयनको प्रमुख तत्व पनि हो । संघबाट प्रदेश र स्थानीय तहहरूलाई, प्रदेशबाट स्थानीय तहलाई विभिन्न विधि र प्रक्रियामा आधारित भई आर्थिक सहयोग हस्तान्तरण गर्ने प्रक्रियालाई अन्तरसरकार वित्तीय हस्तान्तरण भनिन्छ । अन्तरसरकार वित्तीय हस्तान्तरण अर्थात समानीकरण अनुदान सरकारका तहहरूमा पाईने भर्टिकल र होरिजेन्टल वित्तीय असन्तुलन कम गर्न उपयोग गरिन्छ । अन्तरसरकार वित्तीय हस्तान्तरणले देश र जनताको समान विकास, सामाजिक समानता र समग्र आर्थिक स्थायीत्व कायम गर्दै संघीय, प्रदेश र स्थानीय प्राथमिकता पुरा गर्दै जनतालाई स्टयाण्डड सेवा प्रवाह गर्न सहयोग पनि गर्दछ । । वित्तीय स्रोतको बाँडफाँड गर्न जनसंख्या, भूगोल र विकास अवस्थालाई मुख्य आधार वनाउने अन्तराष्ट्रिय चलन छ ।

अन्तरसरकार ट्रान्सफर निशर्त र सशर्त गरि दुई किसिमको हुन्छ । निशर्त दिइने हस्तान्तरण खासगरि सरकारको कानूनी जिम्मेवारी पुरा गर्ने विषयसँग आवद्ध हुन्छ । निशर्त हस्तान्तरण वल्कको रूपमा प्राप्त हुन्छ र प्राप्त गर्ने सरकार सो ट्रान्सफर रकम बाँडफाँड गर्न स्वतन्त्र हुन्छ । तर, सशर्त अनुदान हस्तान्तरण दाता सरकारको प्राथमिकता अर्थात संघ वा प्रदेश सरकारका राष्ट्रिय प्राथमिकताहरूमा खर्च गर्न दिइएको हुन्छ । सशर्त अनुदान खर्च गर्न स्थानीय सरकारहरू स्वतन्त्र हुदैनन् । यस्तो वित्तीय ट्रान्सफर स्थानीय तथा प्रदेश सरकारहरूले कम रूचाउँछन् भने केन्द्र सरकार सशर्त अनुदानलाई बढी महत्व दिने गर्दछ ।

नेपालको संविधानले सरकारका तहहरूबीच राजस्वको समान वितरणको विस्तृत आधार, ढाँचा र सुत्र निर्माण गर्ने, समानीकरण अनुदान सिफारिस गर्ने, संघ, प्रदेश र स्थानीय तहहरूले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने, प्राकृतिक स्रोतको परिचालन गर्दा सरकारका तीनै तहको लगानी र प्रतिफलको हिस्सा निर्धारणको लागि आधार तय गरि सिफारिस गर्ने, तथा प्राकृतिक स्रोतको बाँडफाँड संवन्धी विषयमा संघ र प्रदेश, प्रदेश प्रदेश तथा प्रदेश र स्थानीय तह तथा स्थानीयतहहरूबीच उत्पन्न हुन सक्ने संभावित विवाद निवारण गर्न सुझाव दिने काम कर्तव्य र अधिकार भएको एक छुट्टै सवैधानिक राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग वनाउने व्यवस्था गरेकोछ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले भविष्यमा खेल्ने भूमिका नै देश विकास र जनताको समान जीवनस्तरका लागि महत्वपूर्ण हुनेछ ।

**संघ प्रदेश र स्थानीय तहले आफ्नो जिम्मेवारी पुरा गर्न आ-आफ्नो कानून बनाउन सक्ने व्यवस्था संविधानले गरेको छ । तर, प्रदेश सभाले बनाएको कुनै कानून संघीय संसदले बनाएको कुनै कानूनसँग बाझिएको वा नगर वा गाउँसभाले बनाएको कुनै कानून संघीय संसद वा प्रदेश सभाले बनाएको कानूनसँग बाझिएको अवस्थामा सर्वोच्च अदालतले अमान्य र बदर घोषणा गर्न सक्ने व्यवस्था संविधानमा रहेको छ ।**

संघ र प्रदेशबीच, प्रदेश प्रदेशबीच राजनीतिक विवाद उत्पन्न भएको अवस्थामा समाधान गर्न प्रधानमन्त्रीको अध्यक्षतामा नेपाल सरकारको गृहमन्त्री, अर्थमन्त्री तथा प्रदेशको मुख्यमन्त्री रहेको अन्तर प्रदेश परिषद् रहने व्यवस्था गरिएकोछ । संघ प्रदेश र स्थानीय तहले आफ्नो जिम्मेवारी पुरा गर्न आ-आफ्नो कानून बनाउन सक्ने व्यवस्था संविधानले गरेकोछ । तर, प्रदेश सभाले बनाएको कुनै कानून संघीय संसदले बनाएको कुनै कानूनसँग बाझिएको वा नगर वा गाउँसभाले बनाएको कुनै कानून संघीय संसद वा प्रदेश सभाले बनाएको कानूनसँग बाझिएको अवस्थामा सर्वोच्च अदालतले अमान्य र बदर घोषणा गर्न सक्ने व्यवस्था संविधानमा रहेकोछ । संघीयतालाई सफल बनाउन स्थापित संयन्त्रहरूको क्रियाशिलता र आपसी सुझबुझ परम आवश्यक हुन्छ ।

# "स्पेशल स्वराजी निर्माण अभियानमा छौं"



**अब्दुल खान**

मधेशमा नेपालीहरूको शासन गैरन्यायिक र अबैधानिक हो । बैधानिक त्यतिसम्म थियो जबसम्म मधेशीहरूले मधेशको बागडोर नेपाललाई सुम्पेका थिए । ब्रिटिश ईष्टइन्डिया कम्पनी सरकारले मधेशको भूभाग भोगचलनका लागि मात्र नेपाललाई दिएको थियो । मधेश/तराईको जमिनको सम्प्रभूता आफ्नो हातमा लिएको थियो । अहिले मधेशीहरू आफ्नो जमिनमा आफै शासन प्रशासन गर्न चाहेको खण्डमा, संयुक्तराष्ट्रलाई सिफारिस गर्न बेलायत तयार भएको अवस्थामा स्वतन्त्र मधेश गठबन्धनले नेपालको उपनिवेशिक शासनलाई अस्विकार गरी मधेशमा मधेशीहरूको सेना, प्रहरी, प्रशासन र विदेश नीति आफ्नो हातमा लिई मधेशलाई अन्तर्राष्ट्रिय कानूनको मूल्यमान्यतामा टेकी शान्तिपूर्ण मार्गबाट मधेशलाई स्वतन्त्र राष्ट्र निर्माणको यात्रामा छ । यहि शिलसिलामा स्वतन्त्र मधेश गठबन्धनको राष्ट्रिय संयोजक डा. सि के राउतसहित सयौं माथी देशद्रोहको मुद्दा चलिसकेको र नेपालको सर्वोच्च अदालत र विशेष अदालतबाट सफाई समेत पाइसकेको छ तर अहिले पनि डा. राउत सहित १२ जना माथी विभिन्न जिल्लाहरूमा हिरासतमा राखि मुद्दा चलाईदै छ । मधेश UNPO को अन्तर्राष्ट्रिय सदस्य समेत भइसकेको छ ।

अहिले स्वतन्त्र मधेश गठबन्धनले स्पेशल स्वराजीहरू निर्माणको अभियानमा लागेको छ । संगठनको आधार स्तम्भहरूमा रही जस्तोसुकै परिस्थितिको डटेर मुकाविला गरिने, अलिकति अप्ठ्यारो पर्नसाथ विचलित नहुने खालको स्वराजीहरू निर्माणको अभियानमा छ । नेपाली शासनले जस्तोसुकै दमन र अत्याचार गरिँदा पनि शान्तिपूर्ण मार्गबाट पछि नहटने र कुनै प्रकारको सम्झौता नगरिने स्वराजीहरू तयार गरिन लागेको छ । स्वतन्त्रताको पक्षमा अहिले बाक्लो जनसमर्थन छ, मधेशी जन्ताहरूले स्वतन्त्र

## फरक मत

मधेश चाहेका छन् तर समय र परिस्थितिले सम्पूर्णले खुलेर सडकमा आउन अप्ठ्यारो मानिरहेका मात्र छन् ।

अहिलेको परिस्थितिमा जिल्ला, जिल्लाहरूबाट मधेशको गद्दार, धोखेवाज र आजादी अभियानमा तगारो बनिने मधेशीहरूको नामावली तयार हुँदैछ । भोली मधेश आजाद भएपश्चात तिनिहरूलाई जस्तोसुकै दण्ड दिन स्वतन्त्र मधेश गठबन्धन सिफारिस गर्न सक्छ ।

मधेशी जनताले अब लोभलालचमा नलागी स्वतन्त्रताका लागि अघि बडनुपर्छ । मधेश आजाद हुने बितिकै मधेशी यूवारूलाई, साउदी, मलेसिया, दुबई, कतारमा ४०/४५ डिग्री घाममा काम गर्नुपर्दैन । पियनको जागिर खाना चाकडी गर्नुपर्दैन, भूमिहिन, सुकुम्वासी रहनुपर्दैन, नागरिकता जस्तो सामान्य अधिकारबाट वंचित हुन पर्दैन । किसानका लागि मल, खाद्य, बीउ सिचाईबाट बंचित हुन पर्दैन । मधेशमा म्याट्रो ट्रेनदेखि पूर्वपश्चिम जलमार्ग समेत निर्माण गर्न सकिन्छ । मधेशी महिलाहरू रगतको अभावमा कम उमेरमै कुरूप देखिनु पर्दैन । बालबच्चाहरू खानाको अभावमा दुब्लो र कमजोर जन्मिनु पर्दैन । अत्याधुनिक अस्पताल र महाविद्यालयको स्थापना हुन्छ । त्यसकारण नेता र चापलुसहरूको पछि नलागी मधेशको स्वतन्त्रता हासिल गर्नुलाई प्रथम प्राथमिकतामा राख्न सम्पूर्णमा अनुरोध समेत गरिन्छ ।

# संशोधनका लागि कांग्रेसले किन आवाज उठाउने ?



## डा.अमरेश कुमार सिंह
## प्रतिनिधिसभा सदस्य, नेपाली कांग्रेस

**संविधान संशोधनका लागि काँग्रेसले किन आवाज उठाउने ? यो त सरकार र मधेशी दलबीचको सहमति हो नि । हामी संशोधनको पक्षमा उभिन जहिले पनि तयार छौं तर, त्यो प्रस्ताव त सरकारले ल्याउनुपर्‍यो । प्रस्ताव ल्याउनका लागि त मधेशी दलले केपी ओलीलाई मत दिएका छन्, हामीलाई त मत दिएको छैन नि । त्यसकारण, संशोधनको प्रस्ताव पहिला सरकारले ल्याउनुपर्‍यो ।**

**० तपाइँको निर्वाचन क्षेत्र सर्लाही-४ मा भएको घटना के हो ?**

– विगतमा माओवादीको जुन उच्छृङ्खल गतिविधि थियो, त्यो अहिले पनि गएकै छैन । सत्तामा आएपछि उनीहरू झन उग्र भएका छन् । मान्छेलाई कुटि हाल्ने, खुकुरी हान्ने, गोली हान्ने गर्दै आएका छन् । यहाँ काँग्रेसबाट निर्वाचित वडा अध्यक्ष कार्यालय गइरहँदा बाटोमै रोकेर तत्कालीन माओवादी र अहिलेका नेकपाका कार्यकर्ताहरूले खुट्टा भाँचिदिए र टाउको पनि फुटाइदिएका छन् । सत्तापक्षका कार्यकर्ताले यस्तो घटना गराएको हुनाले प्रहरीले अहिलेसम्म कुनै पनि किसिमको कारबाही पनि गरेको छैन । वडाअध्यक्षमाथि आक्रमण भएको भोलीपल्ट फेरि उनकै घरमा नेकपा कार्यकर्ताले आक्रमण गर्दा गोली लागेर सात जना घाइते भएको र वडाअध्यक्षका आफ्नै काका रामविलास महतोको घटनास्थलमै निधन भएको छ । गोली चलाउने व्यक्तिको पहिचान हुँदाहुँदै पनि प्रहरीले समात्न सकेको छैन । यो घटना रातिको समयमा पनि भएको होइन, बिहान ७/८ बजे भएको हो । यो घटनालाई नेपाली काँग्रेसले गम्भीरतापूर्वक लिएको छ । यस विषयमा हाम्रा पार्टी सभापति शेरबहादुर देउवासँग सम्वादमा छौं । यो घटनालाई काँग्रेसको केन्द्रीय समितिले पनि गम्भीरतापूर्वक नै लिएको हो । हामीले चारबुँदे माग पनि राखेका छौं । मृतकलाई शहीद घोषणा, तत्काल राहत उपलब्ध गराउनु पर्ने। घाइतेहरूको सरकारद्वारा निःशुल्क उपचारे र दोषीलाई कारबाही हुनुपर्ने हाम्रो माग हो । त्यति नभएसम्म हामीले पनि शव बुझ्दैनौं । यो घटनाप्रति सरकार गम्भीर भएन भने हामी क्रमबद्ध रूपले जिल्ला बन्द गराउने, प्रदेश २ बन्द गराउने र त्यसपछि सम्पूर्ण नेपाल बन्द गराउने लगायतका कार्यक्रमहरू आन्तरिक रूपमा तयारी गरेका छौं । बल सरकारको कोर्टमा छ, सरकार कसरी प्रस्तुत हुन्छ काँग्रेसले त्यहीअनुसार आफ्नो कार्यक्रम अगाडि बढाउँछ । किनकि हाम्रो पार्टीका कार्यकर्ता मारिएका छन् । जसरी निर्मला पन्त हत्या प्रकरणमा स्थानीय प्रशासनको लापरबाहीले घटना बढ्दै गयो, त्यस्तै यहाँ पनि स्थानीय प्रशासनको लापरबाहीले त्यस्तो घटना नबढोस् भनेर गृह प्रशासनलाई ध्यानाकर्षण गराउन चाहन्छौं ।

**० यस्तो घटना हुनुको कारण के थियो ?**

– सर्लाहीको यो इलाका संवेदनशील हो । किनभने यहाँ जहिले पनि जबर्जस्ती पार्टी प्रवेश गराउने काम हुँदै आएको छ । तर, यसपटक यहाँका अधिकांश तहमा काँग्रेस नै विजयी भएको छ । जहाँ काँग्रेसको बलियो उपस्थिति छ, त्यहाँ कसरी आफ्नो दबदबा बढाउने, भयत्रास देखाउने र आफ्नो पार्टी मिलाउने कम्युनिष्ट पार्टीको रणनीति हो । यो घटना पनि त्यही कारणले नै भएको हो । यस्तै प्रवृत्ति गोडैता नगरपालिकामा पनि कम्युनिष्टहरूले गरिरहेका छन् । त्यहाँ राजपाका प्रतिनिधिहरूलाई पूर्वमाओवादीहरूले दिनका दिन पिट्ने गरेका थिए । कुनै पनि पार्टीका मान्छेलाई पिटेर आफ्नो पार्टीमा मिलाउनु यो प्रवृत्ति राम्रो होइन । दुई तिहाईको सरकार विकासको लागि हो, शान्ति र सुरक्षाको लागि हो । तर, नेकपाका नेता कार्यकर्ताहरू गाउँ-गाउँमा दुई तिहाईको दम्भमा अर्को पार्टीका नेता कार्यकर्ताहरूलाई कुट्ने, धम्क्याउने लगायतका काम गरिरहेका छन् । पिटेर, गोली चलाएर आफ्नो वर्चस्व बढाउने, पार्टीको संगठन सुदृढ गर्ने जुन सोच छ त्यो आफैमा एउटा गलत प्रवृति हो ।

**० मृतक परिवारका लागि काँग्रेसले के गर्दैछ ?**

– मृतक परिवारका लागि हामी पार्टीमा छलफल गर्दैछौं ।

**० नेपाली काँग्रेसको महासमिति बैठकको तयारी कस्तो हुँदैछ ?**

– महासमिति बैठकका लागि राजनीतिक प्रतिवेदन तथा दस्तावेजहरू तयार हुँदैछ । अहिले मुलुक संघीय व्यवस्थामा गइसकेको अवस्थामा पार्टीको संरचना, ढाँचा पनि संघीय संरचनाअनुसार हुनुपर्छ । ती सबै कुराहरूको मस्यौदा तयार हुँदैछ । त्यो मस्यौदा प्रस्तुत गर्दा पास हुने ठाउँ महासमिति हो । महासमिति काँग्रेसको सबभन्दा ठूलो र बलियो निकाय हो । आगामी दिनमा पार्टीलाई कसरी अगाडि बढाउने, प्रदेशहरूमा पार्टीको संगठन कसरी बनाउने लगायतका विषयमा महासमिति बैठकमा छलफल गर्ने गृहकार्य भइरहेको छ ।

**० काँग्रेसभित्र रहेका गुट-उपगुट र आन्तरिक विवाद समाधान गर्ने अचुक उपाय के देख्नुहुन्छ ?**

– आगामी दिनमा काँग्रेस एक ढिक्का भएर अगाडि बढ्छ भन्ने कुरामा ढुक्क हुनुस् । काँग्रेस लोकतान्त्रिक पार्टी हो, लोकतान्त्रिक पार्टीमा गुट-उपगुट, विभिन्न विचारहरू हुन्छन् । पार्टीमा सबैको आ-आफ्नो धारणा हुन्छ, त्यसलाई एक ठाउँमा छलफल गरेर पार्टीको जुन निर्णय हुन्छ । त्यसअनुसार सबै एकढिक्का भएर अगाडि बढ्छन् । हिजोको दिनमा पार्टीभित्र जुन प्रकारका विवाद देखिएको थियो, आगामी दिनमा त्यो सबै मिल्छ । आउने दिनमा काँग्रेस बलियो रूपमा जनताको बीचमा जान्छ ।

**० वर्तमान सरकारको क्रियाकलापलाई कसरी मूल्यांकन गर्नुहुन्छ ?**

– वर्तमान सरकार हेर्दा शक्तिशाली देखिन्छ तर कार्यान्वयनको दृष्टिकोणले एकदम कमजोर छ । गणितीय हिसावले बलियो भएर हुँदैन, त्यसको अनुभूति जनताले पनि गर्नुपर्‍यो । बलियो भनेको के हो ? जनताको पक्षमा काम गर्ने हिसावले देखिनुपर्‍यो । भन्नका लागि बलियो सरकार हो तर, मुलुकको विकास, शान्ति, सुरक्षा लगायतका विषयमा कमजोर देखिएको छ । म राज्य व्यवस्था तथा सुशासन समितिको एउटा सदस्य हुँ । त्यहाँ अहिलेका गृहमन्त्रीले विगत छ महिनामै १० प्रतिशतभन्दा बढी हत्या, हिंसा, बलात्कार लगायतका घटना बढेको तथ्याङ्क प्रस्तुत गरेका छन् । के यही उपलब्धि हो दुई तिहाई बहुमत सरकारको ? अहिलेसम्म ७/८ प्रतिशत पनि विकास बजेट खर्च हुन सकेको छैन । यही उपलब्धि हो ? दुई तिहाईको बहुमतको सरकार हुँदा पनि सरकारभित्र आन्तरिक विवाद छ, मन्त्री र प्रधानमन्त्रीको कुरा मिलिरहेको छैन । एमाले र माओवादी प्राविधिक रूपमा एकीकृत भए पनि अन्तर्घुलन हुन सकेको छैन । त्यसकारणले अहिलेको दुई तिहाईको बहुमतको सरकारभित्र र ती पार्टीभित्र पनि समस्या छन् । त्यसको सिधा असर जनताको समृद्धि, सुशासन र विकासमा परिरहेको छ ।

**० प्रदेश २ को सरकारले ल्याएको प्रदेश प्रहरी ऐनप्रति खासगरी नेकपा र संघीय सरकारले आपत्ति जनाउँदै आएका छन्, यस विषयमा तपाईंको धारणा के छ ?**

– यो केन्द्रीय सरकारको केन्द्रित मानसिकता हो । संघीय व्यवस्थामा प्रदेशलाई आफ्नो प्रहरी, प्रशासन, कर्मचारी राख्ने अधिकार त छ नि । हाम्रै छिमेकी भारतमा विभिन्न राज्यहरूको आ-आफ्नो प्रहरी प्रशासन र कर्मचारी छ कि छैन ? सबै प्रहरी प्रशासन र गृह प्रशासन केन्द्रकै मातहत रहन्छ भने प्रदेश सरकार किन चाहियो ? प्रदेश सरकारलाई उसको आफ्नो सुरक्षा आफ्नै हातमा छैन, जनताको सुरक्षाको कुरा परै जाओस् । उसलाई विकासको पैसा खर्च गर्ने आफ्नो अधिकार छैन । प्रदेश २ मा, जहाँ पाँच हजार कर्मचारी चाहिन्छ, त्यहाँ अहिलेसम्म जम्मा साढे दुई सय मात्र कर्मचारी छन् । त्यस्तै, स्थानीय निकाय प्रदेशको मातहत हुनुपर्ने हो तर अहिलेसम्म स्थानीय तहलाई केन्द्रकै मातहतमा राखिएको छ । प्रदेश र संघको अधिकार एक अर्कामाथि हस्तक्षेप हुनु हुँदैन । प्रदेशलाई अधिकार दिनु भनेको छुट्टिनु होइन । यहाँ मानसिकता कस्तो छ भने, प्रदेशलाई अधिकार दियो भने छुट्टिन्छ कि ।

**० तर, संघीय प्रहरी ऐन आएसम्म प्रदेश प्रहरी ऐन कसरी कार्यान्वयन हुन्छ ?**

– संघीय प्रहरी ऐन १० वर्षमा ल्याउँछ भने तबसम्म प्रदेश त्यसै बसिरहने ? संघीय सरकारले आफूले गर्ने काम नगर्ने तर प्रदेशले आफ्नो काम कारबाही अगाडि बढाइरहँदा 'ओभरटेक' नगर्न भन्नु केन्द्रिकृत मानसिकता हो ।

**० तर, अन्य प्रदेशहरू त चुपचाप बसेका छन् । प्रदेश २ लाई मात्र किन हतार ?**

– अन्य प्रदेशहरूमा त नेकपाकै सरकारहरू छन् नि । प्रदेश सरकार मात्रै होइन, त्यही पार्टीको भ्रातृ संगठनहरू छन् । कम्युनिष्ट पार्टीकै अध्यक्षको नेतृत्वमा संघीय सरकार छ र त्यही पार्टीका कार्यकर्ताको नेतृत्वमा प्रदेश सरकारहरू छन् ।

**० जसरी संविधान संशोधनको माग राजपा र फोरमले गर्दै आएका थिए र अहिले पनि भन्दैछन् । संशोधन गराउने भनेर फोरम सहमति गरेर सरकारमा गयो भने राजपा आन्दोलन गर्ने धम्की दिँदै आएको छ । संविधान संशोधन मधेशकेन्द्रित दलहरूका लागि राजनीतिक 'प्रोपोगण्डा' मात्र हो ?**

– संविधान संशोधनको माग मधेशकेन्द्रित दलहरूका लागि एउटा राजनीतिक 'प्रोपोगण्डा' मात्र हो । यदि साँचै नै संशोधन उनीहरूको माग भइदिएको भए सांसद रेशम चौधरीलाई किन शपथ ग्रहण गराउन सकेनन् ? रेशम चौधरीलाई शपथ ग्रहण नगराइकन केपी ओलीको सरकारलाई अहिलेसम्म समर्थन गर्दै आइरहेका छन् । मधेशकेन्द्रित दलको नैतिक धरातल यहिँ खसेको देखिन्छ । जसरी मधेशकेन्द्रित दलहरूले संविधान संशोधन गर्नुस् हामी समर्थन गर्छु भन्ने हिसाबमा चल्दै आएको छ, यो त एउटा राजनीतिक 'प्रोपोगण्डा' मात्र हो । यो सरकारलाई राजपाले समर्थन गरेको छ, फोरम सरकारमै छ तर खोई त संशोधन भएको ? यो सरकार संशोधन गरेन भने एक दिन पनि संसद अवरोध गरेको छैन, जनतामा गएको छैन । आफ्नो 'फेससेभिङ्ग'का लागि राजपा र फोरमले जनतालाई झुक्याउन संविधान संशोधनलाई राजनीतिक एजेन्डा मात्र बनाएका छन् ।

**० यो सरकारले संविधान संशोधन गर्छ त ?**

– मलाई लाग्दैन कि यो सरकार संविधान संशोधन गर्छ । सरकारको गतिविधिले प्रष्ट देखिएको छ कि यो सरकारले संशोधन गर्न चाहेको छैन । फोरमसँग सहमति त गर्‍यो तर त्यो कागजी दस्तावेजको रूपमा मात्र हो । जनतालाई संशोधनका लागि सहमति गरेको भनेर देखाएको मात्र हो । फोरमका नेताहरू आफ्नो व्यक्तिगत स्वार्थ मात्र पूरा गरेका छन् । फोरमले सहमति गर्‍यो तर जनताले के पायो ? त्यती धेरै मधेशी जनता शहीद भए, उनका परिवारले के पाए ? पहिला उपेन्द्र यादवजी संविधान पुनर्लेखन गर्नुपर्छ भन्नुहुन्थ्यो, संशोधन पनि होइन । तर, संविधानको एउटा कमा र फुलस्टप पनि परिवर्तन नभइकन यही संविधान भित्र रहेर उपप्रधानमन्त्रीको शपथ खानुभयो । त्यसैले सरकारको भनाइ र गराईमा तारतम्य छैन । जनताले पनि नियालिरहेका छन् । भनिन्छ नि, 'ये पब्लिक है सब जान्ति है', त्यसैले जनताले सबै कुरा बुझिरहेका छन् ।

**० संविधान संशोधनप्रति काँग्रेस विगतमा पनि सकारात्मक थियो र अहिले पनि संशोधनका लागि सहयोग गर्छौं भनिरहेको छ । तर, संसदमा काँग्रेसका सांसदहरूले आवाज उठाएको देखिएन नि ?**

– हामीले किन उठाउने ? यो त सरकार र मधेशी दलबीचको सहमति हो नि । हामी संशोधनको पक्षमा उभिन जहिले पनि तयार छौं तर, त्यो प्रस्ताव त सरकारले ल्याउनुपर्‍यो नि । प्रस्ताव ल्याउनका लागि त मधेशी दलले केपी ओलीलाई मत दिएका छन्, हामीलाई त मत दिएको छैन नि । त्यसकारण, संशोधनको प्रस्ताव पहिला सरकारले ल्याउनुपर्‍यो । त्यसपछि हामी त्यसमा सहयोग गर्न त तयार नै छौं ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

**सत्तामा आएपछि उनीहरू झन उग्र भएका छन् । मान्छेलाई कुटि हाल्ने, खुकुरी हान्ने, गोली हान्ने गर्दै आएका छन् ।**

**जहाँ काँग्रेसको बलियो उपस्थिति छ, त्यहाँ कसरी आफ्नो दबदबा बढाउने, भयत्रास देखाउने र आफ्नो पार्टी मिलाउने कम्युनिष्ट पार्टीको रणनीति हो । यो घटना पनि त्यही कारणले नै भएको हो ।**

**वर्तमान सरकार हेर्दा शक्तिशाली देखिन्छ तर कार्यान्वयनको दृष्टिकोणले एकदम कमजोर छ । गणितीय हिसावले बलियो भएर हुँदैन, त्यसको अनुभूति जनताले पनि गर्नुपर्‍यो । बलियो भनेको के हो ?**

**सबै प्रहरी प्रशासन र गृह प्रशासन केन्द्रकै मातहत रहन्छ भने प्रदेश सरकार किन चाहियो ? प्रदेश सरकारलाई उसको आफ्नो सुरक्षा आफ्नै हातमा छैन, जनताको सुरक्षाको कुरा परै जाओस् ।**

**संविधान संशोधनको माग मधेशकेन्द्रित दलहरूका लागि एउटा राजनीतिक 'प्रोपोगण्डा' मात्र हो ।**

**पहिला उपेन्द्र यादवजी संविधान पुनर्लेखन गर्नुपर्छ भन्नुहुन्थ्यो, संशोधन पनि होइन । तर, संविधानको एउटा कमा र फुलस्टप पनि परिवर्तन नभइकन यही संविधान भित्र रहेर उपप्रधानमन्त्रीको शपथ खानुभयो ।**



# राजपा आन्दोलनमा गयो भने प्रदेश सरकारबाट बाहिरिनुपर्छ



अमरकान्त झा

मधेशको राजनीतिलाई जहिले पनि गोर्खाली शासनसत्ताका व्यक्तिहरूले धोका दिँदै आएका छन् । तीन तहको निर्वाचनमा मधेशीले सहभागिता नै नजनाउने मनस्थितिमा थिए । तर पनि निर्वाचन गएपछि हाम्रा मागहरू पूरा हुन्छ भनिएको थियो र मधेशीले निर्वाचनमा भाग लियो । निर्वाचनमा भाग लिएपश्चात् पनि हालका नेकपा दुई तिहाईको दम्भ देखाइरहेको छ । मधेशका कुनै पनि समस्यामा नेकपाका नेताहरूको चासो छैन । जनता पहिलाभन्दा पनि बढी ठगिएका छन् ।

मधेशकेन्द्रित दलहरू राजपा र फोरम सँगै आन्दोलन गरेका थिए । तर फोरम उम्किएर निर्वाचनमा भाग लिन गयो । पछि राजपाले पनि निर्वाचनमा गएन भने धेरै घाटा हुन्छ भनेर राजपा पनि निर्वाचनमा सहभागी हुन पुग्यो । त्यसपछि मधेशका मागहरू पूरा हुन्छ भन्ने आशा पलाएको थियो । तर, अहिलेको अवस्था हेर्दा राजपा र मधेशीलाई पनि घाटा लागेको छ । मधेशवादी दलका केही नेताहरूले आफ्ना व्यक्तिगत स्वार्थका लागि मधेशको मुद्दालाई तिलाञ्जली दिने काम गरेका छन् । निर्वाचनपश्चात् मधेशमा कुनै किसिमको उपलब्धी भएको छैन । मधेशी जनता अहिले पनि पीडामा छन् । मधेशीले उठाउँदै आएका माग अहिले पनि यथावत नै छन् । राज्यको हरेक अंगमा समानुपातिक समावेशिता व्यवहारमा लागू भएको छैन ।

तीनै तहको निर्वाचनमा मधेशकेन्द्रित दलहरूले भाग लिँदा जनादेश प्राप्त गरेको छ । तर, यो देशमा गोर्खाली समुदायका केही मुट्ठिभर मानिसहरूले अहिलेसम्म शासन चलाउँदै आएका छन् । तिनीहरू सबै साढुभाई हुन् । कहिले केपी ओलीको नाममा, कहिले सुशील कोइरालाको नाममा, कहिले शेरबहादुर देउवाको नाममा, कहिले सूर्यबहादुर थापाको नाममा उनीहरू सबै साढुभाई बनेर राजनीति गरिरहेका छन् र मधेशलाई शोषण गरिरहेका छन् । मधेशी दलले त निर्वाचनमा भाग लियो तर मधेशी जनताले पाउनुपर्ने अधिकार पाएका छैनन् । संविधान संशोधन गर्छु भन्दै आएका छन् तर अहिलेसम्म गरेका छैनन् । अहिलेसम्म मधेशीसँग राज्यसत्ताले सम्झौताको राजनीति मात्रै गर्दै आएका छन् । जबसम्म मधेशीहरूले फेरि ठूलो आन्दोलन गर्दैन, सडकदेखि सदनसम्म आन्दोलन हुँदैन, तबसम्म अधिकार पाउने छैन । सरकारमा जाने जुन मधेशी दलले सोच बनायो र गयो त्यो सरासर गलत हो । मधेशले अधिकार नपाएसम्म मधेशी दल सरकारमा बस्नु उचित हुँदैन । अहिलेको मुख्य एजेन्डा संविधान संशोधन हो र यसबाट मात्र मधेशीले अधिकार पाउँछ ।

संविधान संशोधन मधेशी दलका लागि माग मात्र नभई एउटा राजनीतिक मुद्दा पनि हो । यो त जायज अधिकार हो र

> ‘मधेशी दलका केही नेताहरूले आफ्ना व्यक्तिगत स्वार्थका लागि मधेशको मुद्दालाई तिलाञ्जली दिने काम गरेका छन् ।’

मधेशको माग पनि हो । मधेशमा अहिले पनि ४० लाखभन्दा बढी नागरिकताबाट वञ्चित छन् । त्यो त मधेशको अधिकार हो । संविधान संशोधनमा यो पनि एउटा महत्वपूर्ण मुद्दा हो । तर, फोरमले संविधान संशोधनलाई राजनीतिक मुद्दा बनाउँदै सरकारमा गयो । तर, जनताले फोरमका नेताहरूलाई पनि राम्ररी चिनिसकेका छन् । फोरमका नेताहरू मधेशको मुद्दामा चुनाव लड्ने, मत लिने र आफ्नो व्यक्तिगत स्वार्थका लागि कुदेर सरकारमा जाने काम गरे । संविधान संशोधनमार्फत् मधेशको माग पूरा गराउँछु भनेर सरकारमा गएका फोरमका नेताहरूले आफ्ना व्यक्तिगत स्वार्थ मात्र पूरा गरिरहेका छन् । मधेशी जनताको माग र अधिकारलाई राजनीतिक एजेन्डा मात्रै फोरमले बनाएको छ ।

चुनावका बेला मधेशी जनताले काँग्रेस, वाम गठबन्धन, राजपा र फोरम सबैलाई संविधान संशोधनकै निम्ति मत दिएको हो । संविधान संशोधनमार्फत् आफ्नो अधिकार सुनिश्चित होस् भनेर मधेशीहरूले यी दलहरूलाई मत दिएका थिए । तर, मधेशी जनताका ती मत खेर गएको हो । मधेशी जनताले पनि चुनावका बेला गल्ती गरेका छन् । त्यहीं बेलामा मधेशका सबै जनताले मधेशका एउटै दललाई मत दिएको भए आज संविधान संशोधन गराउन सहज हुन्थ्यो । अहिले मधेशको मत विभाजित अवस्थामा रहेकाले संशोधनका लागि चाहिने इफोर्ट पुगिरहेको छैन ।

अहिलेको अवस्थामा संशोधनको नाममा एउटा मधेशका पार्टी सरकारमा छ भने अर्को दल मधेशको मुद्दा लिएर अझै पनि संघर्षरत् छ । मधेशी जनताले सबै कुराको मूल्यांकन गर्दैछन् । अब आउने दिनमा जुन पार्टीले मधेशसँग धोका गरेको छ त्यो मधेशबाट बढारिनेछ । यसको परिणाम अब आउने निर्वाचनमा देखिन्छ । संविधान संशोधनको मुद्दा राजपा र फोरम दुवै पार्टीको हो । दुवैले सँगै मिलेर आन्दोलन पनि गरेका थिए । तर, फोरम जसरी सत्तामा जान हतार गर्‍यो त्यसले मधेशमा राजपाप्रति आकर्षण बढाएको हो । मधेशका जनता अहिले फोरमसँग नभई राजपासँग छ । अब राजपा आन्दोलनमा जाँदा जनताले राजपालाई नै साथ दिनेछन् । छठलगत्तै ठूलो आन्दोलन हुँदैछ । संविधान संशोधनप्रति सरकार त गम्भीर छैन भन्ने आवाज मधेशमा उठिसकेको छ । अब ठूलो आन्दोलन हुनबाट कसैले रोक्न सक्दैन ।

प्रदेश २ मा जसरी राजपा र फोरमको संयुक्त सरकार छ र अर्कोतर्फ आन्दोलनको पनि चेतावनी दिँदै आएको छ । राजपा यदि आन्दोलनमा जाने मनस्थिति नै बनाउँछ भने उसले प्रदेश २ को सरकारबाट पनि बाहिरिनुपर्छ र बाहिरिन्छ नै । राजपाले संविधान संशोधनका लागि छठसम्म कुर्छौं भनेर प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापनपत्र नै बुझाइसकेको छ र राजपा शीर्ष नेताहरूले पनि आफ्ना अभिव्यक्तिहरू दिँदै आएका छन् ।

फोरमले जसरी सरकारमा जानका लागि संशोधनलाई मुद्दा बनायो त्यो एउटा हतियार मात्र थियो । यदि साँचै फोरम संशोधन चाहेको थियो भने सरकारमा जानुपर्ने आवश्यक्ता नै थिएन । राजपा आजसम्म सरकारमा गएकै छैन । तर, फोरमका नेताहरू आफ्ना निजी स्वार्थ पूरा गर्नका लागि मात्र सरकारमा गएका हुन् । फोरम मधेशको समस्या समाधान गराउनका लागि सरकार गएको होइन । अहिले मधेशको राजनीतिको बागडोर राजपाले नै लिनेछ । किनभने मधेशी जनताले फोरमको क्रियाकलापलाई नियाल्दै आएको छ । फोरमले मधेशको मत लिने र व्यक्तिगत स्वार्थका लागि मात्र राजनीति गर्ने उसको उद्देश्य हो ।

मधेशमा आन्दोलनको वातावरण बन्दै गइरहेको अवस्थामा प्रमुख प्रतिपक्षी नेपाली काँग्रेसले पनि समर्थन दिने स्थिति आउँदैछ । किनभने मधेशको माग जायज हो र जायज मागलाई समर्थन गरेन भने मधेशबाट बढारिने निश्चित छ । नेपाली काँग्रेसले त संविधान संशोधनका लागि पहिलादेखि नै सकारात्मक रहँदै आएको छ । काँग्रेस सशक्त प्रतिपक्षको भूमिका खेल्न सकेको छैन, त्यसका लागि राजपासँग सहकार्य गर्नुको विकल्प छैन । यदि काँग्रेसले मधेशमा आफ्नो राजनीतिक भविष्य सुरक्षित राख्ने हो भने राजपालाई समर्थन गर्नुपर्छ । यदि काँग्रेसले विगतको जस्तै आफ्नो व्यवहार देखायो भने अहिलेभन्दा पनि दुर्गति हुँदैन भन्न सकिन्न । किनभने मधेशले जहिले पनि आफ्नो अधिकारका लागि काँग्रेसलाई पनि मत दिएकै हो । यसपटक काँग्रेस चुक्नु हुँदैन ।

यो सरकार कुनै पनि हालतमा संविधान संशोधन गर्ने मनस्थितिमा छैन । अहिलेसम्म सरकारको व्यवहार हेर्दा मधेशी दललाई संशोधनको नाममा ललिपपमात्रै देखाउँदै आएको छ । पहिला जसरी नेकपा एमालेले मधेशीलाई ठगेको थियो, त्यसरी नै अहिले पनि ठग्दै छ । अहिले सरकारको नेतृत्व गरिरहेका नेतृत्वहरूको मानसिकतामा परिवर्तन भइसकेको छैन । मधेशलाई अधिकार दियो भने देश विखण्डनतिर जान्छ भन्ने सोच राखेकाहरूबाट मधेशको पक्षमा संशोधन हुन्छ भन्ने सोच्नु दिवास्वप्न नै हो । राज्य सत्ता सञ्चालकहरूको यस्तै सोचका कारण मधेशमा विखण्डनका आवाजहरू उठिरहेका छन् । स्वतन्त्र मधेशको नाममा अभियान चलाइरहेकालाई सरकारले मलजल गर्दै छ । मधेशका माग पूरा गरिदियो भने यस्ता अभियानहरू आफै समाप्त भएर जान्छ तर, समस्याको समाधान चाहेकै छैन । मुलुकमा सधैं अस्थिरता मचाइरहने राज्यसत्ता सञ्चालकहरू नै हुन् ।

*(राजनीतिक विश्लेषक झासँग मधेशवाणीले गरेको कुराकानीको आधारमा)*

## “नेकपाका नेताहरू संशोधनप्रति उदासीन”




महा । राष्ट्रिय जनता पार्टी नेपालका शीर्ष नेताले संविधान संशोधनको विषय चाँडै टुङ्ग्याउन सरकारसँग माग गरेका छन् । महोत्तरीको जलेश्वरमा बिहीबार सम्पन्न एकदिने पार्टी प्रशिक्षणमा राजपा नेपालका चार जना अध्यक्ष मण्डलका सदस्यले संविधान संशोधनविना मधेश मुद्दाको सम्बोधन पूरा नहुने भएकाले यथाशक्य चाँडै यो विषय टुङ्ग्याउन सरकारसँग माग गरेका हुन् ।

नेताहरू शरतसिंह भण्डारी, महेन्द्र राय यादव, राजेन्द्र महतो र राजकिशोर यादवसहितका नेताले नेकपाका शीर्ष नेताले संविधान संशोधन गर्ने वचन दिए पनि त्यसको कार्यान्वयनमा उदासिनता देखाएको गुनासो गरेका छन् ।

नेता महतोले संविधान संशोधन नभएसम्म हँसिलो अनुहारले बोलेर समस्याले निकास नपाउने बताए । “प्रधानमन्त्री स्वयं संविधान संशोधनको कुरामा आफू खुला रहेको त बताउनुहुन्छ”, उनले भने, “तर संशोधन प्रक्रिया अघि बढाउने जाँगर देखाउनुहुन्न ।” नेता महेन्द्रप्रसाद यादव र राजकिशोर यादवले संविधान संशोधनमा भएको अस्वभाविक ढिलाइले सरकार र दलबीच विश्वासको सङ्कट बढ्ने र स्थिति असामान्य हुनसक्नेतर्फ सरकारको दृष्टि पुगोस् भने ।

सो अवसरमा राजपा नेपालका शीर्ष नेताले प्रदेश र स्थानीय तहमा प्रतिनिधित्व गरिरहेका आफ्ना पार्टीका नेतालाई जनपक्षीय काममा लाग्न र मधेश र मधेशीको समृद्धिको कुरालाई पहिलो प्राथमिकतामा राख्न निर्देशन दिएका छन् ।

## प्रदेश प्रमुख कायस्थद्वारा चिन्ता व्यक्त



जनकपुरधाम । प्रदेश नं. २ का विद्यार्थीहरूलाई अध्ययनका लागि अन्यत्र जानु परेकोमा प्रदेश प्रमुख रत्नेश्वरलाल कायस्थले चिन्ता व्यक्त गरेका छन् । गुणस्तरीय शिक्षाको अभावमा स्तरीय शिक्षा पाउन नसक्दा विद्यार्थीहरू प्रदेश नं. २ बाट पलायन हुने क्रम बढिरहेको भन्दै प्रमुख कायस्थले चिन्ता व्यक्त गरेका हुन् । आफ्नै प्रदेशको स्कुल ,कलेजहरूमा गुणस्तरीय शिक्षा पाउन सके विद्यार्थीहरू नेपालका अन्य प्रदेश लगायत विदेशमा गएर अध्ययन गर्नुपर्ने बाध्यता हट्ने उनले बताए । साथै यसबाट ठुलो रकम बिदेशिनबाट जोगिने पनि उनले धारणा राखेका छन् । जनकपुरधामस्थित सर्वोदय ल एण्ड म्यानेजमेण्ट स्कुलको उद्घघाटन कार्यक्रममा बोल्दै प्रदेश प्रमुख कायस्थले प्रदेशमा शिक्षा लगायत हरेक क्षेत्रका लागि यसपटक राम्रो कार्यक्रम ल्याईएकोले बिभिन्न क्षेत्रमा बिकास तथा सुधारको सम्भावनाहरू रहेको पनि बताए । उनले प्रदेश नं. २ मा सर्वोदय विद्यालयद्धारा सँचालन हुने ल को अध्ययन अध्यापनका लागि बिद्यालयका सँस्थापक ब्रजेन्द्र मिश्रलाई शुभकामना तथा बधाई समेत दिएका छन् । त्यस्तै, मुख्य न्यायाधिवक्ता दिपेन्द्र झा ले प्रदेश नं. २ मा अन्य प्रदेशको तुलनामा बिद्यार्थीहरूको साक्षरता दर एकदमै न्युन रहेको बताए । कानुनी पढाईका लागि प्रदेश सरकारले सहजकर्ताको भुमिका निर्वाह गर्ने समेत उनले बताए । यस प्रदेशका शिक्षकहरू अन्य प्रदेशमा गएर अध्यापन गराउँदै आएको तर यसै प्रदेशमा साक्षरता दर कम भएकोमा आफु आश्चर्य चकित भएको झाको भनाई थियो । कार्यक्रममा सहभागी जनकपुरधाम उपमहानगरपालिकाका उपमेयर रिता झाले जनकपुरधाममा ल को अनुमति दिलाउन आफ्नो अहम योगदान रहेको बताएकी थिइन् । त्यस्तै, एन प्याबसनका केन्द्रिय अध्यक्ष रितु राज सापकोटाले प्रदेश २ को अस्तित्वलाई केन्द्र सरकारले स्वीकार्न नसक्दा आफ्लाई दुख लागेको बताए ।

## भारतका आठ स्रष्टा सम्मानित

काठमाडौं, १३ कार्तिक । नेपाली स्रष्टा समाजले भारतका आठ स्रष्टालाई सम्मान गरेको छ । नेपाली साहित्यमा भारतीय साहित्यकारले पुर्‍याएको योगदानको कदर गर्दै साहित्यकार ज्ञानबहादुर क्षेत्री, चन्द्रमणि उपाध्याय, विष्णु शास्त्री, माधव भट्टराई, दीनानाथ निरौला, छत्रमान सुब्बा, कृष्ण आचार्य र प्राञ्जल प्रतिम बोरालाई सम्मान गरेको हो । भारतीय साहित्य विशाल रहेको बताउँदै नेपालभाषी नभएर पनि नेपाली भाषाको जगेर्नामा भारतीय साहित्यकारको अतुलनीय योगदान रहेको नगेन्द्रराज शर्माले बताए । ‘भारतीय साहित्य र नेपाली साहित्यलाई तुलना गर्ने प्रमुख आधार भनेकै अनुवाद हो, फरक देशका साहित्यलाई एकै ठाउँमा राखेर तुलना गरिनु भने सान्दर्भिक होइन’, शर्माले भने ।

## मधेश अपडेट

### मधेश आन्दोलनका घाइतेलाई सहयोग

जनकपुरधाम । प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले मधेश आन्दोलनका दुईजना गम्भीर घाइतेहरूलाई आर्थिक सहयोग उपलब्ध गराएका छन् । मधेश आन्दोलनका घाइतेहरूलाई आर्थिक सहयोग उपलब्ध गराउने प्रदेश सरकारको निर्णयअनुरूप मुख्यमन्त्री राउतले दुबै घाइतेलाई चेक हस्तान्तरण गरेका हुन् । मुख्यमन्त्री कार्यालय मधेश भवनमा आयोजित चेक हस्तान्तरण कार्यक्रममा मुख्यमन्त्री राउतले मधेश आन्दोलनका घाइते महोत्तरीका शंकर पासवानलाई दुई लाख र रौतहटका रणविरकुमार सिंह राजपुतलाई एक लाखको चेक हस्तान्तरण गरेका हुन् । प्रदेश सरकारले अहिलेसम्म १३ जना घाइतेलाई चेक हस्तान्तरण गरिसकेको छ । प्रदेश सरकारले मधेश आन्दोलनका घाइतेहरूलाई अवस्था हेरी ५० हजार देखी ३ लाख सम्म उपलब्ध गराउने निर्णय गरेको छ ।

### गच्छदारको सुझाव

विराटनगर । नेपाली कांग्रेसका संसदीय दलका उपनेता विजयकुमार गच्छदारले संविधानको मर्म र भावनाअनुसार सरकार चल्नुपर्ने सुझाव दिएका छन् । प्रभात कृषक समूह र बूढीगङ्गा गाउँपालिकाद्वारा मोरङ सुकचारमा आयोजित कार्यक्रममा गच्छदारले सो कुरा बताएका हुन् । उनले मुलुकको विकास र समृद्धिका लागि सरकार संविधानको मर्म र भावनाअनुरूप अगाडि बढ्न सक्नुपर्ने धारणा राखे । नेता गच्छदारले मुलुकको विकास र समृद्धिका लागि सबैले अग्रसरता देखाउनुपर्नेमा जोड दिदैं थारू जातिको भाषा, संस्कृति र पर्वलाई राज्यले सम्मान गर्नुपर्ने बताए ।

### कृषि ज्ञान र पशु सेवा विज्ञ केन्द्र स्थापना

कैलाली । सङ्घीय सरकारको निर्णयानुसार सुदूरपश्चिम प्रदेशका छ जिल्लामा कृषि ज्ञान केन्द्र र पाँच जिल्लामा पशु सेवा विज्ञ केन्द्र स्थापना गरिएको छ । कृषि ज्ञान केन्द्र अछाम, बझाङ, बाजुरा, डडेलधुरा, बैतडी र कञ्चनपुरमा स्थापना गरिएको छ । कञ्चनपुरको केन्द्रले कैलाली, डडेलधुराको केन्द्रले डोटी र बैतडीको केन्द्रले दार्चुला हेर्ने गरी कार्यालय स्थापना गरेर सेवा शुरू गरिएको हो । यस्तै पशु सेवाविज्ञ केन्द्र बैतडी, डडेलधुरा, कञ्चनपुर, बाजुरा र बझाङमा स्थापना गरिएको छ । बैतडीले दार्चुला, बाजुराले अछाम, डडेलधुराले डोटी र कञ्चनपुरले कैलालीलाई हेर्ने गरी कार्यालय स्थापना भएको बताइएको छ । स्थापित कार्यालयमा दरबन्दीअनुसार कर्मचारीको खटनपटन हुन नसक्दा सेवा प्रभावकारी बन्न सकेको छैन् ।

### “जनताले अनुभूति गर्ने गरी काम भएन”

विराटनगर । सिंहदरबारका अधिकार गाउँगाउँमा आए पनि जनताले अनुभूति गर्ने गरी काम हुन नसकेको गुनासो व्यक्त गरिएको छ । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) मोरङ क्षेत्र नं. १ द्वारा यहाँ आयोजित ‘जनप्रतिनिधिसँगको छलफल’ कार्यक्रमका सहभागीले सो गुनासो व्यक्त गरिएको हो । सो अवसरमा प्रतिनिधिसभा सदस्य घनश्याम खतिवडाले जनतालाई विकासको अनुभूति दिलाउने गरी काम गर्न स्थानीय तह, प्रदेशसभा र प्रतिनिधिसभा लाग्नुपर्नेमा जोड दिए । क्षेत्रको विकास निर्माण, भूमिहीन, सुकुम्वासी, लालपूर्जाको समस्या, नदी नियन्त्रणलगायत विषयमा आफू चिन्तित रहेको र प्रतिनिधिसभामा त्यसलाई समाधान गर्ने सवालमा जोडदार रूपमा आवाज उठाइरहेको बताउँदै उनले सांसद विकास कोषबाट आएको रकमको सही सदुपयोग गर्न सकेको खण्डमा लक्षित समुदायको उत्थानमा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

### समुदाय प्रहरी साझेदारी पत्रमा हस्ताक्षर

रौतहट । रौतहट जिल्लाको ९ वटा स्थानीय तहसित समुदाय प्रहरी साझेदारी पत्रमा हस्ताक्षर भएको छ । समाजमा रहेको विसंगति विकृति ,आपराधिक क्रियाकलापलाइ उन्मूलन गरी शान्ति सुरक्षा कायम गर्ने उदेश्यले नेपाल सरकारको गृह मंत्रालय तथा प्रहरी प्रधान कार्यालयले ल्याएको समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत ८ नगरपालिका तथा १ गाउपालिकाका प्रमुख र प्रहरी उपरीक्षक केदार ढकाल विच हस्ताक्षर पत्रमा हस्ताक्षर भएका हुन् । नेपाल प्रहरी ,स्थानीय तह , सामाजिक सस्था र विद्यालय सित सहकार्य गर्दै समाजमा शान्ति स्थापना गर्दै जाने कार्यक्रमको मुख्य लक्ष्य रहेको छ । प्रमुख जिल्ला अधिकारी गोविन्द प्रसाद रिजालको प्रमुख आतिथ्यमा जिल्ला प्रहरी कार्यालयको परिसरमा आयोजित कार्यक्रम विच गौर नगरपालिकाका प्रमुख अजय कुमार गुप्ता , राजदेवी नगरपालिकाका प्रमुख धीरेन्द्र कुमार सिंह , देवाही गोनाही नगरपालिकाका प्रमुख धर्मेन्द्र पटेल , कटहरिया नगरपालिकाका प्रमुख नूरजहा खातून , माधव नारायण नगरपालिकाका प्रमुख वीरेन्द्र प्रसाद यादव , गरूडा नगरपालिकाका प्रमुख इन्नु राय यादव , वृन्दाबन नगरपालिकाका राम स्नेही राय यादव , गढ़ीमाई नगरपालिकाका प्रमुख श्याम प्रसाद यादव र दुर्गा भगवती गाउ पालिकाका अध्यक्ष अरूण साहले समुदाय प्रहरी साझेदारी पत्रमा हस्ताक्षर गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

### १९ किलोमिटरमा पेट्रोलियम पाइप

वीरगञ्ज । मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन विस्तार परियोजनाअन्तर्गत हालसम्म नेपालतर्फको १९ किलोमिटर क्षेत्रमा जमीनमुनि पाइप ओछ्याउने काम सम्पन्न भएको छ । परियोजना कार्यालय सिमराका अनुसार नेपालतर्फको ३९ दशमलव २ किलोमिटर भू-भागमध्ये अब १७ दशमलव २ किलोमिटर पाइप ओछ्याउन बाँकी छ । तीव्रगतिमा बाँकी काम भइरहेकाले बढीमा तीन महीनाभित्र काम सम्पन्न भई भारत बिहारको राजधानी पटनाबाट पाइपलाइनमार्फत पेट्रोलियम पदार्थ आउने सो कार्यालय सिमराका इञ्जिनीयर शरदप्रसाद पौडेलले राससलाई जानकारी दिनुभयो । उहाँका अनुसार अन्य बाधा अवरोध नभए तीन महिनाभित्र नेपालमा पेट्रोलियम पदार्थ आउनेछ । बाँकी रहेको भू-भागमध्ये पर्सा राष्ट्रिय निकुञ्जमा नौ किलोमिटर, नाला, स-साना पुलपुलेसा, नदी, क्रसिङ सडक, गण्डक क्षेत्रमा पाइपलाइन ओछ्याउन बाँकी छ भने भारतको मोतिहारीदेखि रक्सौलसम्म ३३ दशमलव ७ किमीमध्ये घना बस्ती भएका कारण रक्सौल क्षेत्रमा केही भागमा पाइप ओछ्याउने काम बाँकी छ । नेपालको लाइफलाइनको रूपमा रहेको भारतको मोतिहारीदेखि अमलेखगञ्जसम्म ७० किलोमिटर लम्बाइको सो पाइपलाइन निर्माणका लागि भारत सरकारले रू ३५० करोड भारतीय लगानी गरेको बताइएको छ । गत चैतको अन्तिम साता भारत भ्रमणको क्रममा प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नयाँदिल्लीको हैदरावाद हाउसबाट संयुक्तरूपमा मोतिहारी अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनको शिलान्यास गरेपछि यसले तीव्रता पाएको हो । पथलैयादेखि अमलेखगञ्जसम्म आठ किमी क्षेत्रमा पर्सा राष्ट्रिय निकुञ्ज भएर पाइपलाइन जाने भएकाले निकुञ्जभित्रका पाँच हजार रूख काट्नुपर्ने देखिन्छ । यसका लागि सङ्घीय सरकारले स्वीकृति दिइसकेकाले वातावरण मूल्याङ्कन प्रभावबारे सूचना समेत प्रकाशित गरिएको छ ।

### यातना दिने प्रहरीलाई कारबाहीको माग

सप्तरी । हिरासतभित्र प्रहरीले अभियुक्तलाई चरम यातना दिएको भन्दै कारबाहीको माग गरिएको छ । हत्या आरोपमा सोधपुछ तथा अनुसन्धानका लागि पक्राउ गरिएकाहरूमाथि प्रहरीले चरम यातना दिएको भन्दै कारबाहीको माग गरिएको हो । विभिन्न पाँच संघसंस्थाहरूले सोमबार एक विज्ञप्ति जारी हिरासतभित्र यातना दिने प्रहरी प्रशासनलाई कारबाही गर्न नेपाल सरकारसँग माग गरेका छन् । गत भाद्र २ गते जिल्ला प्रहरी कार्यालय सप्तरीका एसपी सुत्ने कोठा, डिएसपी र इन्स्पेक्टर बस्ने कोठाको पश्चिमपट्टिको घरमा बस्ने एकल महिला आशा देवको विभत्स हत्याएको थियो । हत्याको अनुसन्धान तथा सोधपुछका लागि प्रहरीले ६ जनालाई पक्राउ गरेको थियो । पक्राउ परेकामध्ये एक जना बिक्की मेहतर रिहा भएर आउँदा उनलाई प्रहरीले अमानवीय तरिकाले यातना दिएको बताएका थिए । सो यातना मानव अधिकारविरूद्ध भएको भन्दै पाँच वटा सामाजिक संघसंस्थाहरूले भर्त्सना गरेका छन् । प्रहरी कार्यालयकै छेउमा महिलाको हत्या हुनु र त्यसको अपराधिक पक्राउ पर्न नसक्नु प्रहरीको निरीहता रहेको ती संगठनहरूले आरोप लगाएका छन् । तसर्थ, महिलाका हत्यारालाई पक्राउ गरिनुपर्ने र प्रहरी हिरासतभित्र यातना दिने प्रहरीलाई कारबाही गर्नुपर्ने माग प्रेस विज्ञप्तिमार्फत् गरिएको छ । सेतु सामुदायिक विकास तथा मानव अधिकार मंच सप्तरीका अध्यक्ष जंगबहादुर सिंह, महिला अधिकार मंच सप्तरीकी अध्यक्ष ललिता चौधरी, महिला हिंसाविरूद्ध राष्ट्रिय अभियानकी प्रभा साह, महिला सशक्तिकरण नेपालकी गीता यादव र मधेशी महिला वकालत मंचकी राष्ट्रिय अध्यक्ष आभा सेतु सिंहद्वारा जारी विज्ञप्तिमा यस्तो माग गरिएको छ ।

# श्रीरामको सम्पूर्ण भारतवर्ष-तीर्थयात्रा

**प्रारम्भः**

ॐ राम रामाऐं नमः । श्रीशिवजी पार्वतीलाई भन्नुहुन्छ कि रामले रावणबध गरेर अयोध्यामा राज्यारोहण गरिसकेपछि एकदिन सीताले उहाँलाई वनवास जाँदा गंगा नदीलाई आफूले फर्कदा पूजा गर्ने भाकल सम्झाएपछि उहाँले सपरिवार, अयोध्याबासी, गुरूहरू, थुप्रै राजा, सैनिक, विभिन्न कामदार, पकाउने आदिलाई लिएर राम तथा भाईहरू, सीता र बुहारीका साथ हाथी-हथीनीमा चढी तथा बाँकीलाई पुष्पक विमानमा चढाई प्रस्थान गर्नुहुन्छ । रामको हाथीमा कोविदारध्वज (श्वेतरङ्ग, बाल्यकालमा मन्त्री सुमन्त सारथी भएको पिताको रथमा चढेका थिए जसलाई 'राम' भनिन्छ), वाणध्वज (नीलोरङ्ग, यसै रथमा चढेर एक वाणमा ताडकालाई मारे जहाँ उनलाई 'श्रीराम' भनिन्छ), कपिध्वज (हरियोरङ्ग, रावणले युद्धमा रामरथको ध्वजा काटिदिंदा रामले हनुमानलाई ध्वजामा बस्न भनेका थिए जहाँ रामलाई 'राघवेन्द्र' भनिन्छ) र गरूडध्वज (पहेलो रङ्ग, रावणले अन्तिम युद्धमा रामको तत्कालीन ईन्द्रका सारथी मातलीलाई मूर्छित गरिदिंदा रामले विष्णुरथको गरूडलाई रथमा बस्न र दारूणलाई चलाउन भनेका थिए जहाँ राम 'भूपेश' कहलिए) गरी चार चिन्ह सजाइए । कुम्भोदर ऋषीको भनाईपछि राम कहाँ-कहाँ जानुहुन्छ, त्यो दण्डकारण्य वननिवासी **नृसिंह मुनी** सुपुत्र **रामदास**ले आफ्ना शिष्य **विष्णुदास**लाई भने अनुसार भन्नेछु । शिवजी भन्नु हुन्छ कि रामजी गंगा पूजनार्थ पहिला अयोध्याबाट हरेक आधा योजन (दुई कोस)मा निर्मित सुविधासम्पन्न शिविर अनुसार कुनै एउटा शिविरमा पडाव गर्नुभयो जहाँ उहाँलाई महिला सैन्य कमाण्डरहरूले सलामीदिई भित्र सिंहासनमा लगे । त्यो सुनेर **मुद्‍गलऋषी** निजको भगीरथी नदीको नयाँ आश्रमबाट पुरानो आश्रममा राम दशनार्थ फर्के जहाँ रामले लक्ष्मणलाई भनेर एक तीरले सरयू नदीको एकधार र गंगा नदीको एकधारलाई काटेर त्याई नयाँ संगम बनाए र स्वयंले पूजा गरे अनि दद्री नगरी बसाए र नौ दिनसम्म त्यहीं बिताए । पछि त्यही **च्यवनऋषी** दर्शनाथ आए र उनको भनाई अनुसार मगध देशका सैन्यले उनको आश्रममा फलफूल कसैलाई टिप्न नदिंदा परेको असरलाई हटाउन स्वयं रामले एकवाण चलाएर आश्रम वरिपरी 'रामरेखा' ताने र रामनगर पनि बसाए र कीकट देश पुण्य भई पुनपुना नदी बग्न थाल्यो । पछि **कुम्भोदरऋषी** आए र रामको सुखद आगमनको समाचार सुनी 'मनमनै रामले भारतवर्षको हरेक ठाउँमा मानवधर्म र गृहस्थ आश्रमनीति सिकाउनुपर्छ' भनेर रामले सैन्यलाई आज्ञा दिए अनुसार ऋषीले भोजनग्रहण नै नगरी जान लाग्दा सैन्यले रोक्दा 'रावणलाई मार्ने पापले भरेको रामको भोजन उनले तीर्थयात्रा र यज्ञ नगरूञ्जेल नगर्ने' भने ।

तदनुसार गुरू वसिष्ठको रायानुसार रामपनि मुस्कुराईकन अब पुष्पक विमानलाई दस योजन ( चालीस कोस) लामो र उँचाई भएको धेरै अटाली, शालाहरू, बजार बन्ने आज्ञा दिई सोहिभित्र जनावर आदि राखेर सबैजना पुष्पकबाट अलि पश्चिम उडेर फेरी पूर्वी भारतको तीर्थाटनमा निस्के ।

**पूर्वीभारत प्रदेशीय तीर्थाटन**

पहिला राम सबै जनासहित प्रयाग (त्रिवेणी) गए र त्रिवेणी, वेणीमाधव, सोमनाथ, भारद्वाज, नागवासुकी, अक्षयवट, दश्वासमेघ गरि अष्टतीर्थ गरे । विन्ध्याचल (विन्ध्यावासिनी दुर्गा दिव्यमन्दिर) पूजा र दान गरि बढे । अनि काशी गए जहाँ शिवजी आफैं बयलमा बसेर स्वागतार्थ आए । रामले शिर झुकाए भने शिवले आलिंगन गरे । पछि राम-शिव सबैसंग मणिकर्णिका गए र रामले सीतासहित क्षौर (कपाल खौरनु तर सीता महिलाले चार अंगुलीमात्रै कपाल काटिन्) गरे । त्यहाँ अन्तगृही, महायात्रा, दुईटै मानसयात्रा तथा बयालीस र आठ लिङ्गयात्रा, छप्पन गणपालयात्रा, आठ भैरवयात्रा, चौंसट्ठ योगिनियात्रा, नवदुर्गायात्रा, आठ दिक्पालयात्रा र क्षेत्रको पञ्चकोशी प्रदक्षिणा गरि चौधयात्रा गरे । पछि वरूणा दनीको तटमा रामेश्वर महालिङ्ग स्थापना गरि स्वयं र भाईहरूको नाममा भगवती भागीरथी नदीको तटमा रामतीर्थपनि बसाए । हनुमान पनि त्यहां आईपुगे र हनुमानघाट स्थापित गरे । मन्दिरमा पूजा नियमित गर्न, मन्दिर जिर्णोद्धार गर्न, पूजारी, विद्यार्थी आदिलाई निकै ठूलो दान गरे । कार्तिक मासमा त्यहाँ पञ्च गंगामा रामसीताले स्नान गरि करिब एक वर्ष बिताएर विश्वनाथ, कालभैरव, गणाधिप, अन्नपूर्णा तथा दण्डपाणिलाई बारम्बार नमस्कार गरि विदा लिए । त्यहाँबाट गंगा नदीको दक्षिण तटतिर कर्मनाशा नदी हुँदै च्यवनऋषी आश्रम गए र स्वयंद्वारा खिंचिएका रामरेखा देखाएर दान गरे । पछि शोणभद्र-गंगा संगममा गएर तीन रात बिताए । अनि गण्डकीको संगममा स्नान गरि (आजको नेपालको पशुपतिनाथको) पूजा गरेः चकार वासं तीर्थेषु धर्मान् कुर्वन् यथासुखम् । गंडकीसंगमे स्नात्वा नेपाले जगदीश्वरम् ॥७१॥ (पृ. १९१, *आनन्दरामायण*) । त्यहाँबाट हरिहरक्षेत्र, बैकुण्ठजलमा स्नान गरि बैकुण्ठनगर, जरासन्धको राजगृहनगर गए ।

अनि गयाजी गएर फल्गु नदीमा स्नान, दिव्य विष्णुपदको दर्शन, सीताले सोहागिन स्त्रीहरूको पूजा गरि सैकतप्रदेशमा निलो बालुवा दाहिने हाथमा लिई पांच पिण्डले दुर्गाजीको प्रतिमा बनाउन लाग्दा उनको एकएक गरि एकसय आठ पिण्ड उनका स्वसूर दशरथले दाहिने हाथले जमिनमुनीबाट लिई दिए । सीता फर्किन् तर डरले केही बोलिनन् । रामले प्रेतशिलामा पिण्डदान गर्नलाग्दा दशरथको हाथ नदेखिंदा लक्ष्मणलाई कारण सोधे र उनले सीतालाई ! सीताले घट्ना बताएपछि साक्षी ल्याउन रामले भने तर आम्रवृक्षले रामको डरले साक्षी बकेन र सीताले मगधदेशमा फलहीन हुने, फल्गु नदीलाई अधोमुखी (अन्तर्मुखी) भएर बग्ने, उपस्थित बाहुणहरूलाई द्रव्यले कहिल्यै तृप्त नहुने, बिलारलाई पुच्छर अछूतो हुने, गौलाई मुख अपवित्र हुने, अश्वत्थ (पीपलवृक्ष)लाई अचलदल हुने श्रापहरू दिईन् । पछि सूर्यले बकिदिए । त्यहां स्वयं दशरथ रथमा आए र जानकीको हाथले पिण्डले तृप्त भएको बताए र गयामा पिण्डदानमा धेरै बाधा आउने बताए तर रामले हतारमा जानकीको हाथले बालुवाको पिण्डलिएको भनी असन्तुष्टि जनाए । दशरथले रामको हाथबाट पितृ अन्न/द्रव्य लिई फर्कंदा उनी प्रेतपर्वत गई पिण्डदान गरे । मगधदेशको आम्रवृक्षलाई एकजना मुनीसंग पानीले सिंचे (उखान चरितार्थ भयोः एक क्रिया द्वयर्थकरी) । गयामा एक वर्ष बिताए र पुष्पक राखिएको ठाउंलाई पछि त्यहां विप्रहरूले रामगया भन्न थाले । पूर्वतिर फल्गु-गंगाको संगमभई मुद्‍ग्लऋषीको नवीन आश्रम गए । गंगा उत्तरवाहिनी भएर बग्ने ठाउंमा राम र सीता दुवैजनाले 'भविष्यमा जानकीले यहीं भूमीमा प्रवेश गरि दिव्यरूप धारण गर्नेछिन्' भनी स्वयंका नाममा तीर्थ पहिल्यै स्थापना गरे ! सो गंगा उत्तरवाहिनी र एउटा नगरीबीच गंगाको मध्यमा बिल्पेश्वरपर्वत हुँदै रावणद्वारा स्थापित वैद्यनाथजीको दर्शन गरी प्रयागदेखि सय योजन ( करिब चारसय कोस) दूरस्थित गंगा दुईभागमा बांडिने ठाउंहुँदै सहस्र भागभई समुद्रमा मिल्ने ठाउंमा विमानसहित पुगे । कालिन्दी-समुद्रको संगममा स्नानगरि समुद्र पूर्वी तटमा पुरूषोत्तमको दर्शन गरे अनि गोदावरी-समुद्रको संगम स्नानगरि दक्षिणमार्गबाट पूर्वदिशातिर गई पुनः दक्षिणभारततिर लागे ।

**दक्षिणभारती यात्रा**



मनोहर मत्स्यतीर्थ - महानदी-कृष्णानदी पारगरि - पानक नृसिंहतीर्थ - कृष्णा-समुद्र संगम स्नान - शैलपर्वत (कृष्णानै नीलगंगा हो, स्नान गरि श्रीमल्लिकार्जुन दर्शन, पुनर्जन्म निवारणार्थ ब्रम्हकुण्ड स्नान) - भीमकुण्ड, निर्वृतिसंगम - तुङ्गभद्रा संगम - महानदी सरोवर - भवनशिनी आदिमा स्नान - पुष्पगिरी गएर पिनाकिनी नदी स्नान - पंपासरोवर ( शबरी आश्रम) - किष्किन्धा (सुग्रीव र वानरहरूलाई लिए) - प्रवर्षणगिरी (सीतालाई वर्षाको चारमहिना आफू सोही गुफामा बसेको कुरा मुस्कुराउँदै रामले बताए) - पुनः भीमकुण्ड स्नान गरि षडानन्द कार्तिकेय स्वामीको दर्शन - अगस्त्यकुण्ड स्नान - कनकगिरीस्थित शम्भु दर्शनपूजा - वीरभद्र दर्शन गरि अद्रिवेङ्कटलाई नमस्कार - तृप्तिपतन (तिरूपति नगर)मा गोविन्दराज दर्शन, कपिलधारामा स्नान र तीर्थश्राद्ध - शेषाचल गई पुष्करिणिमा स्नान, वेंङ्कटेश पूजा र पञ्चतीर्थ स्नान - सुवर्णमुखहरी तटमा श्रीकालहस्तीश्वर पूजा - शिवकांची र विष्णुकांची ( एकांबरेश्वरको पूजा) - कामाक्षीदेवी नमस्कार गरी वेगवती नदी स्नान - वरदराज दर्शन र पक्षितीर्थमा त्यहां पूषा र विधाता दुई पक्षीको पूजा - विमानद्वारा क्षीरनदी स्नान गरि त्रिविक्रम दर्शन - अरूणाचल नमस्कार (स्मरणमात्रले मुक्ति) - मुक्तानदीको तटमा वृद्धाचल (वृद्धाचलेश्वर पूजा) - वटपाल (वटपालेश्वर पूजा) - मुष्टितीर्थ (यज्ञवराह पूजा, दर्शनमात्रले निर्वाण दिने चिदम्बरेश्वरको दर्शन) - कावेरी नदी परगरि सिंहक्षेत्र - ब्रम्हपुरेश्वर र वैद्यनाथलाई प्रणामगरि - शंखमुखीमा स्नान - छायावन - गौरीमयूर - वेदारण्य (मध्यार्जुन शिव दर्शन) - वृद्धकावेरीमा स्नान गरि कुम्भकोणम् - श्रीनिवास दर्शनपछि वृन्दावन - सारनाथ दर्शन - श्रीवत्स दर्शन - पुनः प्रयागमा वेणीमाधवको दर्शनपछि आम्रशिरस (आकाशको समान लीलाकमलालय हेरे) - त्यागेश्वरी पूजनपछि गयातीर्थ स्नान - दक्षिण द्वारका र श्रीगोविन्दलाई ढोग्दै - जैपाल नगर (अभयदेश्वर अर्चना) - विघ्नेश्वर दर्शन (नवपाषाणसर स्नान) - देवीनगर (बैतालतीर्थ स्नान) - सागरपारी भैरवतीर्थ - लक्ष्मणकुण्ड, रामकुण्ड, अग्नितीर्थ, धनुष्कोटितीर्थ, जटायुतीर्थ आदि स्नान - गंधमादनपर्वत (समुद्रपारगरि रावणबधको लागि लंकाजाने क्रममा काशीबाट हनुमानले ल्याएका शिवलिङ्ग विश्वनाथको दर्शन), स्वयंद्वारा बालुवाले स्थापित रामेश्वरलिङ्गलाई गंगाजलले स्नान - धनुष्कोटितीर्थमा कोटितीर्थ कूप खन्न लगाए - श्रीसेतुबंध माधवको दर्शन गरि करिब एक मास त्यहां निवास - पुनः क्षेत्रपापको शान्तिको लागि कोटी तीर्थ स्नान - समुद्रपारी दर्भशयन तीर्थ ( निक्षेपिका/ताम्रपर्णी/सागरको संगममा स्नान, कार्तिकेय स्वामी पूजा) - नववेंकटेश्वरहरूको पूजागर्दै तोताद्रि - सिंधुतीरमा कन्याकुमारी (यिनको पिताले कन्याकुमारीको विवाह सुरेन्द्रसंग गर्ने भन्दा उनले रामलाई श्रीमान्मानेर उभिइरिहन् तर रामले यस जन्ममा एकपत्नीव्रत आफूले धारण गरेको बताए र कृष्णावतारमा उनी जाम्बवतीको नामले जन्मिंदा विहे गर्ने बताए, त्यहां पयोष्णीमा रामको स्नान) - **आद्यानन्ततीर्थ (रामले लक्ष्मी तथा गरूडले सेवित शेषनागमा शयनगरिरहेका भगवान विष्णुलाई नमस्कार गरे)** - ताम्रपर्णीको पश्चिमवाहिनी तट - पद्मतीर्थ अनन्तशयन दर्शन - शंखतीर्थ (मत्स्यनदी स्नान) - पुष्पकद्वारा धर्माधर्म सरोवर - जनार्दन दर्शनपूजा (पश्चिम समुद्रीतट, अमावस्या तथा पूर्णिमामा गंगानदी/समुद्र संगममा स्नान) - उता स्त्री राज्य ( नगएर फर्क्का) । सोपछि घृतमाला, कृतमाला तथा सिन्धुनदीमा स्नान - गजेन्द्रमोक्ष स्नान (ताम्रपर्णीको उद्‍गम) - मैराल तीर्थ - चन्द्रकुमार पर्वत - पश्चात् विमानबाट दक्षिणकाशी (विश्वनाथको दर्शन) - चम्पकारण्य ( चित्रगंगा स्नान गरि दर्शनमात्रले कल्याण हुने हरिहरको दर्शन) - मधुपुरी (वेगवतीनदीमा सौंदरेश्वर दर्शन) - मिनाक्षीदेवीको दर्शन - द्रविडगिरि (वंकटेश्वर दर्शन) - कावेरीनदीको मध्यभागमा श्रीरंगशयनको दर्शन - मातृभूतेश्वर दर्शन - जंबुकेश्वर दर्शन - रंगनाथ पूजा - अविनाशी तीर्थ (हैमवती स्नान) - रामनाथपुर (कुमारधारा अवगाहन गरि सुब्रम्हण्यदेवीको पूजा) - उडुपी (कृष्ण) पूजा - श्रृङ्गाख्य आश्रम (तुङ्गभद्रा नदी स्नान, श्रृङ्गिगिरिस्थित शारदादेवी दर्शन - कुम्भकाशी - कोटीश्वर (मुकांबिका देवी दर्शन) - मुण्डेश्वर शिव दर्शन - गुणवंतेश्वर - धारेश्वर - गौरेश्वर - सर्गेश्वर दर्शन - महेन्द्र पर्वत (भीमेश्वर), गोकर्णेश्वर, जामदग्न्य दर्शन - धौम, महाबली दर्शन - कोलापुर - करवीरपुर (कृष्णा/वेणी संगम स्नान) - गदालक्ष्मीश्वर दर्शन - मल्लारीश्वर दर्शन - कारानदी (वक्रतुण्ड दर्शन) - नीरानदी स्नान गरि नृसिंह र पांडुरङ्ग पूजन - चन्द्रभागा स्नान - भीमानदी संगम स्नान - चन्दला स्नान - प्रेमपुर (मार्तण्ड प्रभु र नीलदुर्गा दर्शन) - तुलजानगर (देवी दर्शन) - माणिक्य अंबा दर्शन - अंबापुर (योगेश्वरी अम्बा दर्शन, वैद्यनाथ नमस्कार) - वंजरा संगम - विमानले गई नागेश्वर दर्शन - पूर्णा संगम स्नान - गोदावरी उत्तरी किनारमा रामपुरी बसाइकन पुनः मुद्‍गलऋषी आश्रम हुदै वाणतीर्थ स्नान (सिन्धु/फेना संगम), गोदावरी स्नान - अब्जक नदी स्नान गरि त्रिविक्रम दर्शन - गोदावरी तटमा अर्को रामपुरी बसाए - अम्बिका/चण्डिका पूजा - आत्मतीर्थ स्नान - विज्ञानेश्वर दर्शन (बडवासंगम स्नान) - प्रतिष्ठानपुर (वृद्धैल संगम स्नान) - शिवनन्दा संगम स्नान तथा नृसिंह पूजा - रामतीर्थ - प्रवरा संगम (सिद्धेश्वर प्रणाम) - निवासाख्यपुर - नूपुरनगर - गोदावरी तटहुँदै पुण्यस्तम्भ - कद्रू संगम - विनता संगम - जनस्थान - त्र्यंबकेश्वरलगायत अन्य स्थानको दक्षिण भारतमा तीर्थाटन रामले गरे ।

**भारतको पश्चिमि प्रदेशको यात्रा**

विष्णुदासले गुरू रामदासलाई सोध्छन् कि रामले कसरी पैदल नगई विमानमा तीर्थाटन गर्न शास्त्रविपरीत गए जसमा रामदासले शास्त्रलाई अझ कोट्याएर भने कि मांडलिक अर्थात् एक मंडलको राजाले पैदल नै जानुपर्छ तर पृथ्वीपति, देवता, विवाहहुने वर, मठाधीश, छत्रचर्मधारी पुरूषलाई पैदल सवारी गर्नुहुँदैन । श्रीरामले त्र्यम्बकधामदेखि पैदल पर्वत चढे र सीताको साथमा पहिलो पटक लामो यात्राको क्रममा निदाए र त्यहां तीन रात बिताए पछि सप्तश्रृङ्ग पर्वत (अगस्त्य मुनि आश्रम) - सुतीक्ष्ण मुनि आश्रम - चैलपुर (घृणेश्वरको नमस्कार गरि शिवतीर्थ स्नान) - विरजाक्षेत्र ( मातापुरनिवासीनी देवी नमस्कार) - देववाटमा नृसिंहलाई प्रणाम - पयोष्णी नदी स्नान - तापीको उद्‍गमस्थान स्नान - रामनाम पर्वत (रेवा स्नान गरि ओंकारेश्वर पूजा) - तापी/नर्मदा नदी संगम स्नान - महानदी स्नान - प्रभासक्षेत्र (पंचसरस्वती स्नान) - सौराष्ट्र (गुजरात)मा सोमनाथ दर्शन - भ्रमती नदी - शंखोद्धार तीर्थ - गोमती नदी स्नान द्वारावती (द्वारिका) - सरस्वती नदी किनारभएर पुष्करराज/पुष्करनगर सवस्त्र स्नानगरि तीर्थश्राद्ध गरि काशीभन्दापनि बढी दान गरे ।



मनोज कुमार कर्ण

**उत्तरभारतको तीर्थ यात्रा र अयोध्याफर्कनेक्रम**

श्रीरामले पुष्कर नगरबाट उत्तरी पर्वत दृश्यावलोकन गर्दै ज्वालामुखी पुगे - श्रीमणिकर्णिका तीर्थ/करतोया (करतोया नदी स्नान गरि पार नगरीकन फर्के किनकि शास्त्रमा उल्लेख छन् कि करतोया पार गर्दा प्रायश्चित हुन्छ भने कर्मनाशा नदीको स्पर्शमात्रले, गंडकी नदीमा हाथले तर्दा र आफूले गरेको धर्मलाई बखान गर्दा आर्जित धर्म नष्ट हुन्छ) - देवप्रयाग - अलकनन्दा नदीको किनारै किनार हिंडदै दर्शनमात्रले मुक्तिपाईने नरनारायणको दर्शन - बदरिकाश्रम - केदारेश्वर दर्शन - **हिमाद्रि पर्वत (अनेक धातुले मंडित तथा धेरै देवता र गन्धर्वको निवासस्थान)** - महापथ - सर्वसिद्ध मानसरोवर स्नान (गंगा र सरयू नदीको संगम) - बिन्दूसरोवर स्नान गरि - हिमालय पर्वत - **मेरूपर्वत** (ब्रम्हाजीले रामलाई आलिंगन गरे, राम/सीताले ब्रम्हा तथा ईन्द्रादि देवतालाई लामो विधिवत् पूजन गरे र उनीहरूलेपनि रामलाई लामो पूजन गरे र सो अवसरमा ब्रम्हाले रामलाई कामधेनु गाई सौंपिदिए) - कैलास पर्वत (रामसमूहसहित ब्रम्हाजी र ईन्द्रादि देवताहरूपनि कैलास गए । रामले प्रणाम गरे अनि शिवजीले रामलाई आलिंगन गरे भने पार्वतीले सीतालाई आलिंगन गरि चन्दनले पूजा गरिकन सूर्यसमान दीप्तिभएको अनेक आभूषण र वस्त्र दिए र साथै दुई कर्णफूल, दुईवटा चूडा, सानासाना घुंघुरू शब्दयुक्त करधनी, चन्द्रमाको समान कान्तिभएको दुई सिमान्तभूषण र मणि तथा मोतिका हार दिए । उता शिवले रामलाई चिन्तामणि गलामा लगाईदिए । रामले त्यहीं सबैलाई अश्वमेघ यज्ञको लागि धर्तिमा पधार्न आमन्त्रित गरे । त्यहीं सीताले रामलाई कामधेनु मेरी तथा चिन्तामणि तपाईंको भयो भनिन्) - भागीरथीको किनारभई हरिद्वार - ईन्द्रप्रस्थ (दिल्ली), कुरूक्षेत्र स्नान - मथुरापुरी/वृन्दावन - गोबर्धन पर्वत - अवन्तिका (उज्जैन, छिप्रा नदी किनार) नगरी शनैः शनैः परम् पवित्र पूजा - गजाद्वय (हस्तिनापुर) क्षेत्र तथा सागरकूप - नैमिषारण्य (गोमती स्नान), पौराणिक सूत दर्शन, शौनकादि ऋीषी पूजन, ब्रम्हावैवर्त सरोवर स्नान - तमसा नदी अवगाहन भई अयोध्या फर्के ।

अयोध्याको बाहिर गुरू वसिष्ठजीको अनुसार एक उपवास, दधिश्राद्ध र अनेक दान दिएर तीन दिनपछि श्रीरामले अयोध्या प्रवेश गरे । पांच दिनसम्म लामो यात्रामा लगेका सबै छिमेकी राजाहरूलाई आफ्नै महलमा आतिथ्य प्रदान गरि पछि अश्वमेघ यज्ञमा घोडाको पछिपछि भ्रमण गर्न र यज्ञमा भागलिन आमन्त्रणसहित विदाई गरे । सो अवसरमा श्रीरामले आम जनतालाई आफू भूमीमा राज्य गरूञ्जेल जहां दिनभरी कमाई गरेपनि हरेक बेला रामकै दरबारमा आएर भोजन गर्न आजीवन आग्रह गरे र साथै स्पष्ट पारे कि जो भक्तिपूर्वक सुखले आफ्नै घरमा भोजन पकाउन चाहन्छन्, उनीहरूलाई स्वागत छ ।

**प्रष्टीकरण/निष्कर्शः** १) श्रीरामले कहिल्यै महिलालाई भेदभाव गर्नुभएन, २) रामायणमा केवल दुख रहेको लाग्छ किनकि शिवजीले पार्वतीलाई भन्नुभए अनुसार मानिसले केवल सारकाण्ड (रामजन्मदेखि रावणबधसम्म) पढ्छन्, अगाडी यात्राकाण्ड आदि पढ्दैनन्, ३) केही खास ऋषी आश्रम, नदी, संगम, रावणबधकालीन् स्थलमा दोहोऱ्याई/तेहेऱ्याई आउनु हुन्छ वा सीतालगायत अयोध्यावासी र अन्य राजाहरूलाई लानु हुन्छ र पुनः सोही दिशामा तीर्थाटन गर्नुहुन्छ, ४) उहांले हरेक ग्रह, ऋषी, देवी-देवता, बैताल, पंक्षी, नदी, भगवान आदिलाई उतिकै सम्मान गर्दै पूजा-अर्चा गर्नुहुन्छ र शास्त्रवर्जित नदीबाहेक हरेक नदी र नदीका संगममा स्नान गर्नुहुन्छ, ५) सो बेलाका हरेक ठाउंमा पुगेर मानवधर्म सिकाए तथा नयां-नयां नगरहरू स्वयं, भाईहरू, सीता, हनुमान आदिको नाममा बसाए तथा यहां उल्लेखित नामहरू साविक वा पछि जसरी प्रख्यात हुनेभए, त्यसरी नै छन्, ६) यो लेख विशुद्ध धार्मिक हो । घरमै बसीकन भारतका हरेक प्रमुख तीर्थलाई भारतवर्षलाई सम्मान गर्दै सम्पूर्ण रामायण पढ्ने फुर्सद नहुनेलाई यस दशैं, तिहार, छठ आदि पर्वको अवसरमा जानकारी गराई भोली ती ठाउंमा पुग्दा के गर्ने भन्ने श्रीरामको आज्ञाले हिन्दू/सनातन धर्ममा विश्वास गर्नेहिन्दू वा गैरहिन्दूलाई श्रीराम कार्यद्वारा निवेदन गर्नु ७) श्रीरामदासले शिष्य विष्णुदासलाई भन्नुहुन्छ कि जसले विहान स्नानगरि 'यात्राकाण्ड'लाई अध्ययन गर्छ वा श्रवण गर्छ उसले समस्तयात्राको फल प्राप्त गर्ने, ब्रम्हहत्याको पापबाटपनि मुक्तिपाउने, धन कमाउन घरबाट निस्कंदा कृत्यभएर फर्कने, जन्मजन्मान्तरको पापबाट पवित्र हुने, सबै मनोरथ रामको कृपाले पूर्णहुनेछ, ८) यस यात्रामा उल्लेखित सबै गुण तथा यश स्वयं महादेव, पार्वती, रामभक्तद्वय रामदास र विष्णुदासलाई जान्छ भने भूलवश त्रुटीभएमा दण्ड यस लेखकलाई आओस्, ९) यस जानकारीका प्रमुख स्रोत श्रीमद् वाल्मीकिको *आनन्दरामायण*, पं. रामतेज पाण्डेयद्वारा परिमार्जित चौखम्बा प्रकाशन (दिल्ली), श्रीरामस्य तीर्थयात्राको चित्र अति संक्षेपमा *नयनदृष्टम् ऐतिहासिक भारतम्*, प्रज्ञा प्रकाशन, लखनऊ, डा. कृष्ण नारायण पाण्डेयबाट लिईएका तथा श्रीराम-सीता चित्र जनकपुरस्थित जानकी मन्दिरको हो आदि ।

*(लेखक पाटन संयुक्त क्याम्पसमा उपप्राध्यापक हुन्)* ।



## संक्षिप्त समाचार

### साहित्यकारको सम्मानमा कविगोष्ठी

विराटनगर । भारतीय नेपालीभाषी साहित्यकारको सम्मानमा कविगोष्ठी आयोजना गरिएको छ । पूर्वाञ्चल साहित्य प्रतिष्ठान र परोपकार अभियान समूहको संयुक्त आयोजनामा कविगोष्ठीको आयोजना भएको हो । कविगोष्ठी कार्यक्रममा भारतीय नेपाली भाषी साहित्यकार ज्ञानबहादुर क्षेत्री, चन्द्रमणि उपाध्याय, विष्णु शास्त्री, माधव भट्टराई, छत्रमान सुब्बा, कृष्ण आचार्य, प्राञ्जल प्रतिम बोहरालगायतले कविता वाचन गरेका थिए । भाषा, साहित्य र कलाको राजनीतिक सीमा नहुने भन्दै नेपालमा आएर आफ्ना सिर्जना प्रस्तुत गर्न पाएकामा उनीहरूले खुशी व्यक्त गरे । कवि चूडामणि अकिञ्चनले असमी भाषामा उनीहरूलाई स्वागत गर्नाका साथै समालोचक प्रा डा गोविन्दराज भट्टराई, दधिराज सुवेदी, परोपकार अभियान समूहका अध्यक्ष बाबुराम न्यौपाने, कवि दिङ्लाली कान्छोलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका छन् ।

### हराएको मोटरसाइकल भेटियो

नेपालगञ्ज । वडा प्रहरी कार्यालय नेपालगञ्जको सक्रियतामा एक ब्यक्तिले आफ्नो हराएको मोटरसाईकल फिर्ता पाएका छन् । वडा प्रहरीको टोलीले असोज १४ गते परस्पुर चौकमा बेवारिसे अवस्थामा भे ५ प ६३१९ नम्ब्रको मोटरसाईकल फेला पारी कार्यालयमा सुरक्षित राखेको थियो । वर्दिया गुलरिया नगर पालिका वडा नं.११ घर भई हाल नेपालगंज उप महानगर पालिका वडा नं.१४ बस्ने मोहमद वकिल कुरेसीले मोटरसाईकलको कागजात हरू कार्यालयमा पेश गरेपछि वडा प्रहरी कार्यालयले बिहिवार मोटरसाईकल हस्तान्तरण गरेको वडा प्रहरी इन्चार्ज प्रहरी निरक्षिक नारायण डांगीले बताए ।

### विद्युत चुहावट कम गर्न पहल गरिने

कपिलवस्तु । कपिलवस्तुको मायादेवी गाउँपालिकाले विद्युत चुहवाट कम गर्नका लागि आफ्नै गाउँपालिका स्तरीय समिति बनाउन लागेको छ । मायादेवी गाउँपालिकाको अयोजना तथा नेपाल विद्युत प्रधिकारण तौलिहवा वितरण केन्द्रको सहजिकरणमा भएको अन्तरक्रिया कार्यक्रममा मायादेवी गाउँपालिका स्तारिय विद्युत चुहवाट नियन्त्रण समिति बनाउने गाउँपालिका अध्यक्ष बजरंगी प्रसाद कुर्मीले बताएका छन् । विद्युत चुहवाट कम गर्नको लागि गाउँपालिका भित्र विभिन्न प्रकारका जनचेतना मुलक कार्यक्रम संचालन गर्ने बताएका छन् । कुर्मीले अबको दिनमा विद्युत कार्यालयसँग समन्वय गरि सबैको घरमा मिटर जडान गर्ने बताएका छन् ।

### ३ जनाको मृत्यु, ३३ जना घाईते

कपिलवस्तु । पूर्व पश्चिम राजमार्ग अर्न्तगत जिल्लाको गोरूसिंगे जंगलमा टिप्पर र बसको ठक्कर हुंदा १ जनाबालकको सहित ३ जनाको मृत्यु भएको छ भने दुर्घटनामा परी १४ जना गभिंर घाईते भएका छन् । दुर्घटनामा परी दांग जिल्ला गढवाका ४ वर्षीय सुसान्त सुनार, सोही स्थानकै २५ वर्षीय पुजा सुनार, नाम नखुलेका अन्दाजी ४० वर्षीय एक पुरूषको मृत्यु भएको प्रहरीले जनाएको छ । दांगबाट बुटवल तर्फजांदै गरेको ना ६ ख २५०० नम्बरको बस र विपरित दिशाबाट आएको लु २ ख १४७७ नम्बरको टिप्पर एक आपसमा ठोक्किदा दुर्घटना भएको टफिक प्रहरी निरिक्षक बाबुराजा पन्तले बताए । घाईते सवैलाई उपचारको लागिअन्चल अस्पताल बुटवल पठाईएको प्रहरी नायव उपरीक्षक रवि रावलले बताए टिक्करको ठक्करबाट वसको आगाडीको भाग पूर्ण रूपमा क्षतिभएको छ ।

### हिन्दू परिषद् ४० जिल्लामा विस्तार

वीरगंज । हिन्दू राष्ट्रको निम्ति सघर्षरत हिन्दू परिषद् नेपाल ४० जिल्लामा आफ्नो शाखा एवं संगठन विस्तार गरिसकेको परिषद्का राष्ट्रिय अध्यक्ष संतोष पटेलले बताएका छन् । पत्रकारहरूसँग कुराकानी गर्दै परिषद्ले संगठन विस्तारको कार्यलाई तीव्रता दिएको छ । शासन व्यवस्था जे होस् नेपाल पुनः हिन्दू राष्ट्र हुनु पर्छ भन्ने मूल मान्यताको साथ संगठन विस्तार कार्यमा नेपाली जनताको पूर्ण रूपमा साथ पाइरहेको बताउँदै हिन्दू राष्ट्रका निम्ति नेताहरूले जनतालाई ठगेकोमा जनतामा व्यापक विद्रोह रहेको बताएका हुन् । देशमा हिन्दू राष्ट्रको निम्ति माहोल बनी रहेकोमा आफ्नो इज्जत र स्वाभिमानका लागि साथ दिन सम्पूर्ण नेपाली जनतासँग पटेलले आग्रह गरेका छन् । परिषद्ले मुख्य रूपमा समृद्ध हिन्दू समृद्ध नेपाल अभियान, पाँच वर्षमा पचीस लाख नेपाली सदस्य बनाउने महाअभियान २०७५, धार्मिक एंव सामाजिक जागरण अभियान, जातीय छुवाछुत र विभेद अन्त्य गरौं महाअभियान संचालन गरेको छ ।

### लागूऔषधसहित पक्राउ

पर्सा । बीरगंज महानगरपालिका-१६ रजतजयन्ती चोकबाट पाँचथर फिदिम नगरपालिका( ५ बस्ने २८ वर्षीय कुमार बुढाथोकीलाई फेनरागन १ सय एम्पुल, नुर्फिन १ सय एम्पुल, र डाईजेपाम १ सय पम्पुल सहित र काभ्रे भकुन्डेबेशी गाउँपालिका(३ बस्ने बुद्द लामालाई नाईट्रोभेट ४५ एम्पुल सहित सोमबार प्रहरीले पक्राउ गरेको छ । सोही ठाउँस्थित लागूऔषध नियन्त्रण ब्यूरो ईकाई कार्यालय बीरगन्जबाट खटिएको प्रहरीले बुढाथोकी र लामालाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

### श्रीमतीलाई बन्चरो प्रहार गरी हत्या

कपिलपस्तु । कपिलवस्तुमा आफनै श्रीमानले बन्चरो प्रहरी गरी श्रीमतिलाई हत्या गरेका छन् । शिवराज नगरपालिका १ बन्कसबासका ४० बर्षिय बसन्त परियारले श्रीमतिलाई हत्या गरेका हुन् । हत्या गरेको आरोपमा प्रहरीले निजलाई प्रक्राउ गरेको छ । परियारलाइ विजयनगर गाँउपालिका १ मन्नगरमा लुकि छीपि रहेको अवस्थामा प्रकाउ गरेको हो ।उनले आइतबार ११ बजे राति श्रीमतीलाई बन्चरोले बन्चरो प्रहार गरी हत्या गरेका थिए ।परियारले मादक पदार्थ सेवन गरी श्रीमती संग झगडा गर्दै आएका थिए । परियारका २ छोरा र १ छोरी छन ।प्रहरीले परियारलाई १२ घण्टा भित्रै पक्राउ गरी हिरासतमा राखेको प्रहरी नायब उपरिक्षक रावि रावलले जानकारी दिए ।

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरू**

- विवाह गर्नको लागि पुरूष र महिलाको उमेर बीस वर्ष पूरा भएको हुनु पर्ने,
- दर्ता विवाह (Court Marriage) जिल्ला अदालतबाट हुने,
- एकासगोलका पति पत्नीले आˆ नो सम्पत्ति, आम्दानी तथा हैसियत अनुरूप आपसी सहमतिको आधारमा घर व्यवहार चलाउनु पर्ने,
- छोरा छोरीले आमा बाबुको आज्ञा, आदेशको पालना गर्नु पर्ने,
- छोरा छोरी उपरको कर्तव्य र जिम्मेवारी आमा बाबुको बराबरी हुने,
- अंशवण्डा गर्दा गर्भको शिशुलाई समेत अंश छुट्याउनु पर्ने,
- स्याहार गर्नेले अपुताली पाउने ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

# एक महिनापछि कर्मचारी भर्ना गर्छौं : राज्यमन्त्री यादव

राकेश यादव

रौतहट। प्रदेश २ का भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री योगेन्द्र राय यादवले संघीय सरकारलाई खुल्ला रूपमा चुनौती दिँदै एक महिनाभित्र कर्मचारी नदिएमा प्रदेश सरकारले आफ्नो प्रहरी र कर्मचारी भर्ना गर्ने ठोकूवा गरेका छन् ।

रौतहटको राजदेवी नगरपालिका वडा नम्बर ७ मुडवलबामा संघीय समाजवादी फोरम नेपाल वडा कमिटीले शनिबार आयोजना गरेको शुभ दीपावली र छठको शुभकामना आदान प्रदान कार्यक्रममा सम्बोधन गर्दै राज्यमन्त्री यादवले संघीय सरकारले प्रदेश सरकारलाई असफल बनाउने षड्यन्त्र गरिरहेको आरोप लगाए। उनले भने, 'प्रदेश सरकार अहिले विस्तारै विस्तारै आफ्नो खुट्टा टेक्दै अघि बढिरहेका छन् ।'

संघीय सरकारले संविधान अनुसार कार्य नगरेको र सोही अनुसार प्रदेश सरकार प्रहरी येन ल्याए पछि थ्रेटिंग गर्ने गरेको टिप्पणी गरे । ५ हजार कर्मचारी १ महीना भित्रमा संघले पठाएन भने करारमा भर्ना खोलेर कर्मचारी भर्ना गर्ने र सरकार सञ्चालन गर्ने बताएका छन् ।



बलियो सरकार बनाउनको लागि प्रदेश सरकार अघि बढ़ी रहेको बताए । राज्य मन्त्री यादवले केन्द्र सरकारका मन्त्री कति पटक रौतहटमा आए प्रश्न गर्दै यादवले लालबकैया नदीमा भएको डूंगा दुर्घटना र चंद्रपुरमा भएको तेजाब घटनामा प्रदेश सरकार आएर तुरून्तै राहत उपलब्ध गराएको जिकिर समेत गरे ।

प्रदेश सरकार मधेश आन्दोलनका शहीदको लागि आवशयक सहयोग गर्ने रणनीति योजना ल्याउने सोच बनाएको बताउँदै तत्काल परिवारलाई राहत पुग्ने उदेश्यले दुधालु पशु दिइने जानकारी गराए । राज्य मन्त्री यादवले राजदेवी नगरपालिकामा फोरम राजपाको बहुमत रहेकोले विकास र कार्यकर्त्ता तथा संगठन मजबुतीको लागि एक धिक्का भएर अघि बढ्नु पर्ने सुझाव दिए ।

मधेश आन्दोलन को कारन मधेशवादी पार्टीको सरकार रहेकोले मधेशी जनताको भावना विपरीत काम नगर्न निर्वाचित जनप्रतिनिधिलाइ आग्रह गरे । प्रदेश सांसद बाबूलाल साह जनताले निर्वाचित जनप्रतिनिधिको खवरदारी गर्नु पर्ने बताए ।

मत दिने जनता सर्वोपरि रहेकोले आफ्नो प्रतिनिधिको निगरानी गर्नु पर्ने उहाको कथन रहेको छ । जनप्रतिनिधिले बेईमानी गरे जनताले उंगली उठाउनु पर्छ भने सांसद साहले संघीयता माथि संकट आउने खतरा रहेकोले सतर्क हुनु जरूरी रहेको छ ।

संघले सिंह दरवार गाउ गाउमा दिएको भने पनि सिंह आयो दरवार कता हारयो भने कटाक्ष गरे । कार्यक्रममा संघीय समाजवादी फोरम नेपालका नेता रामेश्वर यादवले बहुमतको दुरूपयोग नगरी सदुपयोग गर्नु पर्ने धरना राखे ।

राजदेवी नगरपालिकाको विकास को लागि चालू आर्थिक वर्षमा होसियार भएर जानू पर्ने र नगए मधेशी जनता नछोड़ने चेतावनी दिए । कृष्णंदन प्रसाद यादवको अध्यक्षतामा कार्यक्रम संपन्न भएको थियो ।

# गौतमबुद्ध सामुदायिक मुटु अस्पतालमा सिटीस्क्यान मेशिनबाट सेवा

रूपन्देही । बुटबलमा रहेको गौतमबुद्ध सामुदायिक मुटु अस्पतालले काठमाण्डौं बाहिर सबैभन्दा बढि क्षमताको १ सय २८ सलाईसको आधुनिक सिटीस्क्यान मेशिनबाट सेवा सुरू गरेको छ । सिटीस्क्यान मेशिन प्रदेश ५ का प्रदेश प्रमुख उमाकान्त झाले उदघाटन गरे । सातकरोड रूपैयाको लगानीमा संचालन भएको सिटीस्क्यान सेवामा रोटरी क्लब अफ सेन्ट्रल बुटवल र रोटरी क्लब अफ सेन्ट्रल लुम्बिनीको सहकार्य रहेको अध्यक्ष एजाज आलमले बताए ।

प्रमुख झा ले गौतमबुद्ध सामुदायिक मुटु अस्पतालले काठमाण्डौं बाहिर सबैभन्दा बढि क्षमताको १ सय २८ सलाईसको आधुनिक सिटीस्क्यान मेशिन भित्राएर यसक्षेत्रको स्वास्थ्य क्षेत्रमा नयां आयाम थपेको वताए । यसक्षेत्रका बिरामीलाई यस्ले राह दिएको झाले बताए। उनले सरकारको एकल प्रयासले मात्र सबै क्षेत्रका कामहरू गर्न सम्भव नभएको भन्दै सामुदायिक क्षेत्रबाट अस्पतालमा गरेको सहयोग र लगानी प्रति प्रशंसा व्यक्त गरे ।

कार्यक्रममा रोटरी ईन्टरनेशनल डाईरेक्टर डा. भरत पाण्ड्याले गौतमबुद्ध सामुदायिक मुटु अस्पतालले हरेक वर्ष विभिन्न उपकरण तथा सेवाहरू थप गर्दै लगेको उल्लेख गर्दै सिटीस्क्यान पछि एमआरआई सेवामा पनि सहयोग जुट्नेमा विश्वास व्यक्त गरे ।

अस्पतालका अध्यक्ष एजाज आलमले जग्गाको अभावमा चारवटा घर भाडामा लिएर सेवा संचालन गर्नुपर्ने बाध्यता रहेकोले अस्पतालले प्रस्ताव गरेको जग्गाप्राप्ति हुन सके एकवर्ष भित्रै आफ्नै भवन निर्माण गर्ने योजना रहेको बताए । अस्पतालले सरकारसंग बुटवल १० रामनगरमा रहेको सामुदायिक वनको जग्गा प्रस्ताव गरेको छ ।

अस्पतालका निर्देशक डा. समिर गौतमले अस्पताल स्थापनाको पांचवर्षको अवधीमा अस्पतालले काठमाण्डौ बाहिर पांचवटा किर्तिमान कायम गर्न सफल भएको बताए । काठमाण्डौं भन्दा बाहिर सबैभन्दा ठूलो डायलाईसिस युनिट, नन ईन्भेन्सिभ भेन्टिलेटर, क्याथल्याब, भिभिडी ९५ ईको मेशिन र १ सय २८ सलाईसको सिटीस्क्यान सेवा संचालन हुने मुटु अस्पताल काठमाण्डौ बाहिरको पहिलो अस्पताल भएको वताए ।

झण्डै सातकरोड रूपैयाको लगानीमा संचालन भएको सिटीस्क्यान सेवामा रोटरी क्लब अफ सेन्ट्रल बुटवल र रोटरी क्लब अफ सेन्ट्रल लुम्बिनीको सहकार्य रहेको अध्यक्ष एजाज आलमले बताए ।अस्पतालमा संचालनमा आएको सिटी स्क्यान मेशिनले सिटिए कोरोनरी स्पष्ट रूपमा देखाउने र मुटुमा जाने नसामा देखिने समस्या पत्ता लगाउन सहज हुने अस्पतालका रेडियोलोजिस्ट डा. अजिज उल्लाहले वताए ।२०७० सालदेखि अस्पताल सुरू भएको थियो ।

# तीन रेल सेवाको सर्भेक्षण हुँदै

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले रक्सौल-काठमाडौं, रसुवागढी-काठमाडौँ र पूर्वपश्चिम रेलको सर्भेक्षण भइरहेको बताएका छन् । भारतीय कम्युनिष्ट पार्टी(मार्क्सवादी)का महासचिव सीताराम यचुरीसँग कुरा गर्दै उनले सरकारले कृषिको आधुनिकीकरण, ऊर्जा, रेलमार्ग र अन्य विकास निर्माणका कामलाई प्राथमिकतामा राखेर अघि बढेको बताए । महासचिव यचुरीले नेपालको विकास, ऊर्जा र पर्यटनका सम्भावनाका बारेमा राखेको जिज्ञासामा प्रधानमन्त्री ओलीले विद्युत् उत्पादनलाई प्राथमिकतामा राखिएको तथा सौर्य ऊर्जा, जीओ थर्मल र गुरूत्व आकर्षणबाट विद्युत् उत्पादन गर्ने प्रक्रिया पनि अघि बढेको बताए । सो अवसरमा भाकपा(मार्क्सवादी)का केन्द्रीय सदस्य जोगेन्द्र शर्मा, प्रधानमन्त्रीका प्रमुख सल्लाहकार विष्णुप्रसाद रिमाल, नेकपाका केन्द्रीय सदस्यद्वय कृष्णगोपाल श्रेष्ठ र विष्णु रिजाल सहभागी थिए ।

# प्रहरीले अमानवीय तरिकाले यातना दियो

काठमाडौं । हत्या अभियोगमा स्वीकारोक्ति गराउन प्रहरीले सप्तरीको राजविराज ६ का युवक बिक्की मेहतरलाई चरम यातना दिएको कार्यप्रति तराई मानव अधिकार रक्षक संञ्जाल (थर्ड एलायन्स) को गम्भीर ध्यानाकर्षण भएको छ। राजविराजमा कार्तिक १ गते मारिएकी आशा देवको हत्या अभियोगमा अनुसन्धान गर्न भन्दै, २५ वर्षीय मेहतरलाई कार्तिक ८ गते बिहीबार साँझ प्रहरीले बिना पक्राऊ पुर्जी, जबरजस्ती नियन्त्रणमा लिएको थियो । बयानका क्रममा आफू नगरपालिकाको सरसफाई कर्मचारी भएको र हत्यामा संलग्न नभएको बताए पनि प्रहरीले कुटपिट गरेर हत्या अभियोग स्वीकार गर्न बाध्य पारेको थर्ड एलायन्सको अनुगमनबाट पाइएको छ । हत्यामा संलग्न छैन भन्दा पनि प्रहरीले झण्डै ज्यानै जाने गरी कुटपिट गरेको थियो र उनको शरीरमा अझै पनि निलडाम रहेको थर्ड एलायन्सको अनुसन्धानबाट खुलेको जनाइएको छ। अनुगमनको क्रममा बिक्की मेहतरलाई शुक्रबार बिहान ७:३० बजे ७/८ पटक प्लाष्टिकको पाइपले हात र खुट्टामा कुटपिट गरेका थिए ।

# एउटै घरमा हिन्दू र क्रिश्चियन

सिरहा । सिरहा जिल्लाको सखुवानन्कारकट्टीमा हिन्दूबाट नव क्रिश्चियन बनेका सत्यनारायण पासवानको भाईबुहारीको मृत्युपछि सोही संस्कार अनुसार सद्गत गरियो । आफ्नै जातीय समूदायलाई त्यसबारे जानकारी दिइएन ।

काजकृया समाप्त भएपछि १५ औं दिन सत्यनारायणले सामाजिक भोजको आयोजना गर्यो । जन्मदेखि मृत्युसम्मका संस्कारमा भोज गरिनु समान्य अर्थमै लिने गरिन्छ । तर उनका आफ्नै पासवान जातिले भोज बहिष्कार गरे । जातिय मान्यजनले भाईबुहारीको संस्कार गर्दा कपाल नकाटेको र समाजिक बैठकबिना नै भोज आयोजना गरिएकोले बहिष्कार भएको हुनसक्ने स्थानीयले बताए। एउटै घरमा हिन्दू र क्रिश्चियन धर्म मान्ने भएपनि घरको मूलव्यक्तिले मान्ने धर्म अनुसार नै व्यवहार गर्ने गरिएको छ । सोही कारणले समेत घरभित्रै समेत द्वन्द्वको अवस्था छ ।

पासवानहरूले आफ्नै जातिका नवक्रिश्चियनको भोज बहिष्कार गरेपनि त्यसभेगका यादवलगायतका ब्यक्तिहरूले भोज खाएको शुभकलाल यादवले बताए । भोज खानेहरूमा हिन्दू र नवक्रिश्चियनहरू थिए । सत्यनारायणको भाईबुहारीको उपचारमा सातलाख रूपैयासम्म खर्च भइसकेको थियो भने ऋण लिएर भोज आयोजना गरेका थिए ।

सिरहा जिल्लामा मात्र नभई केही समय अगाडि महोत्तरीको गोरिगम्मा र रतवारामा समेत यस किसिमको घटना भइसक्को छ । जातिय छुवाछुत र विभेदको जरो उखेल्न नसक्दा दलित समूदायहरू हिन्दूधर्म त्यागेर नवक्रिश्चियन बन्ने गरेको तर्क स्थानीय रामचन्द्र साहेको छ । सिरहा जिल्लाको ग्रामिण क्षेत्रमा क्रिश्चियनलाई कृष्णाण धर्म भनेर समेत प्रचारप्रसार गर्ने गरिएको पाइन्छ । महेशवारीमा क्रियाशिल मानवअधिकार पैरवी संजालका अध्यक्ष सत्यनारायण ठाकुरले यो घटना आफूहरू समक्ष आएपनि धार्मिक गतिविधि एवं मानवअधिकारसँग जोडिएको यस विषयमा दुवैपक्ष राखेर छलफल गरिने प्रतिबद्धता व्यक्त गरेका छन् ।



स्थानीय सम्वाद

# सिंहदरबार अहिले पनि काठमाडौंमै छ



धिरेन्द्र कुमार सिंह
मेयर, राजदेवी नगरपालिका, रौतहट

**० राजदेवी नगरपालिकाको दोस्रो नगरसभा सम्पन्न भएको छ। नयाँ योजनाहरू के-के ल्याउनुभएको छ ?**

– हामीले दोस्रो नगरसभाबाट पारित गरेको नीति तथा कार्यक्रममा अधिकांश क्षेत्रलाई समेटेका छौं । सडक, स्वास्थ्य, शिक्षा, कृषि, खानेपानी लगायतका विषयलाई प्राथमिकतामा राखिएको छ ।

**० कुन-कुन शीर्षकमा कति बजेट छुट्याउनु भएको हो ?**

– चालू आर्थिक वर्ष २०७५/२०७६ को ३० करोड २७ लाख २० हजार ११ रूपैयाँको अनुमानित आय तथा चालू तरफ २४ प्रतिशत र पूँजीगततर्फ २६ प्रतिशत खर्चको निति तथा कार्यक्रम प्रस्तुत गरेका छौं । प्रस्तुत नीति तथा कार्यक्रममा यस आर्थिक वर्षमा आन्तरिक आयमा कर, सेवा शुल्क र दस्तूरबाट ८६ लाख ८५ हजार ५ सय, राजश्व बाँडफाँडबाट ५ करोड ९० लाख ७३ हजार, प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान २७ लाख १२ हजार, संघीय सरकारवाट वित्तीय समानीकरण तर्फ १० करोड ४० लाख, गत वर्षको मौज्दात २ करोड ७२ लाख ४९ हजार ५ सय ११ र संघीय सरकारबाट सशर्त अनुदान १० करोड १० लाख नगरपालिकाको आय हुने अनुमान गरिएको छ । चालूतर्फ ७ करोड़ ५० लाख तथा पूँजीगत खर्चमा १२ करोड ६७ लाख २० हजार ११ रूपैयाँ व्ययतर्फ विनियोजन गरिएको छ ।

**० नगरसभाको पूर्वसन्ध्यामा झडप किन भयो ?**

– कम्युनिष्टहरूको उदण्डताका कारण झडप भएको हो। झडप नै भइहाल्ने अवस्था थिएन । कम्युनिष्टहरू समूहमा आएर गत वर्षको हिसाव चाहियो भने । मैले भने ठिक्कै छ, हिसाबको त किताब नै तयार भएको छ । उहाँहरूले विभिन्न बुँदाहरूबारे सोध्नुभयो, मैले सबैको जवाफ दिएँ । त्यहीं क्रममा एउटा पोलमा बत्ती बल्दैन भन्ने कुरा आयो । यहीं कुरालाई निहुँ बनाएर विवाद खडा गरेर कुर्सी तोडफोड लगायतका क्रियाकलाप गर्न थाले । त्यसपछि झडपको स्थिति सिर्जना भयो ।

**० भनेपछि, नेकपाका नेता कार्यकर्ताहरूले झडपको वातावरण बनाए ?**

– हो, नेकपाकै नेताहरूले झडप गरेका थिए । तिनीहरू बिना कारण झगडा गर्न खोजेका थिए । यदि अनियमितता भएको छ भने त्यसको अनुसन्धान गर्ने र कारबाही गर्ने निकाय छ। त्यसमा उजुरी दिँदा हुन्थ्यो नि । त्यसरी उदण्डता देखाउनुपर्ने कारण नै थिएन। त्यस्तै कुनै समस्या छ भने वार्ता र सम्वादको माध्यमबाट टुंग्याउनुपर्छ । तर, उनीहरू हातपात र सार्वजनिक सम्पत्ति तोडफोड गर्न लागेका थिए ।

**० राजदेवी नगरपालिकामा अहिलेसम्म के कस्ता भएको छ ?**

– जनताको आवश्यक्ताका आधारमा विभिन्न क्षेत्रलाई समेटेर काम गरेका छौं । जसमा हामीले शिक्षा, स्वास्थ्य, कृषि र सडकलाई बढी प्राथमिकता दिएका छौं । यस्तै, स्वच्छ खानेपानीका लागि हामीले काम गर्दैछौं । यस्तै, युवाहरूका लागि विभिन्न किसिमका सीपमूलक तालिमहरूको पनि व्यवस्था गरेका छौं । बेरोजगार युवाहरूका लागि जुन क्षेत्रमा रूचि त्यसमै तालिमको व्यवस्था गरेका छौं । उनीहरू सीप सिकिसकेपछि आफै व्यवसाय सञ्चालन गरेर आय आर्जन गर्न सक्छन् । हामीसँग आयस्रोत कम भएपनि त्यसैमा विभिन्न तालिमहरूको व्यवस्था गरेका छौं ।

**० गत आर्थिक वर्षको बजेट कति खर्च भयो ?**

– गत आर्थिक वर्षको बजेटको अधिकांश रकम हामी खर्च गरिसक्यौं तर केही मात्र बजेट हाम्रो फ्रिज भएको थियो । विपक्षीहरूको अवरोधका कारण केही शीर्षकहरूमा हामीले प्रवेश नै गर्न पाएनौं । तर, जति पनि काम गर्‍यौं त्यसबाट जनता सन्तुष्ट छन् । विपक्षीहरूको सहयोगले गर्दा हामीले चाहे जति काम गर्न नसकेकै हो । विपक्षीहरूले ठाउँ-ठाउँमा विवाद गरेर हामी गर्न सकेनौं । कतिपय ठाउँका विवाद पनि हामीले मिलायौं । विपक्षीहरूले उपभोक्ता समिति गठनमा पनि विवाद गरे । केही काम उपभोक्ता समितिमार्फत गर्नुपर्ने थियो तर विवादका कारणले गर्न सकिएन ।

**० निर्वाचनका बेला तपाइँहरूले गर्नुभएको प्रतिबद्धता के-के थिए ?**

– मैले व्यक्तिगत रूपमा धेरै कुराहरू प्रतिबद्धता गरेको थिएँ । नगरभर एउटा पनि कच्ची सडक नरहने भनेर पनि प्रतिबद्धता गरेको थिएँ । शिक्षाको स्तरोन्नति उकास्ने, कृषिमा लगानी गर्ने लगायतका विषयमा प्रतिबद्धता गरेका थियौं । प्रत्येक घरमा शुद्ध खानेपानी पुर्‍याउने पनि प्रतिबद्धता गरेका थियौं । हामीले निर्वाचनका बेला जारी गरेको प्रतिबद्धताअनुसार नै काम गरिरहेका छौं । मैले आफ्नो कार्यकालमा गरेका प्रतिबद्धताहरू पूरा गर्छु । सुरूमा म यो क्षेत्रमा नयाँ थिए, सिक्न पनि पाएँ र अनुभव पनि भयो ।

**० तपाइँको एक वर्षको कार्यकाल कस्तो रह्यो त ?**

– मैले आफैलाई समीक्षा गर्दा म आफ्नो कामप्रति शतप्रतिशत त सन्तुष्ट छैन तर ९० प्रतिशत सन्तुष्ट छु ।

**० स्थानीय निर्वाचनपश्चात् सिंहदरबार गाउँ-गाउँमा जान्छ भन्ने गरिन्थ्यो, यो नारा तपाइँका नगरबासीले महसुस गर्न पाएका छन् ?**

– सिंहदरबार गाउँ-गाउँमा भन्ने नारा अहिलेसम्म पनि कागजमै सीमित छ । सिंहदरबार गाउँ-गाउँमा भनेर मात्र त हुँदैन, त्यो व्यवहारमा पनि देखिनुपर्‍यो । भन्नका लागि भनिएको छ स्थानीय सरकार तर हामीसँग काम गर्ने सम्पूर्ण स्रोत र साधन अहिलेसम्म दिइएको छैन । हामीसँग दक्ष जनशक्ति छैन, प्राविधिक छैन । बसेर काम गर्ने ठाउँ छैन । राज्यले नगरपालिका त बनायो तर हामीलाई बस्ने ठाउँ छैन । तैपनि हामीसँग भएका साधनस्रोतलाई उपयोग गरेर काम गर्दैछौं । त्यसैले, अहिले पनि सिंहदरबार काठमाडौंमै छ । हामीले त्यसको अनुभूति गर्न पाएका छैनौं ।

विश्व परिवेश

# के पाकिस्तान फेरि आतंकी प्रतिबन्धबाट बच्न सक्छ ?

**मंजुर अहद**



फाइनान्सियन एक्शन टास्क फोर्स भन्ने (एफ.ए.टी.एफ) संगठनलाई ३ महिना पूर्व वाचा गरे अनुरूप पाकिस्तानले आतंक बन्द गर्न वित्तीय सहयोग नगर्ने कार्यमा असफल रहनुका साथै आतंकवादी संरचनालाई समाप्त पार्ने आतंक-सहयोग रोक्ने र वाचा गरेको अवधिसम्म आतंकवादी संगठनहरूका बैंक खाताहरू समेत बन्द गर्नमा पूर्ण असफल रहेकोले सो संगठनले पाकिस्तानलाई हरियो सूची (ग्रेलिस्ट) मा सूचीकृत गरेको छ । यो पहिलो मात्र होईन कि सन् २०१२ र २०१५ को अवधिमा पनि त्यस्तै गरेको कारण वित्तीय सहयोग प्रदान गरेको कारण सो संगठनले पाकिस्तानलाई चेतावनी दिएको थियो । तर विगत जस्तै अमेरिकी नेतृत्वको 'वार अन टेरर' का एक सहयोगी रहेकोनिहुँमा पाकिस्तान त्यस्तो घेराबन्दीबाट उम्कने चाँजो-पाँजो मिलई सकेको भएपनि अमेरिकाले पछि मात्र उसको संगठन कति धोखाले पूर्ण रहेको महसुश गरेको थियो ।

अहिले प्रश्न उठ्छ - 'के चीनले आफ्नो सदाबहार मित्रमाथि आतंकवादी दृष्टिकोणले सम्भावित कुनै प्रतिबन्धको आधारमा कारवाही गर्छ त ? तथ्यको दृष्टिले पाकिस्तानसँग उभिराख्ने कुनै आधार छैन ? चेतावनीहरूका बाबजुद पनि पाकिस्तान आतंकवादी श्रोतहरूलाई बन्द गर्न पूर्ण असफल भै सकेको छ भने राज्यको सक्रियतामा स्वयं आतंकवादी संगठनहरूलाई नष्ट गर्नुको साटो पाकिस्तान भित्र नै विभिन्न संगठनहरूलाई स्थापित गर्दै आएको छ । चीनका लागि यो गाह्रो हुनुका साथै प्राय: असम्भव नै हुनेछ कि त्यस्तो वास्तविक र तथ्यहरूलाई पन्छाउन सकोस्, खास गरीकन त्यस्तै प्रकृतिको आतंवादी संगठनहरू विरूद्ध उसले सुरक्षात्मक दृष्टिले लड्ने आफ्नो अभियान संचालित गर्दै आएको छ जसले आसानी साथ पाकिस्तानमा संरक्षण प्राप्त गरेको छ ।

थुप्रै देशहरू तथा संयुक्त राष्ट्र जस्ता अन्तर्राष्ट्रिय संगठनहरूबाट प्रतिबन्धित आतंकवादी संगठनहरू पाकिस्तानमा सक्रिय रहेका छन् भने ती मध्येका अधिकांशको प्रत्यक्ष र अप्रत्यक्ष रूपले विभिन्न राजकीय निकायहरू तथा धेरै जसोको पाकिस्तानी सेनासँग सम्बन्ध रहेको छ ? नागरिक सरकार समेत अन्तराष्ट्रिय आवाज तथा आक्रोशका बाबजुद पनि सेनाका जनरलहरूसँगको साँठगाँठले गर्दा आतंकवादी नेताहरू र त्यसका संगठनहरूमाथि कुनै कारबाही नगरेकोले समान रूपमा दोषी रहेका छन् । जसको उदाहरणका रूपमा लश्कर-ए-तैयबाको व्यापकता र वर्चश्वलाई लिन सकिन्छ ? सरकारले त्यसको नेता हफिज सईद विरूद्ध कारवाही गरेर उसको संगठनहरूका खाताहरूसँगै आयस्रोत सबैलाई बन्द गर्न सक्छ तर उसले गर्दैन र गर्ने पनि छैन किनकी निर्वाचनको समयमा सईद र उसका प्रतिद्वन्दी राजनीतिक दलहरूसँगै अन्य संगठनहरूलाई आफ्नो उपयोगी निकायका रूपमा प्रयोग गर्दै आएको छ । जबसम्म सईद र उसको संगठनहरूलाई खुलस्त रूपमा संरक्षण प्राप्त भै रहनेछ तबसम्म कुनैपनि नागरिक सरकारले तिनीहरू कारवाही गर्ने आँटसम्म गर्न सक्दैन । यहाँसम्म कि जनरलहरूलाई नरूचाउने नवाज शरीफ र शरीफ बन्धुहरूले सार्वजनिक रूपमा आतंकवाद र पाकिस्तानी सेना लगायतका अन्य संगठनहरू सम्बन्धमा निर्वाचनका समयमा छद्मपूर्ण घोषणा गरेपनि तिनीहरूको संरक्षणमा समेत त्यस्ता संगठनहरू प्रभावी रहेको देखिएको छ । पेजाबमा नै आतंकवादी संगठनहरूको बलियो पकड रहेको छ, जबकी नवाज शरीफकै भाई शाहबान शरीफ एक दशकदेखि त्यहाँको मुख्य मन्त्री रहँदै आएका छन् । उनले समाप्त नपारे पनि लश्कर-ए-तैयवाका क्रियाकलापहरूलाई अवरोधित पार्न सक्ने थिए, तर गरेनन् । यहाँसम्म कि पाँच वर्षसम्म प्रधानमन्त्री रहेका उनको दाई समेतले त्यस्तो केही गरेनन् ।

अहिले इमरान खान नयाँ प्रधानमन्त्रीका रूपमा कार्यरत रहेका छन् । तर, प्रश्न यो छ कि के उनमा त्यस्तो साहस र दुरदृष्टि छ जसले गर्दा उनले आतंकवादको प्रवाह जसका कारण बिस्तारै र निश्चित रूपले देशलाई विनाशको बाटोमा डोर्याई सकेको छ , त्यसलाई निष्प्रभावी बनाउन सक्छन् । उनले पनि सेनाको मुख्यालयका जेनरलसँग सल्लाह र सहयोग लिनैपर्छ तर आजसम्म रावलपिण्डीमा नौलो हावा बगेको छैन । जेनरलहरू विगतकै मानसकितामा रहेका छन्, तिनीहरूलाई आफ्नो स्वार्थ बाहेक देश र जनतासँग कुनै मतलब छैन । तिनीहरूले पनि हफिज सईद जस्ता आतंकवादी नेतालाई नै बफादार ठानेका छन् किनकी तिनीहरूको हिंसात्मक र धोखाधडी खेलका लागि आतंकवादी नेताहरू नै आवश्यक रहेका छन् । जेनरलहरू आतंकवादको निहुँमा अमेरीकीहरूलाई बरगलाउन सफल रहे जस्तै चिनियाँहरूलाई समेत त्यसरी नै गर्नेछन् । यहाँसम्म कि पाकिस्तानमाथि वित्तीय निगरानी राख्ने अन्तराष्ट्रिय बित्तीय संगठनहरू समेत अमेरिकालाई बेवास्ता गर्दै चीनको सहयोगको अपेक्षा गर्नेछन् र पाकिस्तानका आतंकवादी संगठनहरूका गतिविधिहरूलाई सघाउने क्रमलाई निरन्तरता दिनेछन् । यहाँसम्म कि पाकिस्तान कालोसुची पर्नबाट बच्चका निमित्त आतंकवादी संगठनहरू तथा त्यसका नेताहरू संरक्षण दिनेछन् भने त्यसले गर्दा देशले जस्तोसुकै अप्रत्याशित विध्वंसात्मक गतिविधिको सामना किन गर्न नपरोस् ?

*– एजेन्सीको सहयोगमा*

# अल्पसंख्यकहरू प्रधानमन्त्री खानसँग सतर्क रहन थाले

**– अल्लाबक्श**

पाकिस्तानका आदिवासी तथा राजनीतिक अल्पसंख्यकहरू विगत केही समयदेखि आफ्नो भविष्य सम्बन्धमा बढी चिन्तित रहन थालेका छन् । तिनीहरू नयाँ प्रधानमन्त्री इमरान खानले तिनीहरूको सुरक्षा र कल्याणका सम्बन्धमा कसरी र कस्ता कदम उठाउने छन् भन्ने कुरामा आस्वस्त रहेका छैनन् । हुन त इमरान खानले आफ्नो अभियानको क्रममा उनी हरेक पाकिस्तानप्रति समानता देखाउने बारे आश्वस्त पार्दै आएका छन् उग्र इस्लामिस्ट पार्टीहरूको दबाबले गर्दा उनले प्रधानमन्त्री भएको लगत्तै इकोनोमिक एडभाइजरी काउन्सिलमा अहमदी समुदायमा प्रख्यात अर्थशास्त्री-आतिफ मियाँलाई सबभन्दा पहिला पदमुक्त गरेका थिए । उनको त्यस कारबाहीले गर्दा अहमदी लगायतका सम्पूर्ण अल्पसंख्यक समुदायहरूमा प्रधानमन्त्री इमरान खानले तिनीहरूलाई शोषण गर्दै जाने भय मात्र तीव्र रूपमा व्याप्त भै सकेको छ । मुस्लिम समुदायका अधिकांश अल्पसंख्यक समुदायहरू विगत केही वर्षदेखि नै सैनिकहरूका दबाबमुलक कारवाहीहबाट त्रसित रहँदै आएका छन् । अतिफ मियाँको बर्खास्ती प्रकरणले पाकिस्तानका अहमदी समुदायहरूको भविष्य बारे स्पष्ट संकेत दि सकेको छ । हुन त पाकिस्तानमा ४ मिलियन जारी अहमदीहरू रहेपनि तिनीहरूलाई मुस्लिम कहलाउन मनाही गरिनुका साथै इस्लामिक प्रतीकहरू समेत प्रयोग गर्न दिईएको छैन । राज्यद्वारा आधिकारीक रूपमा तिनीहरूलाई सरकारी सेवासँगै शैक्षिक अवसरहरू लगायत अन्य पाकिस्तानी नागरिकले उपभोग गर्ने विभिन्न प्रकारका स्वतन्त्रता तथा अधिकारहरू समेतमा भेदभाव गरिंदै आएको छ ।

अष्ट्रेलियामा कार्यरत एक इन्जिनियर व्यवसायी अहसान मिर्जाले अगस्ट २६, २०१८ को 'डेली टाइम्स' पत्रिका मार्फत अहमदीहरूको क्रुर अवस्था बारे यसप्रकार स्पष्ट पारेका छन् - अहमदीहरू विरूद्धका काम-कारवाही काल्पनिक प्रकृतिको होईन । धार्मिक समुदाय र अहमदी विरूद्धका कानुनहरू क्रुर प्रकृतिका भएकोले त्यसबाट अहमदी समुदायमा उत्पीडनको स्थिती सृर्जित गर्दै आएको छ । विगत ४ दशकदेखि समाज अतिवादी रहेकोले अहमदीहरू विरूद्ध उपेक्षा भाव बढ्दै गएको छ । जसलाई धेरै राजनीतिक प्रयोजन वा प्रभुत्वका दृष्टिले उपयोग गर्दै आएका छन् । त्यस प्रकारको वातावरणले पाकिस्ताका अहमदीहरूको दैनिकी जीवनमाथि ज्यादै गम्भीर प्रभाव पारेको छ , जसले गर्दा तिनीहरू धेरै जसो प्राय: शान्तिपूर्ण जीवन जीउन प्रयास गर्दै आएका छन् ।

बर्षौंदेखि रहँदै आएका अहमदीहरूप्रतिको व्यवहाको प्रमाणस्वरूप प्रख्यात अहमदी अर्थशास्त्री आतिफ खानको बर्खास्ती प्रकरणले त्यस समुदायमा भएको भावनालाई प्रबल तुल्याई दिएको छ । इमरान खानको आगमनले पाकिस्तानमा रहेको २.५ मिलियन भन्दा बढी ईसाईहरूलाई समेत भय क्रान्त बनाई दिएको छ ।



लाहौर पीस सेन्टरका प्रमुख फादर जेम्स चन्नान हालै संचार माध्यम मार्फत निर्वाचनको अवधिमा ईसाईहरू खानलाई हराउने पक्षमा रहेको अभिव्यक्ति संचारमाध्यम मार्फत व्यक्त गरेकाले अहिले प्रधानमन्त्री बनेका इमरान खानले ईसाईहरूको अधिकारलाई संरक्षण दिनुको साटो प्रतापिड नै गर्नेछन् भन्ने धारणा व्यक्त गरेका छन् । सोसल कम्युनिकेशन्न कमिशनका निर्देशन नासिर विलियनले "पहिलाका सरकारहरू धार्मिक अल्पसंख्यकहरूलाई बराबरीको अधिकार दिन असफल रहेको" उल्लेख गरेका थिए । उनले यो पनि बताए कि -यद्यपि इमरान खानले अधिनायकको क्रममा अल्पसंख्यकहरूलाई समान अधिकार दिने आश्वासन दिएका थिए तर उनले उनको पार्टीका सदस्यहरूले ईसाईहरूलाई 'काफिर' भन्ने गरेकोले तिनीहरूलाई रोक्न सक्दैनन् । जस्टिस एण्ड पिस कमीशन अफ दी मेजर रिलिजियस सुपरिवर्तित लीडर्स कन्फेरेन्सका कार्यकारी सचिव त्यासिन्थ पीटर यसमा विश्वस्त छन् कि अल्पसंख्यकहरूप्रति खानमा कुनै चासो छैन किनकी अभियानका क्रममा उनले देशको विवादास्पद ब्लासफेमी कानुनहरूलाई प्रतिरक्षा गर्ने वाचा गरेका थिए । उनको सरकारले खिबर पख्तुनखाना प्रान्तका विद्यालय पाठ्यक्रमबाट सबै धार्मिक विषयवस्तुहरू खारेज गरी दिएका छन् । विगतका सरकारहरूले अल्पसंख्यकहरू प्रति नराम्रो दृष्टिकोण राखेकाले खानबाट राम्रो व्यवहारको अपेक्षा गर्न सकिन्न ।

अमेरिकी एक सिनेटरले विभाजनका बखत भारतबाट पाकिस्तान पसेकाहरूले राम्रो व्यवहार हुने आशा गरेर आएकाहरू साथ राम्रो व्यवहार नपाएको अभिव्यक्ति दिएका छन् । आठ मिलियन जनसंख्या भएका हिन्दुहरूले जुन आशा गरेका थिए, ठिक त्यस विपरितको व्यवहार प्रहरी, न्यायपालिका र राज्यका तर्फबाट पाएकाले खानका समयमा पनि सुरक्षाको अपेक्षा गरेका छैनन् । त्यस्तै बलोच, शियाहरू र गिल्गिट बाल्टीस्तानका निवासीहरू समेत सेना र इस्लामिस्ट मिश्रित नयाँ शासनबाट आफ्नो भविष्यका विषयमा कुनै राहत नपाउने भएकोले ज्यादै चिन्तित र दुखी रहेका छन् । त्यसैले इमरान खान सरकारबाट पनि अल्पसंख्यकहरूले राहत नपाउने कुरोमा चिन्तित नै रहेका छन् ।

# चीनको आफ्नै जनताविरूद्ध सैद्धान्तिक लडाई

चीनले ४२ वर्षपछि राष्ट्रपति सी जिनपिंगको नेतृत्वमा रहेका धार्मिक समुदायहरू विरूद्ध व्यापक स्तरको उपद्रवी सांस्कृतिक आन्दोलन संचालन गरेको छ । जो सन् १९६६ देखि १९७६ को अवधिमा भएको सांस्कृतिक आन्दोलनमा अनुमानित ५ लाख देखि २० लाख जना मारिएका थिए भने करोडौं विस्थापित एवं पूर्ण रूपमा देशको अर्थव्यस्थालाई नष्ट गरिए पश्चात्को अर्को ठूलो सांस्कृतिक आन्दोलन हो । त्यत्रो व्यापक स्तरको विनाशकारी दबाबमुलक सामुहिक प्रताडना दिने कार्य पश्चात् पनि चीन अहिले देशबाट सबै धार्मिक आस्था तथा व्यवहारहरूलाई समाप्त पारेर सबैलाई जर्बजस्ती कम्युनिष्टका धार्मिक व्यवसायीहरूका रूपमा परिवर्त्तित गर्न खोजेको छ । सप्रति कम्युनिष्ट पार्टीका धार्मिक व्यवसायीहरूको संख्या ४ बाट १ मा पुऱ्याइएको वा झारिएको छ । पार्टीको सदस्य संख्या ९० मिलियन जति रहेको मध्ये जनसंख्या ५ प्रतिशत जतिमा इसाईहरू मात्र ७० मिलियन रहेका छन् भने मुस्लिमहरू २ प्रतिशत भन्दा कम र बृद्धिष्टहरू १८ प्रतिशत रहेका छन् । हालै आफूलाई जीवन पर्यन्त राष्ट्रपति रहने घोषणा गरेका राष्ट्रपत सी जिनपिंगले सबै धर्मलाई कम्युनिज्मको विचारधारा र सिद्धान्तमा समाहित गर्न चाहेका छन् । उनको सरकारले धर्महरू विरूद्धका यस लडाईका कार्यान्वित गर्न गराउन ज्यादै कडा नियम कानुनहरू लागु गरेको छ । राज्यको त्यस घोषणालाई कार्यान्विवत गराउन सुरक्षा बलहरूलाई पूर्ण अधिकार प्रदान गरिएको छ । थुनामा राखिएकाहरूबाट त्यसको परिचालन गर्न र नमान्नेहरूलाई दण्डित गर्न अनेकौं क्षेत्रहरूमा गुप्त थुना केन्द्रहरू संचालित गरिएका छन् । मुस्लिम बहुल क्षेत्रहरूमा रहेका धार्मिक स्थलहरू तथा व्यवासायीहरूमाथि पूर्ण सतर्कताका साथ व्यापक स्तरमा अनुगमन गर्न उच्चस्तरीय कारवाही थालिएको छ । यदि कतै त्यसविरूद्धका गतिविधिहरू देखिएमा त्यसलाई धार्मिक स्थलहरूलाई नष्ट पारी दिने स्पष्ट आदेश दिइएको छ । अधिकांश मस्जिद तथा गिरिजाघरहरूलाई आदेशको पालन गर्ने प्रतिबन्धात्मक र भयपूर्ण स्थितिमा राखिएका छन् । चीन सरकारबाट विगत थुप्रै वर्षदेखि ११ मिलियन युघुर मुसलमानहरू ज्यादै पिडीत र यातनापूर्ण अवस्थामा राखिएका छन् । सेटेम्बर २००१ मा अमेरिका माथिको आक्रमण पश्चात् अलकायदाको वर्चश्व बढेपछि पनि तिनीहरू सुरक्षा बलहरूकै दायरा बाँच्दै आएका छन् । सन् २०१३ मा सी जिनपिगं राष्ट्रपति भएपछि त्यस अभियानलाई झन् तिव्र पार्दै हर दृष्टिले विखण्डनवादी विचारधाराको रोगलाई उन्मुलन गर्ने उनले प्रतिज्ञा गरेका थिए ।

सी जीनपिंग सरकारद्वारा अपनाइएको नीति ज्यादै नृशंसतापूर्ण रहेको कारण जनजातिय संगठनहरूका पहिचान, धर्म, भाषा, संस्कृति सबै विखण्डित हुने अवस्थामा पुगिसकेका छन् । सिन्चियांङका मुसलमानहरू ज्यादै आक्रमण र त्रासदीपूर्ण वातावरणमा बाँच्न विवश रहेका छन् । यहाँसम्म कि हज-यात्रामा जानेहरूका समस्त गतिविधिहरू माथि बाहिर उडेर जाने बेलामा पनि कडा निगरानी गर्ने गरिएको छ । पुरै समुदाय घरमा बस्दा पसलमा रहँदा तथा कार्यस्थलमा काम गरी रहेको बखत पनि साईरन बजेपछि तिनीहरूलाई घरबाट र कार्यस्थलबाट काम छाड्न निस्केर नजीक रंगशाला वा खेलमैदानमा भेला हुन बाध्यात्मक आदेश समेत जर्बजस्ती पालन गर्नुपर्ने नीति लागु गरिएको छ भने नियमित विश्राम अवधि पश्चात् आफ्ना धर्म र व्यवसाय विरूद्ध राष्ट्रगान, कम्युनिष्ट नाराहरू समेत लगाउन बाध्यात्मक अवस्थामा राखिएको छ ।

माथि उल्लेख गरिएका त्यस्ता सामुहिक कडा निर्देशन समेतबाट सन्तुष्ट नभै चीन सरकारले पहाडहरूमा गुप्त थुना केन्द्रहरू संचालन गरेको छ जसमा हजारौं मुसलमानहरूलाई पुनर शिक्षा प्राप्त गरी आफूलाई सुधार्ने प्रकारले बाध्य पार्ने गरेको छ । चीनमा मुसलमानहरू सम्बन्धी संचालित अभियान सम्बन्धमा प्रख्यात ब्रिटिश समाचारपत्र 'गार्जियन' ले यस्तो टिप्पणी गरेको छ – 'अनगिन्ती हजारौंलाई थुनामा राखिएको छ, त्यस बाहेकका नागरिकहरू खास गरीकन युधुर समुदायका मुसलमानहरूका घर तथा छिमेकहरू यस्तो प्रकारका क्यामराहरू जडान गरिएका छन् जसबाट स्थानीय बासिन्दाहरूका आवाज र अनुहार समेत पहिचान गर्न सक्ने खालका प्रविधिहरू त्यस्तै जडान गरिएको छ जस्तो कि स्टालिनको पालको रूपमा बच्चाहरूलाई तिनीहरूका पिता-माताहरूको गतिविधिहरूबारे जानकारी दिनका निमित्त प्रेरित गर्ने गरिएको छ । मुसलमानहरू जस्तै अहिले ईसाईहरूलाई समेत राज्यद्वारा सताउनुका साथै तिनीहरूको गिरिजाधरहरू समेतलाई बन्द गर्ने वा नष्ट गर्ने काम हुँदै आएको छ । बेजिगंस्थित जिओन गिरिजाधरका एक पुजारीले यस महिनाको शुरूमा 'द वाशिंगटन पोष्ट' लाई बताएको थियो - यो धर्मविरूद्ध एक समझदारीपूर्ण युद्ध हो किनकी कम्युनिष्ट पार्टीले धर्मलाई प्रतिपक्ष हेर्न थालेको छ । त्यस पत्रिकाले चीनमा अधिकारीक सदाशयता पाएका ५ धर्म बुद्धिज्म कैथोलिसिज्म, डायोइज्म, इस्लाम र प्रोस्टेस्टेनिज्म राष्ट्रपति सी जिनपिंगको सरकारबाट धेरै कष्टप्रद व्यवहार भोग्न बाध्य पारिएका छन् । दशकौं पूर्वदेखि भने कहिले नदेखिएको कम्युनिष्ट पार्टी प्रतिको राष्ट्रियता बफादारी देखाउन बाध्य पारेका छन् । त्यस्ता गतिविधिले गर्दा अल्पसंख्यकलाई प्रताडित गर्नुका साथै पश्चिमी सोचलाई नष्ट पार्ने पहल गरिएको छ । विभिन्न धर्मविरूद्ध तथा चीनमै ठूलो जनसमुदाय विरूद्ध चीनले जस्तो भय र त्रासको वातावरण निर्माण गरेको छ , त्यो सांस्कृतिक आन्दोलनको निहुँमा घोर विनाशकारी सावित हुनेछ जस्तो त्यस देशमा कहिले भएको थिएन । चीनले समयमै समझदारी अपनाउनु ने उसको लागि हितकर हुनेछ । – *एजेन्सी*

## जिल्ला समाचार

### सबै क्षेत्रको सहयोग आवश्यक : मुख्यमन्त्री राउत

जनकपुरधाम । प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले गरिबीको रेखामुनी रहेको यस प्रदेशका जनताहरूको स्वास्थ्य सेवामा सहज पहुँचका लागि सबै क्षेत्रको सहयोग आवश्यक रहेको बताएका छन् । नेपालमा क्रेनोफेसियल सेवामा सुरक्षित र गुणस्तीय पहुँच सम्बन्धि जनकपुरमा आयोजित सम्मेलनलाई सम्बोधन गर्दै उनले सो कुरा बताएका हुन् । मानवीय सुचांकमा पछाडी परेका यस प्रदेशका जनताहरूलाई क्रेनोफेसियल सेवामा पहुँचका लागि प्रदेश सरकार सदैव तत्पर रहने उल्लेख गर्दै मुख्यमन्त्री राउतले सम्मेलनले तयार पार्ने नीतिमा आफूहरूको पूर्ण सहयोग रहने उल्लेख गरे । क्रेनोफेसियल सेन्टर नेपालका निर्देशक डा. सुनिल साहको अध्यक्षतामा भएको उक्त कार्यक्रममा समाजिक विकास मन्त्री नवल किशोर साह, नेपाली काँग्रेस प्रदेश संसदीय दलका नेता राम सरोज यादव, डा. राम केवल साह सहितले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा नेपालका अतिरिक्त बांङ्गलादेश, अस्ट्रेलिया, बेलायत सहितका सर्जनहरूको उपस्थिति रहेको थियो ।

### अस्पतालमा इन्डोर ब्लक निर्माण हुने

नेपालगञ्ज । सहरी विकास मन्त्री मोहम्मद ईश्तियाक राईको विशेष पहलमा भेरी अञ्चल अस्पताल नेपालगन्जमा विरामीहरूका लागि इन्डोर ब्लक निर्माण हुने भएको छ । सहरी विकास मन्त्री राईको पहलमा स्वास्थ्य मन्त्रालयलाई इन्डोर ब्लक निर्माणका लागि अर्थ मन्त्रालयले सहमति प्रदान गरेको हो । यो आर्थिक बर्षमा बजेट विनियोजन नभएता पनि सहरी विकास मन्त्री राईले जिम्मेवारी सम्हालेसँगै इन्डोर ब्लक निर्माणका लागि निरन्तर पहलकदमी लिँदै आएका थिए । मन्त्री राईले संसदीय चुनावमा भेरी अञ्चल अस्पताललाई ५ सय शययाको सुविधासम्पन्न अस्पताल बनाउन पहल गर्ने प्रतिबद्धता जनाएका थिए । मन्त्री राईको तदारूकतामा स्वास्थ्य मन्त्रालयले असोज १७ गते अर्थ मन्त्रालयलाई पत्राचार गरी भेरी अञ्चल अस्पतालको आवास तथा नयाँ इन्डोर भवन निर्माणका लागि सहमति माग गरेको थियो । सोही बमोजिम कार्तिक ८ गतेको मन्त्रीस्तरीय निर्णयबाट इन्डोर ब्लक निर्माण कार्य अघि बढाउन अर्थ मन्त्रालयले सहमति प्रदान गरेको हो ।

### सरकारले कर आतंक मच्चायो : खांण

चन्द्रकान्त खनाल, रूपन्देही । नेपाली कांग्रेसका प्रमुख सचेतक बालकृष्ण खांणले सरकारले कर आतंक सृजना गर्ने कार्य वाहेक ठोस कार्य गर्न नसकेको बताएका छन् । उनले भने-'घरको कर तिर्नको लागि घर नै बेच्नुपर्ने अवस्था समेत आउन थाल्यो भन्ने गुनासो आएको छ, यसमा सरकारको ध्यान जानुआवश्यक छ । रिपोर्टर्स क्लव प्रदेश ५ बुटवलको साक्षात्कार कार्यक्रममा बोल्दै पूर्व मन्त्री समेत रहेका खाँणले उद्योगी व्यवासयीहरूलाई समेत सकाररले आतंकित पार्ने काम गरेको भन्दै उनले सरकारलाई राज्यको शक्ति दुरूपयोग नगर्नको लागि आग्रह गरे । उनले भने-सरकारले आफ्नो गतिविधिलाई परिस्कृत गर्न नसकेकमा सरकारको स्थनियत धेरै कमजोर हुन्छ, बेलैमा ख्याल गर्नु राम्रो । खाडको भनाई थियो । कांग्रेसका प्रभाबशालि नेता समेत रहेका खाडले भने दुनियामा १० बर्ष कम्युनिष्ट शासन ब्यबस्था चल्नै नसक्ने दाबि गरेका छन् । उनले कम्यूनिष्टको आचरण र शैली संबिधान बिपरित चलिरहेको भन्दै सरकारलाइ कार्यशैली सच्चाउन अनुरोध समेत गरेका छन् ।

### कारबाही गर्न तरूण दलको माग

राकेश यादव, रौतहट । नेपाल तरूण दल नगर कार्य समिति रौतहट गौरका अध्यक्ष काशीलाल चौधरीले शुक्रवार एक प्रेस विज्ञप्ति जारी गरी रौतहटको चंद्रपुर नगरपालिका वडा नंबर ५ मा संचालित माउन्ट एभरेस्ट आवासीय माध्यमिक विद्यालयका प्रवन्धक एवं होस्टेल वार्डेन उमेश प्रसाद बास्कोटालाइ कारबाहीको माग गरेका छन् । विद्यालयमा कक्षा १० मा अध्यनरत विद्यार्थी चन्दन यादवलाई निर्मम तरिकाले कुटपिट गरेकोले तरूण दलले कडा कारबाहीको मांग गरेका हुन् । छात्रावासमा बस्दै आएका छात्र यादवलाइ गत असोज २० गतेका दिन प्रवन्धक बास्कोटाले कुटपिट गरी ९ दिन सम्म थुनेर राखी यातना समेत दिएकोले कार्यवाही गर्नु पर्ने विज्ञप्तिमा उल्लेख रहेको छ । विद्यालय शांति क्षेत्र रहेको र भयरहित बातावरणमा शिक्षा दिनु पर्ने नेपाल सरकारको मान्यतालाइ बासकोटाले धज्जिया उडाएको विज्ञप्तिमा भनिएको छ । स्तरीय शिक्षा दीक्षा दिनुको साटोमा अध्यनरत छात्रलाइ कुटपिट गरी बाल अधिकारको हनन गर्नु को साथै मानव अधिकारको अवहेलना गरेको नगर कार्य समितिको ठहर रहेको छ ।

### उपमहानगरद्वारा सेवाग्राही सम्मानित

बुटवल । बुटवल उपमहागरपालिकाले शुरू गरेको सहुलियतमा घर नक्शा डिजाइनको सेवा लिएका सेवाग्राहीलाई सम्मान गरेको छ । उपमहानगरपालिकाले गत भदौदेखि शुरू गरेको उक्त सेवाअन्तर्गत ४३ जना नगरपालिकामा सम्पर्कमा आएको र १४ जनाको सहुलियतमा घरको नक्शा तथा डिजाइन गरेको उपमहानगरपालिकाका योजना प्रमुख इञ्जिनीयर सुमन श्रेष्ठले जानकारी दिए । उपमहानगरपालिकाले नगरभित्र निर्माण गरिने एकतलामा एक हजार वर्गफिट क्षेत्रफल ओगटेका एकतले घरका नक्शा डिजाइनका लागि न्यूनतम शुल्क रू पाँच हजार र तीन तलासम्मको रू आठ हजार लिने गरेको छ । उपमहानगरपालिकाले उक्त सेवा प्रदान गर्न दुई प्राविधिक छुट्टै खटाएको छ । सोही कामका लागि व्यावसायिक घर नक्शा डिजाइनरले भने रू ३० हजारसम्म लिने गरेका छन् ।

### बजेट कार्यान्वयनमा चुनौती

धनगढी । बजेट नीति कार्यक्रम कार्यान्वयन गर्ने कतिपय निकाय ढिलो गरी प्रदेश सरकारमा हस्तान्तरण हुँदा प्रदेश सरकारको चालू आर्थिक वर्षको बजेट समयमै कार्यान्वयन हुनेमा चुनौती थपिएको छ । नयाँ खडा गरिएका कार्यालयको हन्तान्तरण र कार्यालयमा कर्मचारी खटनपटनको काममा भइरहेको ढिलाइले समयमै बजेट कार्यान्वयन हुनेमा चुनौती थपिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कानून शाखाका सचिव यज्ञ भट्टराईले बताए । सुदूरपश्चिम प्रदेशमा स्वीकृत दरबन्दी दुई हजार ६१३ रहेकामा हालसम्म ५० प्रतिशत कर्मचारी मात्र आ-आफ्नो कार्यालयमा हाजिर भएका छन् । प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री झपटबहादुर बोहरा भने प्रदेश सरकार चालु आवको बजेट नीति कार्यक्रम कार्यान्वयनका लागि प्रतिबद्ध भएर लागेको बताउँछन् ।

### हिंसा रोकथामको प्रयास

नेपालगञ्ज । बाँके प्रहरी कार्यालयअन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा महिला तथा बालबालिकामाथि हुने हिंसाका धेरै उजुरी दर्ता हुने गरेका छन् । पछिल्लो त्रिवर्षीय अपराध दर्ता तालिकाअनुसार केन्द्रमा घरेलु हिंसासम्बन्धी उजुरी दर्ता हुने क्रम दिनप्रतिदिन बढिरहेका छन् । आर्थिक वर्ष २०७३/७४ मा जम्मा उजुरी सङ्ख्या ३९७ रहेको छ भने मिलापत्र गरेर पठाएको सङ्ख्या ३५९ रहेको छ । त्यस्तै २६ उजुरी अदालतमा पठाइएको छ भने १२ उजुरी मिलाउन बाँकी छ । प्रहरी उपरीक्षक अरूण पौडेलका अनुसार आर्थिक वर्ष २०७४/७५ मा कूल उजुरी ४८३ मध्ये मिलापत्र गरेर पठाएको सङ्ख्या ४४२ रहेको छ । त्यस्तै २७ उजुरी अदालतमा पठाइएको छ भने १४ उजुरी मिलाउन बाँकी छ । चालू आर्थिक वर्ष २०७५/७६ को हालसम्म जम्मा उजुरी सङ्ख्या १४४ रहेको छ भने ७३ मिलापत्र गरेर पठाइएको छ ।

### नेपाल-भारत सीमा क्षेत्र अनुगमन

पाँचथर । पाँचथर जिल्लाको नेपाल-भारत सीमा क्षेत्रको अनुगमन गरिएको छ । जिल्लाको उत्तर पूर्वक्षेत्र भारत र नेपालको सीमासँग जोडिएको स्थानीय तह याङवरक गाउँपालिकाको चिवाभञ्जाङ सिमाना अनुगमन गरिएको हो । अनुगमनमा सांसद वसन्तकुमार नेम्बाङ, जिल्ला समन्वय समिति प्रमुख विष्णुप्रसाद सापकोटा, प्रजिअ प्रकाचन्द्र अधिकारी, गाउँपालिकाका प्रमुख लेखनाथ घिमिरे, तीनवटै सुरक्षा निकायका प्रमुखलगायतको टोलीले अनुगमन गरेको हो । सीमा क्षेत्रमा हुने अवैध र अपराध कार्यलाई न्यूनीकरण गर्न अनुगमन गरिएको पालिका अध्यक्ष लेखनाथ घिमिरेले जनाए । अनुगमन टोली हालै सीमा क्षेत्र पुगेर अनुगमन गरिएको सांसद नेम्बाङले जानकारी दिए । नेपाल-भारत सीमा क्षेत्र ४७ नं सीमा स्तम्भआसपास अनुगमन गरिएको हो । सीमा क्षेत्रमा सिक्कीम प्रदेशका एसआरपी र नेपालका अनुगमन टोलीबीच बैठक बसी विभिन्न सहमति भएको नेम्बाङले जानकारी दिए । बैठकमा पाँचथरतर्फ सुरक्षापोष्ट राख्न चित्रे, वासुम डाँडालगायत सुविधायुक्त दुई ठाउँ छनौट गर्न पालिका अध्यक्षलाई जिम्मा दिइएको जिससप्रमुख सापकोटाले बताए । अनुगमनका क्रममा पाँचथरका अनुगमन टोली र सिक्कीम प्रदेश सुरक्षाप्रमुख लक्ष्मण गुरूङसहितको सुरक्षाबीच बैठक बसेको थियो । बैठकमा सिक्किम र पाँचथर जोड्ने सिमानाका चिवाभञ्जाङसम्म सडक निर्माण भइरहेका बारे सिक्किम सुरक्षाप्रमुख गुरूङले आफ्नो प्रस्तुति गरेका थिए । पाँचथरका तर्फबाट निकट भविष्यमा नै नाका खोल्न दुवै देशमा पहल गरिने सांसद नेम्वाङले बताए ।



संघीयतामा गइसकेको संविधानलाई असफल भएको देखाउन भइरहेको विभिन्न हतकण्डाहरूमा प्रचण्डको जनकपुरको अभिव्यक्ति नवीनतम कडी हो । सात मध्ये छ प्रदेशमा आफ्नै पार्टीको एकमना सरकार र मधेशी दलहरूको सहयोगबाट केन्द्रमा दुई तिहाईको सरकार भएपछि यस्तो दम्भ अनौठो होइन । **देवेश झा**



राति नै सर्लाही पुगेको छु । हत्याको घटनाले गाउँ आक्रान्त छ । प्रश्न घटनाको मात्रै होइन प्रवृत्तिको हो । शान्ति र संविधानपछिको राजनीतिमा हतियार प्रयोग निन्दनीय छ । गम्भीर बनौं, राजनीतिलाई सु-संस्कृत कसरी बनाउने, इन्मानदार बहस जरूरी छ । **विश्वप्रकाश शर्मा**



गलत संरचनात्मक कार्यविधिले मलेशिया जाने नेपाली श्रमिक ठगिने कुराको सहि पहिचान गरि मन्त्री गोकर्ण बिष्टले मलेशिया सरकार समेतको सहभागितामा श्रमिकको हितमा नयाँ नीति ल्याउन सफल हुनु भएको छ । उहाँलाई बधाई अरू मन्त्रिले पनि नीतिगत सुधारमा काम गरून् । **सूर्यराज आचार्य**



प्रदेश न. २ को नामाकरणको लागि चर्चामा रहेको जानकी प्रदेश, तिरहुत प्रदेश, मिथीला प्रदेश, भोजपुरा प्रदेश, मिथीला-भोजपुरा प्रदेश आदि सबै निसन्देह उत्तम नाम हो । यिनी सबैको आ-आफ्नो विशेषता छ र कुनै कालखण्डमा अर्थपूर्ण पनि रहेको थियो । तर अहिले मधेश आन्दोलनको मर्म र शहीदहरूले दिएको बलिदानीलाई बुझ्ने हो भन्ने सबैभन्दा सर्वोत्तम र अर्थपूर्ण नाम 'मध्य मधेश' नै हो जस्तो लाग्छ । **सरोज राय**



प्रदेश २ का सरकारका मन्त्रीहरू अन्योलमा रहेको पाए । के गर्दैछु र के गर्नुपर्छ भनि स्पष्ट रोडम्याप कसैसँग छैन । उहाँहरूको अधिकाँश समय केन्द्र सरकारलाई गाली गर्दैमा बितिरहेको छ । **सुरेश यादव**



यदि प्रदेश न. २ को नाम "मिथिला प्रदेश" राख्ने हो भन्ने "विरगञ्जलाई राजधानी" स्विकार गर्न पनि तयार हुन सक्नुपर्छ । प्रदेश २ मा विभिन्न नाममा युरोपिएन युनियनको चलखेल हुनु खतराको संकेत हो । तिनका सब दलाल अहिले त्यतै केन्द्रित भएका छन् । **अनन्त अनुराग**



हामी चाहन्छौ राजपा नेपाल सम्पूर्ण जात, समुदाय, धर्म, अल्पसंख्यक, निमुखा र गरीब नेपाली जनताको राष्ट्रिय पार्टी बनोस् । मुख्य धरातल मधेश भए पनि हिमाल र पहाडसम्म पार्टीको आकार बढोस्, सबैले रूचाउने, सबैले मान्ने पार्टी बनोस्, देश भित्र आफ्नो पहिचान र विश्वमा राम्रो कुटनितिक सम्बन्ध स्थापित गर्न सफल होस् । **मनिष मिश्र**



भारतमा बस्नेलाई भारती, पाकिस्तानमा बस्नेलाई पाकिस्तानी, नेपालमा बस्नेलाई नेपाली, पहाडमा बस्नेलाइ पहाडी, हिमालमा बस्नेलाई हिमाली भनेजस्तै तराई-मधेशमा वस्नेलाइ तराईबासी (मधेशी) भनिएको हो । **युवराज लुईटेल**

# गुजरातमा विश्वकै अग्लो स्मारक अनावरण

भारत । भारतको गुजरातमा निर्माण गरिएको विश्वकै सबैभन्दा अग्लो स्मारकको अनावरण गरिएको छ । उक्त स्मारक भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले बुधबार अनावरण गरेका हुन् । सो स्मारक भारतीय स्वतन्त्रता सेनानी वल्लभ भाई पटेलको हो । उनको स्मारक करिब चार वर्ष लगाएर बनाइएको छ । यसै महिना निर्माण सम्पन्न भएपछि त्यसको अनावरण प्रधानमन्त्री मोदीले गरेका हुन् । उक्त स्मारकलाई विश्वकै सबैभन्दा अग्लो भनी प्रचार गरिएको छ । त्यसको उचाई १८२ मीटर (६००) फिट रहेको बताइएको छ । उक्त स्मारक निर्माणका लागि करिब ३० अर्ब भारतीय रूपैयाँ खर्च लागेको बताइएको छ । 'स्ट्याचु अफ युनिटी' एकताको स्मारक नाम दिइएको हो ।



# सीमावर्ती क्षेत्रका पत्रकारहरूको भेला

जनकपुरधाम । सीमा विवादलगायत समस्या समाधानका विषयमा नेपाल-भारतका सीमावर्ती क्षेत्रका पत्रकारहरूको जनकपुरधाममा भेला सम्पन्न भएको छ । नेपाल-भारत महिला मैत्री समाजले शनिबार नेपाल र भारत सीमावर्ती क्षेत्रका ६० पत्रकारहरूको जनकपुरमा भेला गराएको थियो । भेलामा नेपाल भारतको सीमा क्षेत्रमा देखिने समस्या र समाधानको विषयमा छलफल गरिएको छ । कार्यक्रममा भारतीय दूतावासका डिपुटी चिफ अफ मिसन डीसीएम डा. अजय कुमारले नेपाल र भारतबीच पौराणिक सम्बन्ध रहेको भन्दै यसलाई अझै मजबुत पार्नुपर्ने बताए । कार्यक्रममा वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावासका महावाणिज्यदूत बीसी प्रधानले दुई देशबीचको सम्बन्ध प्रगाढ बनाउन सीमावर्ती क्षेत्रका सञ्चारकर्मीले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने धारणा राखे । त्यस्तै, समाजकी अध्यक्ष चन्दा चौधरीले नेपाल भारतबीचको सम्बन्ध अझै मजबुत बनाउनका लागि पत्रकारहरूलाई प्रभावकारी भूमिका निर्वाह गर्न आग्रह गरिन् । कार्यक्रममा भारतीय सीमावर्ती क्षेत्र जयनगर, मधुबनी, सितामढ़ीलगायतका र नेपालका सीमावर्ती क्षेत्र धनुषा, महोत्तरी, सिरहा, सप्तरी सहितका पत्रकारहरू सहभागी भएका थिए ।



# आर्थिक समाचार

## आइएमईको दशैंमा २० लाख योजनाको पहिलो विजेता घोषणा

काठमाडौं । नेपालको नेतृत्वदायी रेमिटेन्स सेवाप्रदायक कम्पनी आइएमईले २०७५ सालमा मनाइने पर्वहरू जस्तैः-दशैं, दीपावली र छठलाई लक्षित गर्दै ल्याएको सेवाग्राहीमूखि प्रवर्द्धनात्मक कार्यक्रम 'दशैंमा बिस लाख' योजनाअन्तर्गत पहिलो महिनाको विजेता घोषणा गरेको छ । क्योदाइ रेमिटेन्स जापानबाट नेपालमा आइएमई गर्ने आइएमई सेवाग्राही नेत्र बहादुर मल्ल सफ्टवेयर पद्धतिमा आधारित 'लक्की ड्र' बाट पहिलो महिनाको विजेता घोषित भएका हुन् । सेवाग्राही मल्लले नगद रू. १,००,००० ( अक्षेरूपी एक लाख) प्राप्त गर्नेछन् । आइएमई केन्द्रीय कार्यालय पानीपोखरीमा हालै आयोजित विजेता घोषणा कार्यक्रममा कम्पनीका प्रमुख संचालन अधिकृतद्वय खिलेन्द्र पौडेल र रूद्रराज पौडेललेको उपस्थिति रहेको थियो । २०७५ साल असोज ७ गतेदेखि शुरू भई २०७५ साल मङ्गसिर मसान्तसम्म लागुहुने सेवाग्राहीमुखी यस योजनाअन्तर्गत अहिलेसम्म मासिक 'लक्की ड्र' बाट एकजना, साप्ताहिक 'लक्की ड्र' बाट पाँच जना र दैनिक 'लक्की ड्र' बाट तीन सयजना सेवाग्राहीहरू विजेता घोषित भइसकेका छन् ।

## जनताको रेमिट्यान्स भारतबाट सुरू

काठमाडौं । जनता बैंक नेपाल लिमिटेड छिमेकी मुलुक भारतबाट पनि रेमिट्यान्स सुरू गरेको छ । 'जनता रेमिट' मार्फत आन्तरिक तथा अन्तराष्ट्रिय रेमिट्यान्स सेवा पुऱ्याउँदै आएकोमा अबदेखि भारतमा रहेका ग्राहकले समेत सहजै जनता रेमिट्यान्सबाट सेवा दिन सक्ने बैंकले जनाएको छ । एक्सिस बैंक, भारत र जनता बैंक नेपाल लिमिटेडबीच हालै भएको सम्झौता अनुसार भारतमा रहेका नेपालीले जनता रेमिटमार्फत सुलभ रूपमा आफ्नो कमाइ आफ्नो आफन्तलाई अथवा सिधै जनता बैंकमा रहेको खातामा पठाउन सक्नेछन् । एक्सिस बैंकको भारत भरका ३४ सय शाखामार्फत जनता रेमिटमा पैसा पठाउन सकिनेछ ।

## मेगा बैंक र आइएमई डिजिटलबीच सम्झौता

काठमाडौं । आइएमई पे मोबाइल मनीमार्फत मोबाइल फोनको माध्यमबाट विविध वित्तीय सेवा उपलब्ध गराउने उद्देश्यले मेगा बैंक नेपाल लिमिटेड र आइएमई ग्रुपद्वारा प्रवर्द्धित आइएमई डिजिटलबीच सम्झौतापत्रमा हस्ताक्षर भएको छ । मेगाबैंकको तर्फबाट निमित्त प्रमुख कार्यकारी अधिकृत रविना देशराज श्रेष्ठ र आइएमई डिजिटलको तर्फबाट प्रमुख संचालक अधिकृत डेनियल डी श्रेष्ठले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् । सम्झौताअनुसार मेगा बैंक 'आइएमई डिजिटल' को बैंकिङ्ग साझेदार संस्थाहुनेछ र बैंकका सेवाग्राहीहरूले चाँडै नै आइएमई पे वालेटमा आफ्नो बैंक खातालिङ्कगर्ने लगायत बैंक खाताबाट वालेट र वालेटबाट बैंक खातामा रकमजम्मागर्ने जस्ता सेवाहरू प्राप्त गर्न सक्नेछन् । साथै, मेगा बैंकका सेवाग्राहीहरूले 'आइएमई पे' माउपलब्ध रिचार्ज, मनी ट्रान्सफर र क्युआर मार्फत गरिने भुक्तानी सेवा पनि प्राप्त गर्न सक्नेछन् ।

# सन्त उमाकान्तजी महाराज पशुपतिनाथ मन्दिर आउँदै




काठमाडौं । विख्यात सन्त बाबा जयगुरूदेव महाराजका अध्यात्मिक उत्तराधिकारी बाबा उमाकान्त महाराज भोली शुक्रबार पशुपतिनाथ मन्दिर आउँदैछन् । पशुपतिनाथ मन्दिरमा शुक्रबारदेखि शनिबारसम्म हुने उज्जैन आश्रमदेखि नाम योग साधना, सुमिरन ध्यान भजन तथा सत्संग र नामदान दिनका लागि विभिन्न कार्यक्रमहरू तय भएको छ । पशुपतिनाथ मनिदर परिसर हंश मण्डपमा शुक्रबार र शनिबार बिहान ६ र दिउँसो ३ बजे प्रार्थना, ध्यान र भजन कार्यक्रम हुने जनाइएको छ । देश विदेशमा साकाहार, सदाचार, नशामुक्ति एवं आत्मवादको अलख जगाएर मानिसहरूको दुःख समस्याहरूको निदान गरी सुख, शान्ति, समृद्धिको बाटो बताउनका लागि बाबा उमाकान्त महाराज आउन लागेका हुन् । महाराजको सत्संग सुन्नाले, दर्शन गर्नाले, आफ्नो कुरा भनिदिनाले रोग विरामी, घरको लडाई झगडा जस्ता समस्याहरूको निदान हुने र समृद्धि आउने बताइन्छ ।

# मनकामनामा भारतीय पर्यटक बढे

**नारायण अधिकारी**

चितवन । मनकामना दर्शनका लागि भारतीय पर्यटक आउने क्रम वर्षेनी बढ्दो रहेको छ ।

चितवनको इच्छाकामना गाउँपालिका कुरिनटारस्थित चेरेसबाट केबुलकार चढेर १० मिनेट यात्रामा गोर्खाको मनकामना मन्दिर पुग्न सकिन्छ । गोर्खाबाट सवारी साधनमा मन्दिरसम्म पुग्ने बाटो भए पनि अधिकांश पर्यटकले केबुलकारको यात्रा गर्ने गर्दछन् ।

सो केबुलकार सञ्चालन गर्दै आएको मनकामना दर्शन प्रालिका नायब महाप्रबन्धक डिल्लीनारायण कायस्थका अनुसार शुरूका वर्षमा भारतीय न्यून भए पनि पछिल्ला वर्षमा उल्लेख्य वृद्धि भएको छ । उहाँका अनुसार गत आवमा नौ लाख ८० हजार १७० ले केबुलकारबाट यात्रा गरेकोमा दुई लाख आठ हजार ४९२ भारतीय पर्यटक रहेका थिए । भारतीय पर्यटकको संख्या २१ दशमलव २७ प्रतिशत थियो ।

अघिल्लो आव २०७३/०७४ मा १० लाख ११ हजार ८६७ ले केबलकारको यात्रा गरेकोमा एक लाख ४० हजार ९८४ भारतीय थिए । जुन १३ दशमलव ९३ प्रतिशत हो । कायस्थले वर्षेनी भारतीय पर्यटकको सङ्ख्या बढ्दै गएको बताए । तर,



अन्य मुलुकका पर्यटकको सङ्ख्या एक प्रतिशत हाराहारी छ ।

मनकामना दर्शन प्रालिका निर्देशक राजेशबाबु श्रेष्ठका अनुसार भारतको बङ्गाल, महाराष्ट, गुजरात, राजस्थानलगायतका प्रदेशबाट भारतीय पर्यटक आउने क्रम बढ्दो छ । अन्तर्राष्ट्रिय जगत्मा मनकामनामाईको महिमा बढ्दै गएकाले नेपालमा हवाई र सवारी साधनबाट भित्रने पर्यटकले एउटा गन्तव्य मनकामना राख्ने गरेको उहाँले बताउनुभयो । भारतबाट सवारी साधनमा काठमाडौं, पोखरा, लुम्बिनी, सौराहलगायतका ठाउँको भ्रमण गर्न आउने अधिकांश धार्मिक पर्यटक बाटोसमेत पर्ने भएकाले मनकामना छिर्ने गर्दछन् । श्रेष्ठले वर्षात्को समयमा भारतीय पर्यटकले केबुलकार धान्ने गरेको बताए ।

भारतको कोलकाताबाट ठूला दुई बसमा नेपालको विभिन्न स्थानको भ्रमणमा आएका पर्यटकमध्येका एक रतन पैनले तीन पहाड पार गरेर मनकामना माईको दर्शन गर्न पाइने सुनेर दर्शनका लागि यहाँ आएको बताए । उनले भने, "मनकामना दर्शन पछि आफ्नो मनकामना पूरा हुन्छ भनेर हामी आएका हौं । रमाइलो र आनन्द भयो ।" मनकामना दर्शनपछि फर्कदै गरेका भारत गुजरातका सुनिलकुमार पट्टेलले आफूले सुनेभन्दा राम्रो र रमाइलो लागेको बताए ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी मुक्तिनाथ आएपछि नेपालका धार्मिक स्थलमा घुम्न आउनेको भारतीयको सङ्ख्या बढेको छ । मनोकांक्षा पूरा हुने विश्वासका साथ भारतीय पर्यटकले मनकामना दर्शन गर्ने गरेका छन् । सँगै केबुलकार यात्राबाट रमणीय दृष्यावलोकन गर्न पाउने भएपछि पर्यटक लोभिने गरेका छन् ।

विसं २०५५ साल मङ्सिर ८ गतेबाट सेवा शुरू गरेको मनकामना दर्शन प्रालिले हालसम्म एक करोड ४३ लाख १२ हजार ४८६ यात्रुलाई मनकामना दर्शनका लागि यात्रा गराएको छ । जम्मा ३१ वटा डिब्बा सञ्चालन गर्दै आएको प्रालिले यात्रुको चाप बढ्दै गएपछि तीनवटा डिब्बा थप गरेको छ । दैनिक नौ हजारसम्म यात्रुलाई सेवा दिएको प्रालिले जनाएको छ ।

# यचुरीद्वारा चन्द्रागिरी केबलकारको भ्रमण



काठमाडौं । भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी)का महासचिव सीताराम यचुरीले चन्द्रागिरी केबलकारको गत शुक्रबार अनौपचारिक भ्रमण गरेका छन् । भ्रमणमा आएका महासचिवलाई चन्द्रागिरि हिल्स लिमिटेडका अध्यक्ष चन्द्रप्रसाद ढकाल एवम् महाप्रबन्धक अभिषेक विक्रम शाहले स्वागत गर्दै परियोजनाको स्थलगत भ्रमण गराएका थिए । भ्रमणका क्रममा यचुरीले चन्द्रागिरिको स्वच्छ वातावरणबाट आफू अतन्त्य प्रभावितभएको जनाउँदै चन्द्रागिरिबाट सुन्दर हिमालहरूको दृश्यावलोकन गर्न पाउँदा आफुलाई अत्यन्तै खुशी लागेको बताए । साथै प्यागोडा शैलिमापुन : निर्माण गरिएको भालेश्वर महादेवको मन्दिर यहाँको अर्को उत्कृष्ट विशेषता भएको जानकारी दिदै चन्द्रागिरि हिल्स व्यवस्थापनलाई धन्यवाद तथा शुभकामना व्यक्त गरेका थिए । ऐतिहासिक, साँस्कृतिक तथा प्राकृतिक महत्व बोकेको चन्द्रागिरि डाँडामा चन्द्रागिरि हिल्स लिमिटेडले भालेश्वर महादेव मन्दिर, सत्तल, भ्यू टावर, चिल्ड्रेन पार्क र सेमिनार हललगायतका पूर्वाधार निर्माण गरेर चन्द्रागिरि डाँडालाई एकीकृत पर्यटकीय गन्तव्यको रूपमा विकास गरिरहेको छ ।

# नयाँदिल्लीमा मिनापको भव्य प्रस्तुती



काठमाडौं । जनकपुरको मिथिला नाट्यकला परिषद् (मिनाप)ले नयाँदिल्लीमा आफ्नो कलाको प्रर्दशनी गरेको छ । भारत सरकारद्वारा नयाँदिल्लीको मंडिमा आयोजित कार्यक्रममा जानकी लीलाको प्रस्तुती देखाइएको हो । कलाकारहरूले गीति नाटकमार्फत् जानकीको जन्मदेखि विवाहसम्मको सम्पूर्ण वृत्तान्तबारे आफ्नो प्रस्तुती देखाएका थिए । उक्त गीति नाटकमा जानकी जन्मपूर्व मिथिलामा परेको अनिकालका कारण वर्षात्को कामना गर्दै राजा जनकले गरेको 'हलेष्ठी यज्ञ'का कारण वर्षा भएको लगायत रामजानकीको विवाह पश्चात् कोहवरसम्मको प्रस्तुति देखाइएको थियो ।

नेपालबाट जानकी लिलाको पहिलो मञ्चनका निमित्त दिल्लीमा प्रतिनिधित्व गरेको मिनापले राजस्थान, जयपुरमा समेत आफ्नो प्रस्तुतीका दिने मिनापका पूर्व अध्यक्ष सुनील मल्लिकले जानकारी दिए । यस अन्तर्राष्ट्रिय 'रामलीला' महोत्सवमा भारतसहित नेपाल, श्रीलंका र थाइल्याण्डका रंगकर्मीहरूको सहभागिता छ । जानकीले भारत र नेपालबीच धार्मिक, सांस्कृतिक र सामाजिक सम्बन्ध जोडेकोले रामलीला महोत्सवमा 'जानकीलीला' मञ्चन गरिएको पनि मल्लिकले बताए ।




## लेख/रचना तथा प्रतिक्रिया पठाउन आग्रह

**मधेशको समसामयिक विषयमा लेख/रचना पठाउन तथा मधेशवाणीमा प्रकाशित समाचार, विचार वा अन्तर्वार्ताबारे आफ्नो प्रतिक्रिया निम्न ठेगानामा पठाउन पाठकवर्गमा अनुरोध गरिन्छ ।**

Email : madheshvani@gmail.com
Facebook : facebook.com/madhesh vani
Twitter : twitter.com/madheshvani

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं